मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

रात्री

संचेतना द्वैमासिक

अंक ४०
चैत २०५८
(April 2002)

- किन बढ्दै छ माओवादीको क्रुरता ?
- संविधान संशोधन, संविधान सभा या यथास्थिति ?
- कनकपट्टी र बनरझुल्ला काण्ड
- संकटकाल र रात्री बस मजदूर



यस्तो कतिञ्जेल ?

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १०, अंक ४०, चैत ०५८

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

साजसज्जा एवं आवरण
गीता माली / गोविन्द त्रिपाठी

फोटो
इन्सेक
विमलचन्द्र शर्मा

व्यवस्थापन
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं
फोन : २७५६९७

पत्राचार
पत्र मञ्जुषा : २७२६
फोन : २७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

विषय-सूची

कविता
- जीउँदा लाशमाथि गिद्धहरु / ३

राष्ट्रिय सन्दर्भ
- संविधान संशोधन, संविधान सभा या यथास्थिति ? / ४

सवाल
- किन बढ्दै छ माओवादीको क्रुरता ? / ७

गठन
- जन्मदै चुनौती र विवादको घेरामा महिला आयोग / १०
- महिला आयोगलाई सम्पूर्ण महिलाको छहारी बनाउने छौं (डा. दुर्गा पोखरेल) / १२
- दलित आयोग कसरी अघि बढ्ला ? / १३
  - विधेयक नै दलित आयोगको मेदरुदण्ड हो (पद्मसिंह विश्वकर्मा) / १४
  - आयोग "वाचडग" समेत बन्नुपर्छ (जीतु गौतम) / १५

बालश्रम
- उत्पादन गर्ने मुहान बन्द गरिनु पर्छ / १७

रिपोर्ट
- भण्डारा काण्ड / २०
- कनकपट्टी बेलौनी बलात्कार काण्ड / २४
- पतनुका बनरझुल्ला बोक्सी काण्ड / २६

सर्वेक्षण
- संकटकालीन अवस्था र रात्री बसका मजदूर / २९

व्यंग्य
- मेकअपमा ब्यस्त संकटकाल / ३२

नव वर्ष

२०५९ को उपलक्ष्यमा
समस्त
मानवअधिकारकर्मीमा
हार्दिक शुभ-कामना !

- सुबोधराज प्याकुरेल, महासचिव तथा इन्सेक परिवार

यस्ता कारवाही बन्द गरियोस् !

आज देश असह्य संकटको डीलमा उभिएको छ। देश र जनताले तवाही, मात्र तवाही भोग्नु परेको छ। कतै राजनीतिक उन्मादका कारण, कतै सत्ता उन्मादका कारण निर्दोष जनता मारिएका छन्, हिंसा-प्रतिहिंसाको शिकार बनेका छन्। आगोको लप्कामा मानव-सपना जलेको छ। भविष्य निषेधित छ, मानवीय भावना निषेधित छ। मानवीय चिन्तन र सिर्जना निषेधित छ। र, निषेधित छन्-कलम र कापीहरू, मसी र अक्षरहरू, जिन्दगीका रूप-रेखाहरू।

यतिखेर मुलुकमा संकटकाल बहाल छ। संकटकालको औचित्यको पक्ष-विपक्षमा आ-आफ्ना तर्क हुन सक्छन्। तर पनि, सच्चाई के हो भने-जुन मुलुकका जनतालाई 'कर्फ्यू' के हो भन्ने समेत थाहा छैन, 'कर्फ्यू' समेतको गम्भीरतालाई बुझेका छैनन् र 'कर्फ्यू' लागेको क्षणमा समेत आमाहरू आ-आफ्ना नानी च्यापेर तैनाथ सुरक्षाकर्मीलाई हेर्न आउँछन्, त्यस मुलुकमा संकटकाललाई कसरी व्यवस्थित गर्ने भन्ने बारे सरकारले गम्भीरतापूर्वक सोच्नै पर्छ र त्यसतर्फ पाइला चाल्नै पर्छ।

जुनरूपमा घटनाहरू प्रकाशमा आइरहेका छन् र जुनरूपमा तथ्यहरू बकिरहेका छन्-संकटकाल आम जनताका लागि कष्टकर बन्न थालेको छ। निर्दोष जनता चेपुवामा परेका छन्, कतै राज्य पक्षबाटै यातना खप्न बाध्य भएका छन्, कतै विना कसूर हिंसाका शिकार भएका छन्, कतै धडपकडमा परेका छन् र कतै थुनिएका छन्। तर पनि किन सरकार यस तथ्यप्रति संवेदनशील छैन ? र, यस्ता गल्तीलाई इमान्दारीपूर्वक सच्याउन तत्पर छैन ? जबकि, यी सवालमा अन्य राजनीतिक दलसँगै सत्तारूढ दलले समेत प्रश्न उठाइरहेका छन्। जवकि, यी सवालमा मानव अधिकार संस्थाहरूसँगै नागरिक समाजले पनि पटक-पटक सरकारको ध्यानाकर्षण गरेका छन्। आम जनताको पीडाप्रति उदासिन रहेको सरकारले बुझ्नुपर्छ-जनताको विश्वास आर्जन नगरी कुनै पनि समस्याको संकटमोचन हुँदैन।

आज ढल्दैछन् आमजनताका वर्षौंदेखि साँचेका सपनाका सगरमाथाहरू। एक कारवाहीमा सिंगो निर्माण क्षणभरमा समाप्त हुन्छ, तर निर्माणका लागि भने लाखौं शब्दहरूको सञ्जाल लामो समयसम्म तयार गर्नु पर्ने हुन्छ। किन संवेदनहीन छ माओवादी नेतृत्व लाखौं जनताको पीडाप्रति ? र, किन रमाउँदै छ त्यो परपीडक संस्कृतिमा ? के आमजनता नै माओवादीका "वर्ग शत्रु" हुन् ? आज सम्पूर्ण देश, सम्पूर्ण जनता माओवादी नेतृत्व समक्ष यही यक्ष प्रश्न उठाइराखेका छन्।

राजनीतिक-रणनीतिक स्वार्थ पूर्तिको सवालमा आमजनतालाई ढाल बनाउनु, भजाउनु र पिस्नु, तिनको हीतमाथि प्रहार गर्नु र तिनको भविष्यमा पूर्णविराम लगाउनु राजनीति होइन क्षुद्र खेल मात्र हो। यो "खेल"को जनराजनीतिसँग कुनै साइनो रहँदैन। राजनीति जनताबाटै उठ्छ, जनतामाझ नै हुर्कन्छ र जनताकै समर्थन र सहयोगमा त्यसले आफ्नो लक्ष्य प्राप्त गर्दछ। तर जब कोही, राजनीतिलाई कोर्राको रूपमा प्रयोग गर्छ र जनताकै ढाडमा नीलडाम बसाउँछ त्यस राजनीतिको नियती भनेको पानी-फोका सरह फुटेर बिलाउनु नै हो।

राजनीतिक अराजकता र उग्रता हावी भएको बेला गम्भीर गल्तीहरू हुन पुग्छन्। गाविस भवन, दूर संचार, हुलाक, मालपोत, स्वास्थ्य सेवा, खानेपानी, जलविद्युत परियोजना जस्ता निकायहरू जुनरूपमा माओवादी आक्रमणको तारो बनेका छन्, के कुनै पनि अर्थमा यसलाई न्यायोचित मान्न सकिन्छ ? जनताका दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने यी निकाय माथिको हमलाले आमजनतामा अपार पीडा थोपरेको छ। एकातर्फ जनता माथि गरिबी, अभाव र बेरोजगारी र थिचोमिचो थोपर्ने कानूनी सत्ता छ भने अर्कोतर्फ त्यही पीडामा नून-चुक लगाउने माओवादी नेतृत्व छ। जाँतोमा घुन पिसिएझैं जनता पिसिनु पर्ने नियती किन ?

माओवादीहरूले जनतामा आधारित राजनीति गर्नु छ, जनताकै लागि राजनीति गर्नु छ र जनताको स्वार्थ नै आफ्नो एक मात्र स्वार्थ भएको पुष्टी गर्नु छ भने तत्काल गल्तीलाई सच्याई यस्ता जनविरोधी कारवाही फिर्ता लिनु पर्छ। जनताप्रति अलिकति पनि जिम्मेवारी बोध छ भने, तिनको भविष्यप्रति अलिकति पनि चिन्ता छ भने र जनतालाई पीडा मुक्त बनाउने अलिकति पनि कर्तव्यबोध छ भने, माओवादी नेतृत्वले तत्काल यस्ता विध्वंसक कारवाही फिर्ता लिनु पर्छ। आखिर, यिनै आमजनताका माझबाट नै भविष्यका नेता जन्मन्छन्, भविष्यका स्रष्टा जन्मन्छन्, भविष्यको आन्दोलन जन्मन्छ र भविष्यको बागडोर थाम्ने हातहरू पनि यिनकै हुन्छन्।

भनिन्छ, जुनसुकै बादलमा चाँदीको घेरा हुन्छ। सम्पूर्णजसो राजनीतिक दल, मानवअधिकार संस्था, संघ-संगठन र नागरिक समाजको माग र आग्रहलाई स्वीकार गरेर, एस.एल.सी. परीक्षाको घडीमा गर्ने भनिएको जुन पाँच दिने 'बन्द' थियो, त्यसलाई माओवादी नेतृत्वले अन्ततः फिर्ता लिनुलाई एक सकारात्मक कदमको रूपमा लिनु अतिशयोक्ति नहोला। आगामी दिनमा पनि माओवादी नेतृत्वले जनताको आवाजको कदर गरोस् र आम जनता तथा राष्ट्रमाथि पीडा थोपर्ने कुनै पनि किसिमको काम-कारवाहीबाट आफूलाई मुक्त राखोस्-आजको आग्रह यही हो। यसबाहेक, सरकार र माओवादी पक्ष दुवैले 'टेक' नलिएर राष्ट्र र जनताको पक्षमा समस्या समाधानका खातिर वम-गोला र बारूदका माझ पनि शान्तिको बीज खोज्ने प्रयासलाई पुनः अगाडि बढाउन्-आजको आवश्यकता यही हो।

जीउँदा लाशमाथि गिद्धहरू

रेशम विरही

हिमालको काख भन्नुको अर्थ
जीउँदा लाशहरुको बथान

म देख्दैछु -
जीउँदा लाशमाथि गिद्धहरु
लाशहरुको जुलुसबाट माथि उठेका
२ लाशहरुमाथि नै ठुँडा गाढेर
मानिसको आकृतिमा गिद्धहरु

आकाशको एक चोइटो नीलो रंग
पङ्ग उडेको बिहान जस्तै
धमिलिंदै गएका दिनहरु
मस्त निद्रामा लमतन्न सुतेको समय
गिद्धहरुको पखेटाबाट
उठेको हुरी बतास
बादल २ झरीपछि
उघ्रिएको बिहान जस्तै

साम्य, शान्त २ ल्कान्त मानिस
आद्रनै अंगमा ठुँडा गाड्दा
ऐककया, आत्थु, दुख्यो केही नबोली
एकाग्र आकाशतिर टोलाएर
एउटा सूर्यको दुत्रगे हेर्दै,
हिमालको काख भन्नुको अर्थ
लमतन्न सुतेको समयमा
व्यतित् मान्छेहरुको बथान ।

म देख्दैछु-
मानिसहरुको सिरानी मुनि
भूकम्प उम्रिएको छ ।
२ लाशहरुको जुलुसबाट
माथि उडेका गिद्धहरु
ठुँडा गाढेर मानिसहरुको निधारमा
छेडेर सिरानी मुनिका
भूकम्पका दुसा उखेल्न
रक्षकको कवचमा भक्षकहरु
हिमालको काख भन्नुको अर्थ
भूकम्पको सिरानीमा निदाउने
मानिसहरुको भीड ।

हिमालको काख भन्नुको अर्थ
संवेदनाको तलाउमा पौडी खेल्ने
संवेदित मानिसहरुको स्वर्ग
२ बिस्तारै अनुदित हुँदै गएको
हिमालको काख भन्नुको अर्थ
संवेदनाको तलाउ सुकेर
छट्पटाएका माछा जस्ता
समवेत संवेदनामा निदाएका
मानिसहरुको कुण्ड ।

निर्विघ्न मनहरुको
गुजुल्टोमा जेलिएको-
एउटा आकृति २ इतिहास
क्षत्-विक्षत् हुने भयले
मानिसहरु रुने गर्दछन्
'गिद्धहरुको ठुँडो
२ पखेटाको हावासंग
द्वन्द्व ÷ प्रतिद्वन्द्वको
लामो २ अविरल समय
इतिहासको वर्तमान कालखण्ड
अनगिन्ती लाशहरुको चाङमाथि
विचार उम्रिएर हलक्क
आचार कुहिएर लाश झैं डुङ्डुङ्ती
औंधी असंगत परिस्थितिमा
समय कति सुत्न सकेको होला ?
२ गिद्धहरुको जुलुसले आकाश
सूर्यका खुट्टाहरु भाँचेर अन्धकार
हिमालको काख भन्नुको अर्थ
द्वन्द्वको ठेलीमा सिरानी राखेर
निर्द्वन्द्व निदाउने मानिसहरुको
गुट÷उपगुट

हिमालको काख भन्नुको अर्थ
जीउँदा लाशहरुको बथान ।

म देख्दैछु- जीउँदा लाशमाथि गिद्धहरु
म भोग्दैछु-जीउँदा लाशमाथि गिद्धहरु ।

❑

संविधान संशोधन, संविधान सभा वा यथास्थिति ?

—— विजय चालिसे ——

मुलुक संविधान संशोधनको दिशामा अग्रसर भएपछि यसका पक्षविपक्षमा छलफल प्रारम्भ हुनु स्वभाविक हो । यही क्रममा अहिले तीनवटा दृष्टिकोणहरू बहिर आएका छन । संविधानमा आवश्यक संशोधन गरेर मुलुकको वर्तमान संकटसमाधान गर्नु पर्छ भन्ने पहिलो दृष्टिकोण राख्नेहरुको संख्या जनप्रतिनिधित्वका हिसाबले समेत अत्यधिक बहुमतमा देखिएको छ।

२०४६ सालको राष्ट्रिय जनआन्दोलनका उपलब्धिहरुको रक्षा गर्दै अधिकतम सुधारको पक्षमा रहँदैआएको नेकपा एमालेले एकवर्ष अघि नै पार्टीगत निर्णय गरेर संविधानमा आवश्यक सुधारको औपचारिक प्रस्ताव पारित गरेको हो। लामो सोचविचार पश्चात सत्तारुढ नेपाली कांग्रेसको पार्टी सभापति लगायतको बहुमतले पनि अहिले संविधान संशोधन बाहेक वर्तमान संकटको अर्को निकास नभएको निष्कर्षमा पुगी भखरै पार्टीबाट यसको पक्षमा सर्वसम्मत निर्णय गरेकोछ । जनआन्दोलनका प्रमुख शक्ति हुनुका साथै निर्वाचनको माध्यमबाट दुई तिहाईभन्दा बढी लोकप्रिय जनमत प्राप्त गर्ने यी दुई दलको अभिमत संसदीय जनमतको सशक्त प्रतिनिधित्व समेत भएको हुँदा समग्र राष्ट्रको भावना संविधानको संशोधनको पक्षमा रहेके स्पष्ट अभिमत देखिन्छ ।

यसका अतिरिक्त संसदमा प्रतिनिधित्व गर्ने संसददीय प्रणालीका पक्षपाती राष्ट्रिय प्रजातन्त्र पार्टी तथा नेपाल सद्भावना पार्टी समेत संविधानको आवश्यक संशोधन गरेर मुलुकमा विध्यमान संकटसमाधान गर्ने पक्षमा दृढ देखिएका छन्। नेकपा माओवादी बाहेकका अन्य वामपन्थी दलहरु समेतले २०४६सालको जनआन्दोलनबाट प्राप्त सीमित प्रजातान्त्रिक अधिकारको रक्षका लागि वर्तमान संविधानको संशोधन गरेर अधिकतम लाभ लिनुपर्ने कुरामा सहमति प्रकट गरेका छन् ।

दश वाम पार्टी प्रतिनिधिहरुको बैठकमा २०४ ६सालका उपलब्धिहरुलाई जगेर्ना गर्ने र जनताको सार्वभौम सत्तालाई अझ सुदृढ तथा प्रभावकारी पार्ने दिशामा आवश्यक संशोधन गर्न वामपन्थीहरु एकताबद्धभएर जानुपर्ने भनी निकालेको निष्कर्षलाई यसको दृष्टान्त मान्न सकिन्छ । दोश्रो दृष्टिकोणमा आफूलाई आमूल पीवर्तनका पक्षपाती भएको दावी गर्नुका साथै वर्तमान संविधानलाई पूर्णतः अस्वीकार गर्दै आएका नेकपा माओवादीहरू संविधान सभाको पक्षमा रहेका छन् ।

नेपाली कांग्रेसको एउटा सानो हिस्साका साथै जनआन्दोलनको सफलता पछि तिनै आन्दोलनकारी शक्तिहरूले संविधान मस्यौदा गर्नका लागि पठाएका प्रतिनिधि मध्येका केही र न्याय क्षेत्रका अरु केही व्यक्ति ऐन कानुको माध्यमबाटै आवश्यक सुधार संभव भएकोले संविधान संशोधन आवश्यक छैन भन्ने धारणा प्रकट गरिरहेका छन् । यथास्थितिमै अघिबढ्नु पर्ने र संशोधन गर्ने नै हो भने माओवादीलाई पनि चित्त बुझ्ने गरी संशोधन हुनुपर्ने यो तर्क र धारणालाई पूर्वव्यवस्थाका केही हिमायतीहरूको पनि समर्थन रहेको देखिएको छ। वर्तमान नेपाल अधिराज्यको संविधान राजा, नेपाली कांग्रेस र वामपन्थी राजनीतिक शक्तिको सहमतिको दस्तावेज भएकोले संशोधनमा राजाको पनि सहमति आवश्यक रहेको र यसै अनुरुपको राष्ट्रिय सहमति बन्नुपर्ने अर्को खाले धारण पनि अगाडि ल्याइएको छ ।

राजनीतिक दलहरुका धारणा

यसैबीच प्रतिपक्षी दलहरुको माग अनुसार सत्तारूढ दलका तर्फबाट संकटकाल अनुमोदन गर्ने क्रममा संसदमा उठाइएका संविधान संशोधन, भ्रष्टाचार नियन्त्रण र मन्त्रीको संख्या कम गर्ने सम्बन्धी विषयका साथै संसदमा व्यक्त अन्य विषयहरुको यथाशीघ्र कार्यान्वयन गर्न प्रधानमन्त्रीलाइ अनुरोध गरिएको छ। संकटकालको अनुमोदनका क्रममा कांग्रेस सभापति कोइरालाले राष्ट्र साम्‌ देखिएका समस्या समाधान गर्न संविधान मान्ने शक्तिहरू एक हुनुबाहेक अर्को विकल्प नभएको र संविधानको कतिपय व्यवस्थामा सुधार एवम् परिमार्जन गर्न सबै तत्पर हुनुपर्ने धारणा प्रस्तुत गर्दै यसका लागि पार्टीको तर्फबाट प्रतिबद्धता प्रकट गर्नुभएको थियो । प्रधानमन्त्रीले पनि त्यसै बेला सरकारको तर्फबाट यसका लागि वचनबद्धता प्रकट गर्नुभएको हो ।

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले संसदमा पिछडिएका वर्गका लागि आमूल परिवर्तनकारी,ठोस र समयबद्ध कार्यक्रम, निर्वाचन स्वच्छ, निष्पक्ष बनाउन निर्वाचन सरकारको गठन, एवं अन्य आवश्यक व्यवस्था मिलाउन प्रधानमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय समिति अन्तर्गत उपसमितिको प्रतिवेदन कार्यान्वयन गर्न,सांसद् संख्याको दश प्रतिशत मात्र सदस्य भएको सरकार गठन गर्ने लगायतका कामका लागि संविधानको संशोधन गर्न पार्टीको प्रतिबद्धता प्रकट गर्नुभएको थियो। प्रधानमन्त्रीय प्रणालीलाई बलियो बनाउनका लागि पनि संविधानको संशोधन आवश्यक रहेको उहाँले बताउँदै आउनुभएको छ ।

यस पछि सरकारले संविधान संशोधनका बारेमा पार्टीहरुको आधिकारिक धारणाका साथै कार्यदल निर्माणका लागि दुई-दुईजना प्रतिनिधि पठाउने आग्रका साथ प्रेषित पत्र अनुसार अहिले संसदमा प्रतिनिधित्व गर्ने तीनवटा दलहरुले आ-आफ्नो दलका आधिकारिक धारणा सहित प्रतिनिध खटाइसकेका छन् भने नेपाली कांग्रेसले भखरै संशोधनका बुँदाहरुबारे पार्टीमा निर्णय गरे पनि प्रतिनिधि भने अझै पठाएको देखिदैन। संशोधन प्रस्ताव तयार गर्न गठित केन्द्रीय सदस्य महन्थ ठाकुर समितिले नै यसको प्रतिनिधित्व गर्ने संभावना रहे पनि आधिकारिक रुपमा यसको जानकारी दिइएको छैन

संसद्मा प्रमुख प्रतिपक्षी दल नेकपा एमालले कार्यदलका लागि यस अघि नै सात

नेपाली कांग्रेसको एउटा सानो हिस्साका साथै जनआन्दोलनको सफलता पछि तिनै आन्दोलनकारी शक्तिहरूले संविधान मस्यौदा गर्नका लागि पठाएका प्रतिनिधि मध्येका केही र न्याय क्षेत्रका अरु केही व्यक्ति ऐन कानुको माध्यमबाटै आवश्यक सुधार संभव भएकोले संविधान संशोधन आवश्यक छैन भन्ने धारणा प्रकट गरिरहेका छन् । यथास्थितिमै अघि बढ्नु पर्ने र संशोधन गर्ने नै हो भने माओवादीलाई पनि चित्त बुझ्ने गरी संशोधन हुनुपर्ने यो तर्क र धारणालाई पूर्वव्यवस्थाका केही हिमायतीहरूको पनि समर्थन रहेको देखिएको छ ।

बुँदाको संशोधन विषयक आधिकारिक धारणाका साथै स्थायी समिति सदस्य भरतमोहन अधिकारी र केन्द्रीय सदस्य सुभाष नेम्वाङलाई प्रतिनिधि खटाइसकेको छ । एमालेले आफ्नो तर्फबाट संविधान सुधार विधेयकको मस्यौदा नै तयार गरिसकेको र आवश्यक परेमा कुनै पनि बेला प्रस्तुत गर्ने जानकारी समेत दिंदै आएको छ ।

एमालेको आधिकारिक धारणाका बुँदाहरुमा निर्वाचनलाई स्वतन्त्र,निष्पक्ष,तथा धाँधली रहित ढंगले स्वतन्त्ररुपमा सम्पन्न गर्न निर्वाचन सरकार,देशमा साढे अप्ठेरो स्थिति उत्पन्न भई एउटामात्र राजनीनिक दलले शासन चलाउन नसक्ने अवस्थामा सबै राजनीतिक दल मिलेर समस्या समाधान गर्ने संयन्त्र, भ्रष्टाचार नियन्त्रण गर्न संविधानमैं स्पष्ट व्यवस्था, अधिकार सम्पन्न संयन्त्रको व्यवस्था, भ्रष्टाचारमा कसैले पनि उन्मुक्ति पाउन नसक्ने गरी संवैधानिक निकायका पदाधिकारीहरुमाथि पनि कार्वाही हुने र यस्ता पदहरुको नियुक्तिमा सार्वजनिक सुनवाइको व्यवस्था, हालको अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार संपन्न तथा प्रभावकारी बनाउन संविधानमा उपयुक्त व्यवस्था र प्रावधान राख्नुपर्ने धारणाहरू प्रस्तुत गरेको छ ।

साथै स्थानीय निकायलाई स्वायत्त, सक्षम र सबल बनाउन संविधानमैं व्यवस्था गरी केन्द्रीय सरकारले लिइरहनु पर्ने अधिकार बाहेकका अन्य अधिकार स्थानीय निकायलाई दिनुका साथै सरकारी सेवा र सरकारको आर्थिक दायित्व रहने कुनै पनि संस्थान,समिति,बोर्डजस्ता निकायमा गरिने नियुक्ति र बढुवा लगायतका विषयमा लोकसेवा आयोगलाई निर्णायक बनाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने,कुल सांसद् संख्याको दश प्रतिशत मात्र हुने गरी मन्त्रीमण्डलको व्यवस्था गर्ने, २०५२ भदौ १२ पछि कमजोर भएको महसुस गरिएको प्रधानमन्त्रीय पद्धतिलाई बलियो बनाउने र संवैधानिक निकाय,राजदूत लगायतका राज्यका महत्वपूर्ण ओहदामा हुने नियुक्तिलाई सार्वजनिक सुनवाईको विषय बनाउन तथा नागरिकता ससमस्याको स्थायी समाधानको लागिउपयुक्त व्यवस्था गर्ने जस्ता पक्षमा संविधानमा आवश्यक सुधार र संशोधन गरिनुपर्ने आधिकारिक धारणा एमालेले पेश गरेको छ। नेकपा एमालेले निश्चित समयसम्म संसदीय निर्वाचन क्षेत्र परिवर्तन नगर्ने र प्रतिनिधि सभाका साथै राष्ट्रिय सभाको सदस्य संख्या घटाएर छिटोछरितो बनाउने धारणा पनि प्रकट गर्दै आएको छ ।

त्यस्तै संसदमा तेश्रो ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टीले नागरिकता, विकेन्द्रीकरण, निष्पक्ष चुनावी सरकार र आरक्षण जस्ता पाँचवटा कुरामा संशोधन हुनुपर्ने धारणा सहित डा.प्रकाशचन्द्र लोहनीलाई आफ्नो प्रतिनिधि तोकेको छ। नेपाल सद्भावना पार्टीले संविधानको धारा ८ को नागकिता विषयमा संशोधनको माग सहित हृदयेश त्रिपाठीलाई आफ्नो प्रतिनिधि पठाएको छ।

नेपाली कांग्रेसले भर्खरै संविधान संशोधनको पक्षमा निर्णय गरेर पार्टीले संशोधनका बारेमा पार्टीको धारणा तयार गरी संशोधनका बुँदाहरु तय गर्न महन्थ ठाकुरको संयोजकत्वमा गठित संविधान सुधार सुझाव समितिको सुझावहरु प्रधानमन्त्रीलाई हस्तान्तरण गरेको छ। हस्तान्तरण गरिएको सुझाव प्रतिवेदन आधिकारिक रुपमा सार्वजनिक नगरिए तापनि नेपाली कांग्रेसको संविधान सुधार तथा संशोधन प्रस्तावसम्बन्धी धारणामा २२वटा बुँदा रहेका छन् ।

सार्वजनिक नगरिए तापनि सञ्चार माध्यमहरुमा आएका जानकारी अनुसार नेपाली कांग्रेसको आधिकारिक धारणामा प्रत्येक बीस-बीस वर्षमा पुलरावलोकन गर्ने गरी प्रतिनिधि सभा र राष्ट्रिय सभाको सांसद् संख्या घटाएर क्रमशः १५५ र ३५ कायम गर्ने,प्रधानमन्त्रीको अध्यक्षतामा रहने राष्ट्रिय सुरक्षा परिषद्मा सुरक्षासंग सम्बद्ध सबै निकायका मन्त्रीहरु र प्रमुखहरु समावेश गरी पुनर्संरचना गर्ने, संवैधानिक निकायलाई पारदर्शी बनाउन प्रधानन्यायाधीश र संवैधानिक अङ्गका प्रमुखहरुको नियुक्तिमा सार्वजनिक सुनवाइ र यी सबै निकायहरुका सदस्यहरुको नियुक्तिमा संसदीय सुनवाइ गरी संवैधानिक परिषद्ले सिफारिस गर्ने, निष्पक्ष निर्वाचनका लागि प्रतिनिधि सभाको चुनाव मिति घोषणा भएको मितिले सातदिन भित्र बहाल रहेको प्रधानमन्त्रीले दलीय उपस्थितिको आधारमा १५ सदस्यीय सर्वदलीय मन्त्रीपरिषद् गठन गर्ने र त्यसमा स्वतन्त्र सांसद्लाई पनि समावेश गर्न सकिनेव्यवस्था संविधानमा गरिनु पर्ने राय पेस गरेको बताइन्छ ।

यस्तै मन्त्री परिषद्को आकार घटाउन कुल सांसद् संख्याको १० प्रतिशत अर्थात २५ सदस्य कायम गर्ने र राष्ट्रिय सभाबाट अनिवार्य रुपले एकजनाको प्रतिनिधित्व गराइनु पर्ने तथा नागरिकता समस्याको स्थायी समाधान गर्न २०३६सालको जनमत संग्रहको मतदाता सूचीमा नाम समावेश भएका सम्पूर्ण व्यक्तिलाई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था संविधानमा गर्ने नेपाली कांग्रेसको सुझाव प्रमुख रुपमा रहेको बताइएको छ। साथै प्रधानमन्त्री पद्धतिलाई बलियो तुल्याउने, स्थानीय निकायलाई संविधानमैं व्यवस्था गरी विकेन्द्रकरणलाई संस्थागत गर्ने, जनजाति, महिला, दलित, पछ्राडि परेकाहरुका लागि थप व्यवस्था गर्ने लगायतका विषयहरु पनि प्रतिवेदन सुझावमा समावेश गरिएका छन् ।

कांग्रेसभित्रको विवाद

सत्तारुढ दल नेपाली कांग्रेसले संविधान संशोधनको पक्षमा सर्वसम्मत निर्णय लिएको देखिए पनि पार्टीका प्रभावशाली नेता कृष्णप्रसाद भट्टराई र अन्य पक्षहरुको प्रभावको दबावमा रहनुभएका प्रधानमन्त्री देउवा र उहाँको मन्त्रीपरिषद्का सदस्यहरुले यसलाई लम्ब्याउने प्रयास गर्ने संभावना समेत प्रबल देखिंदै छ । भट्टराई र मन्त्री मण्डलका बरिष्ठमन्त्रीहरुले संविधानको संशोधन आवश्यक नरेहेको बताउँदै यसतर्फ उदाशीनता देखाएबाट यो आशंका अस्वभाविक पनि मान्न सकिंदैन ।

सुरुमा संविधान संशोधनको पक्षमा नदेखिनुभएका पार्टी सभापति कोइरालाले अन्ततः यसो नगरी मुलुकले संकटबाट मुक्ति पाउननसक्ने निष्कर्षमा पुग्नुभएर संकटकालको अनुमोदनपूर्व प्रतिपक्षीहरुको मागअनुरुप व्यापक सुधार र त्यसका लागि संविधानमा आवश्यक संशोधन गर्न पार्टी प्रतिबद्ध रहेको संसदमार्फत नै प्रतिबद्धता जनाउनुभयो । त्यतिबेला प्रधानमन्त्री शेरबहादुर देउवाले पनि आफ्नो पार्टी र प्रतिपक्षी दलहरुको धारणा अनुसार संसदको यही अधिवेशनबाटै प्रक्रया प्रारम्भ गरेर टुङ्ग्याउने सरकारको प्रतिबद्धता व्यक्त गर्नु भएको हो । त्यस पछि संशोधनको आवश्यकता नरहेको भन्ने स्वरहरु बाहिर आउन थाले पछि प्रधानमन्त्रीले यसका लागि नागरिक समाज र अन्य पक्षसंग समेत छलफल गरी राष्ट्रिय सहमति कायम गर्नुपर्ने भएकोले यो अधिवेशनमा नै यसबारे प्रस्ताव नआउन सक्ने संभावना प्रकट गर्नथाल्नुभयो ।

सरकारका प्रभावशाली मन्त्रीहरुका तर्फबाट सार्वजनिक रुपमा संविधानमा संशोधन आवश्यक नरहेको आभिव्यक्तिहरु आउन थालो फलतः प्रतिपक्षी दलहरुबाट त्यसको तीब्र विरोध भयो । स्वयम् सत्तारुढ दलका नेताहरुले पनि यसलाई प्रधानमन्त्रीलाई संसदमा आफ्नै सभापतिले व्यक्त गर्नुभएको प्रतिबद्धता र पार्टीले दिएको निर्देशन पूरा गर्ने दिशाबाट विचलित हुनथाल्नुभएको आरोप लगाए । सत्तारुढ दलका सहमहामन्त्री गोविन्दराज जोशीले संसदमैं एउटा प्रतिबद्धता जनाएर बाहिर अर्कै भाषण गर्न थालेको भन्दै प्रधानमन्त्रीको विश्वसनीयतामाथि प्रश्न उठाउनु भयो। उहाँको प्रश्न थियो सत्ता पक्ष,प्रमुख विपक्ष लगायत सबै दलको सहमति भएको

विषयमा उहाँ राष्ट्रिय सहमति खोज्न कहाँ जान लाग्नुभएको हो ? उहाँको राष्ट्रिय सहमति कहाँबाट आउँछ ? संविधान संशोधन गर्ने हैसियत र अधिकार सांसद्लाई मात्र भएकोले बाहिरबाट आएका विरोधको स्वर बेठीक भएको उहाँको दाबी थियो।

प्रतिपक्ष र सत्तारुढ दलबाट समेत प्रधानमन्त्री आफ्नो प्रतिबद्धताबाट विचलित भएको र संविधान संशोधनको बारेमा आवश्यक प्रक्रिया तत्काल सुरु नगरे कडा विरोधमा उत्रने चेतावनी पश्चात बरिष्ठ मन्त्री चिरिञ्जिवी वाग्लेले प्रतिनिधि सभामा प्रधानमन्त्री आफ्नो प्रतिबद्धताबाट पन्छनु भएको छैन र चाँडै नै संशोधननको प्रक्रिया थालिने बताउनुभए पछि संसद बल्ल आश्वस्त भएको देखिएको छ ।

यथास्थितिवादी तर्कहरू

नागरिक समाजका नाउँमा संविधानविद् मानिनुहुने कानुनविद्हरुबाट यसै बीच केही धारणा आएकाछन् । यिनमा संकट कालमा जनताका अधिकार निलम्बित भएको अवस्थामा जनभावना बुझ्न नसकिने भएकोले अहिले संविधान संशोधन गर्न नहुने भन्ने प्रमुख भनाइ देखिएको छ । त्यस्तै राजनीतिक उद्देश्यका लागि संशोधन गर्न नहुने,पार्टीहरुका धारणाअनुरुप गरिने संशोधनबाट माओवादी समस्या समाधान हुन नसक्ने,मूल समस्यासमाधान गर्नका लागि संशोधन हुनुपर्ने जस्ता अन्य धारणा बाहिर आएका छन् । अझ संशोधनमा श्री ५को पनि सहमति हुनुपर्ने खालका भनाइ पनि बाहिर आइरहेका छन् ।

संविधान स्वयम्मा राजनीतिक दस्तावेज हो र यसको निर्माण र संशोधन क्रान्ति, संकट र विद्रोहकै अवस्थामा हुन्छ । अहिलेको मूल संकट भनेको माओवादी समस्या नै हो । यसको जड गरीबी, अज्ञान, अशिक्षा, बेरोजगारी, अन्याय, असमानता, थिचोमिचो, भ्रष्टाचार, मूल्य र मान्यताको पालना नगर्ने प्रबृत्ति आदि नै हुन् । यी प्रबृत्तिहरूको सुधार गरी व्यापकरुपमा आर्थिक, सामाजिक तथा राजनीतिक सुधारका कदम चाल्नु अहिलेको माओवादी समस्याको समाधान गर्ने एउटा उपाय हो र यसका लागि संविधान संशोधन अनिवार्य देखिएको छ । यी विकृति र कमी-कमजोरीको सुधारबिना वर्तमान संकट र समस्याको समाधान संभव छैन ।

वर्तमान संविधान राष्ट्रिय जनआन्दोलनको राजनीतिक उद्देश्य प्राप्तिकै प्रतिफल भएको यथार्थले पनि संकटको बेलामा राजनीतिक उद्देश्यबाट संविधान संशोधन हुनु हुँदैन भन्ने भनाइमा गंभीरता रहेको अनुभव हुँदैन । त्यस्तै संसदमा प्रतिनिधित्व गर्ने दलहरूले त्यहाँ जनता कै प्रतिनिधित्व गरेको संसदीय मान्यता अन्यत्र पनि पाइन्छ । माओवादी र तिनका समर्थक एकदुई साना राजनीतिक दलबाहेक संसद बाहिरका सबै राजनीतिक शक्तिहरु समेत संशोधनको पक्षमा रहेको यथार्थले पनि अर्को राष्ट्रिय सहमतिको खोजीले यथास्थितिको चाहना बाहेक समस्याको खास समाधान खोजेको प्रतीत हुँदैन। संसदलाई संविधान संशोधनका लागि जनताको स्पष्ट अनुमोदन र जनादेश प्राप्त छ भन्ने मान्यता अनुसार नै संविधानको भाग १९ धारा ११६ मा संविधान संशोधनको स्पष्ट व्यवस्था छ । जसअनुसार "यस संविधानको प्रस्तावनाको भावनाको प्रतिकूल नहुने गरी संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संसदको कुनै सदनमा प्रस्तुत गर्न सकिने छ,तर यो धारालाई संशोधन गरिने छैन ।"

यसैको उपधारा २.१ ले यसरी "पेशभएको विधेयक संसदको प्रत्येक सदनमा सो सदनका संपूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाई सदस्य उपस्थित भई उपस्थित सदस्य संख्याको दुईतिहाई बहुमतबाट पारित भएमा श्री ५को स्वीकृतिका लागि पेश गरिने छ र श्री ५ बाट मौसूफसमक्ष पेशभएको ३० दिनभित्र त्यस्तो विधेयक स्वीकृत गर्ने वा पुनर्विचारका लागि आफ्नो सन्देशसहित उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सकिबक्सने छ" भन्ने स्पष्ट व्यवस्था रहेको छ । यसो हुँदा हुँदै पनि श्री ५ बाट सार्वभौम संसदलाई संविधानमार्फत प्रदत्त अधिकार विपरित संकटकालमा संविधान संशोधन गर्न नहुने र त्रिपक्षीय सम्झौता भएकोले राजाको पनि सहमति लिनुपर्ने भनेर श्री ५ लाई विवादमा तान्ने तथा संविधानको अधिकार कटौती गर्नेखालका प्रयास हुनुले मुलुकको जटिल समस्यालाई अरू जटिल तुल्याउने बाहेक कुनै योगदान गर्न नसक्ने स्पष्ट छ ।

आजको संसदीय तथा राजनीतक विकृति बढ्नमा २०५२ भदौ १२ गतेको सर्वोच्च अदालतले गरेको फैसलाद्वारा खोसिएको प्रधानमन्त्रीको अधिकार र हरेक राजनीतिक प्रश्नलाई अदालती निर्णयको बन्दी बन्न बाध्य हुनुपर्ने स्थिति निकै हदसम्म जिम्मेवार रहेका छन्। यसबाट प्रधानमन्त्रीय प्रणाली निरिह बनेको प्रष्ट हुँदाहुँदै फेरि अहिले संसदको अधिकार कटौती गर्ने खालका अभिव्यक्ति आउनुलाई आश्चर्य मान्नुपर्छ। संकटकाल वैधानिक प्रावधान अनुसार संसदबाटै अनुमोदन भएर लागुभएको तथा संसदका कुनै पनि अधिकार निलम्बित नभएकाले संसदलाई आफ्नो सम्पूर्ण कार्यव्यापार सम्पन्न गर्न वा संविधान संशोधनको कारवाही चलाउन मिल्दैन भन्ने तर्क आफैंमा निराधार र फितलो देखिन्छ ।

यस पृष्ठभूमिमा अहिले यथास्थितिको पक्षमा गरिने वकालतले परोक्षमा माओवादी समस्यालाई पनि यथास्थितिमा राखेर मुलुकको संकट लम्ब्याउने अभिष्ट लुकेको त छैन भन्ने अर्थ लाग्छ र यसले मुलुक र जनताको नभएर प्रतिगमनका स्वप्नजिवीहरूको हित मात्र संरक्षण हुने स्पष्ट छ ।

निचोड

जे होस् संविधान सभाको अभ्यासका क्रममा २०४६ सालमा प्राप्त भएका उपलब्धिहरु समेत गुम्नसक्ने राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति रहेको सन्दर्भमा संविधान सभाको माग आफैंमा उपयुक्त देखिदैन । संविधान संशोधन प्रक्रियाक्रममैं विभिन्न तत्वहरूले खेल्ने मौका पाउने र त्यसबाट जनआन्दोलनका उपलब्धिरू समेत कटौतीमा पर्नसक्ने आशंकालाई निराधार मान्न पनि सकिदैन। उता संविधान संशोधन नगरीकनै यथास्थितिमा बढ्नुबाट वर्तमान विकृतिहरू हट्ने संभावना रहँदैन । नियमकानुन बनाएर भ्रष्टाचार,अख्तियार दुरुपयोग र अन्य कुराहरुमा सुधार गर्न सकिन्छ भन्ने धारणा पनि वर्तमान संविधानका अष्पष्टता, संवैधानिक निकायका नियुक्तिहरूमा छानविन तथा कार्वाही गर्नमा वाधाका रुपमा रहेका कानुनी उन्मुक्तिको अवस्थाका कारण संविधान संशोधन नगरी संभव देखिदैन ।

यसर्थ संवैधानिक निकायका प्रमुखहरुका साथै राजनीतिक उच्चपदस्थ व्यक्तिहरुलाई कानुनको दायराभित्र ल्याउनका लागि पनि संशोधनको आवश्यकता रहेको स्पष्ट छ । भ्रष्टाचार, निर्वाचन अनियमितता,स्थानीय निकायको शसक्तिकरण,नागरिकताजस्ता कुराहरुमा अपेक्षित सुधार ल्याउन संविधानमैं संशोधन नभई सम्भव छैन । तसर्थ संविधानसभा र यथास्थितिका दुबै धारणा अहिलेको समय, परिस्थिति र जनचाहनाको अनुकूल देखिदैन । वर्तमान समस्या समाधन गरी मुलुकलाई विकृतिमुक्त तुल्याएर जनता र राष्ट्रको हितमा लाग्न तथा माओवादीलाई राजनीतिको मूल धारमा ल्याउने वातावरण निर्माण गर्न संविधान संशोधन बाहेक अर्को प्रभावकारी विकल्प नरहेको निष्कर्षमा सिंगो मुलुक पुग्नुका पछाडि पनि यिनै कारण रहेका छन ।

❑

किन बढ्दै छ माओवादीको क्रुरता ?

विष्णु रिजाल

❒ जीवनभर सुख-दुःखमा साथ दिने आफ्नो श्रीमानको आफ्नै आँखा अगाडि घाँटी रेटेर हत्या गरिँदा कुन नारी विक्षिप्त नहोलिन् ? तिनका लागि त्यो भन्दा ठूलो पीडा अरु के होला ? यस्तै पीडा बेहोर्नु पर्‍यो- दैलेख, लकान्द्रकी २० वर्षीया सावित्री थापाले । पाँच दिनकी सुत्केरी सावित्रीलाई कुर्न गोठमा बसेका उनका पति २१ वर्षीय जनक थापालाई मध्यरातमा आएको जत्थाले त्यहाँबाट बाहिर निकाल्यो । र सावित्रीले देख्ने गरी उनका हात, खुट्टा एक-एक गरी काटिए, घाँटी रेटियो । त्यहाँ उनको चित्कार, रोदन र क्रन्दनको कुनै अर्थ रहेन । निर्लज्जतापूर्वक उनको हत्याको कारण बताइयो- उनले चन्दा दिएनन् ।

❒ आफूलाई गरीब जनताको लागि युद्ध लडिरहेको दावी गर्ने नेकपा (माओवादी) का कार्यकर्ताहरुले गरेको कारवाहीको एउटा नमूना हो यो घटना । जनक थापाले चन्दा दिएनन्, दिन सकेनन् । यो कुनै त्यस्तो अपराध हैन, जसको सजाय मृत्युदण्ड नै हुन्छ । तर पनि माओवादीले उनलाई नमारेसम्म आफ्नो विजय सम्भव नहुने देखे । उनको हत्याले माओवादीको "जनयुद्ध" लाई कुनै प्रकारको सहयोग र उपलब्धि त हासिल हुँदैन नै, झन् उनीहरुका विरोधीहरु बढ्छन्। युवावस्थामै बैधण्यवरण गर्नु परेको पीडा र वेदनाले सावित्री माओवादीप्रति जति घृणा गर्ने छिन्, जन्मेको पाँच दिनमै टुहुरो भएको उनको छोराले त्यो भन्दा कैयौं गुणा बढी उनीहरुलाई दुत्कार्ने छ । जनकका बाबु-आमाले माओवादीको नाम सुन्ने वित्तिकै हत्यारा र अपराधी सम्झिने छन् ।

❒ दिनभरि खेतमा काम गरी साँझपख घर फर्केका रोल्पा, डुमरिङका निमलाल रोकाले कसैलाई जबर्जस्ती खाना खुवाउन नसक्दा आफ्नो ज्यान नै जाला भन्ने कल्पना गरेका थिएनन् होला, तर भयो त्यस्तै। आफूलाई सिद्धान्तनिष्ठ ठान्ने माओवादीहरुले नेकपा (एमाले)का तर्फबाट निर्वाचित वडा सदस्य माघी रोकाका पति निमलालको र्वबरतापूर्वक हत्या गरे । एउटा गरीब किसानको जघन्य हत्याले उनीहरुलाई के फाइदा भयो ? त्यो त उनीहरु नै जानून् । तर त्यही घटनाबाट पनि दुनियाँले जाने, बुझेको के हो भने, माओवादीहरु गैरसैनिक नागरिकहरुलाई समेत आफ्नो मूर्खताको शिकार बनाई रहेका छन् । गरीबहरु उनीहरुको तारो बनी रहेका छन् ।

❒ दाङ, श्रीगाउँका तारानाथ योगीलाई आफ्नो बाबुको किरिया बसिरहेको बेला माओवादीले हत्या गरे । जनताको धार्मिक भावनामाथि कुठाराघात गर्ने माओवादीको शैली नयाँ त होइन । तर किरियापुत्रीको नै हत्या गरेर उनीहरुले आफूलाई असामाजिक र झन् क्रुर सावित गरेका छन् ।

❒ माओवादीहरु आफूलाई "वर्गविहीन राज्यको लागि लडिरहेको" दावी गर्छन् । उनीहरु दलित, पिछडिएका जातिको मुक्तिको सपना पनि बाँड्छन् । तर व्यवहारमा यसको ठीक विपरित गर्छन् । यसको एउटा ज्वलन्त उदाहरण हो- स्याङ्जाका गुप्तबहादुर विश्वकर्माको हत्या । दलित र अछुत मानिने विपन्न परिवारमा जन्मेर पनि उच्च शिक्षा हासिल गरेका गुप्तबहादुरलाई माओवादीहरुले क्रुरतापूर्वक हत्या गरे । उनका खुट्टा र हात थिलोथिलो बनाएर पेलियो र मासु काटियो । यसरी पाशविक ढंगले उनको हत्या भयो । यसले गर्दा दलितहरुप्रति उनीहरुको केवल ओठेभक्ति मात्रै हो भन्ने पुनः प्रमाणित

भयो। एउटा शिक्षित दलित, जसले समाजमा सकारात्मक परिणाम र जागरणका लागि प्रभावकारी भूमिका खेल्न सक्छ, त्यस्तो व्यक्तिको हत्या गरेर दलितवादी कंसरी हुन सकिन्छ ? दलितको सहानुभूति कसरी पाउन सकिन्छ ? माओवादी नेतृत्व यति असहिष्णु, संकीर्ण र तानाशाही छ कि आफ्नो भन्दा फरक विचार राखेकै आधारमा मानवको बाँच्न पाउने नैसर्गिक अधिकारमाथि धावा बोल्छ ।

❑ मान्छे मारेर क्रुरता प्रदर्शन गर्न सरकार र माओवादीबीच प्रतिष्पर्धा नै चलेको छ भन्दा हुन्छ । १२ वर्षको दीलबहादुर रम्तेलको सरकारले हत्या गऱ्यो । त्यो अत्यन्तै दुःखदायी र क्रुर काम थियो सरकारको। त्यसैले माओवादीहरुले निकै जोडले त्यसलाई प्रचार-प्रसार गरे । सिद्धान्त र नीतिको बारेमा पूर्णतया: अनभिज्ञ बालकलाई शहीद घोषणा गरेर उसका बुबालाई "शहीदका बुबा" भन्दै पोहोरसम्म माओवादीका भातृ संस्थाले आफ्ना सम्मेलन उद्घाटन गराउँदै थिए। तर विडम्वना १ यो वर्ष माओवादीले क्रुरताको कहालिलाग्दो त्यो रेकर्डलाई पनि माथ गरे । र चितवनको भण्डारामा बसको ढोका बन्द गरेर ९ वर्षीया बालिका काजोलको हत्या गरे। काजोललाई जिउँदै जलाएर मार्दा "जनयुद्ध"ले कस्तो छलाङ्ग माऱ्यो ? छलाङ्ग के माथ्यो १ तीन वर्ष अगाडिको हारजंग काण्ड सम्झायो, जहाँ माओवादीहरुले झ्याल, ढोका थुनेर आठ जना निर्दोष नागरिकको आगो लगाएर हत्या गरेका थिए ।

❑ निर्दोष नागरिकहरु राज्य र माओवादीको आक्रमणको शिकार बनिरहेका छन् । सरकारले शुरु-शुरुका दिनहरुमा अन्धाधुन्ध रुपमा निर्दोष नागरिकहरु माऱ्यो । जसलाई माओवादीहरु निकै महत्व दिएर निर्दोषहरु नमारिनु पर्ने तर्क दिन्थे । ठीकै थियो उनीहरुको भनाई । तर विडम्वना १ उनीहरु आफैंले त्यसको कहिल्यै पालना गरेनन् । सर्वसाधारणका आवात-जावत हुने सार्वजनिक स्थलमा तुल वमहरु टाँग्ने, बालबालिकाहरु खेल्ने ठाउँमा वम फाल्ने गर्दा कैयौं निर्दोष बालबालिकाहरुले अनाहकमा ज्यान गुमाउनु पऱ्यो । जाजरकोटको पाँचकटियामा भएको चारजना बालकको हत्यालाई भवितव्य भन्दै हिँडेको माओवादी नेतृत्वको बेइमानी तव झन् प्रष्ट भयो, जब ठाउँ-ठाउँमा उनीहरुले छोडेका बेवारिसे विष्फोटक पदार्थबाट बाल-बच्चाको मृत्यु हुन थाल्यो । निर्दोषहरुको मृत्यु हुने क्रम यसरी बढ्नुले माओवादीहरु गैरजिम्मेवार र विचलित हुँदै गएको प्रष्ट हुन्छ। फेरि उनीहरुको आक्रमणको निशाना निहत्था, गरीब र सर्वसाधारण नागरिकहरु हुने गरेका छन् । भर्खर मात्रै माओवादीले चाबहिलस्थित नगरपालिकाको फोहोर फाल्ने कन्टेनरमा राखेको वमबाट हेमबहादुर नामक कुचिकारको मृत्यु भयो । माओवादीहरु किन यति विवेकहीन बन्दै गएका होलान् ? उनीहरुले वम त्यहाँ राख्नुको उद्देश्य र अभिप्रायले के होला ? के त्यहाँ फोहोर उठाउन प्रहरी, सेना वा प्रशासनको प्रमुख जान्थ्यो ? अथवा उनीहरुकै शब्दमा त्यहाँ कुनै वर्ग शत्रु जान्थ्यो ? जाँदैनथ्यो, विल्कुल जाँदैनथ्यो । त्यहाँ त त्यही निम्नस्तरको नागरिक जान्थ्यो। त्यसैले उनीहरुले उसको हत्या गर्न सके ।

❑ माओवादीको आक्रमणको निशाना गाउँघरका विद्यालय र शिक्षकहरु बनेका छन् । महिनावारी शिक्षकसँग उनीहरु चाहिए जति "लेवी" लिन्छन् । जतिबेला उनीहरुमा उन्माद चढ्छ, अनि शिक्षकमाथि आक्रमण गर्छन् । हातखुट्टा भाँच्छन्, कालो मोसो दल्छन्। कतिपयलाई राणा शासनमा झैं गाउँ निकाला गर्छन् भने कतिको त हत्या नै गर्छन्। यसै सिलसिलामा उनीहरुले हालै लमजुङका शिक्षक मुक्तिनाथ अधिकारीको विभत्स ढंगले हत्या गरेका छन् । गाउँमा शिक्षाको ज्योति छर्ने मुक्तिनाथ सर जस्ता शिक्षकको हत्या गर्दै माओवादीले समाजलाई कता लिन खोजेका हुन्- अगाडि कि पछाडि ? शिक्षा कसैका लागि पनि निरथक्क हुँदैन । आफ्ना छोराछोरी विदेशमा पढाउने । जनताका छोराछोरी पढाउने शिक्षकको हत्या गरिदिने, कस्तो गजबको नीति ? आफूले पढेर नामका अगाडि "डाक्टर" लेख्दै हिंड्ने १ जनताका छोराछोरी पढ्ने विद्यालयमा वम हान्ने ? माओवादीहरु युगलाई पछाडि फर्काउन प्रयाशरत् छन् । गरीब, निमुखा गाउँमा बस्ने जनताका छोराछोरीलाई पढ्न नदिने षड्यन्त्र उनीहरुले गरिरहेका छन् । पैसा हुनेरु त विदेशमा पठाएर पनि पढाइ हाल्छन् । आखिर पढ्न नपाउने भनेका त उही पैसा नहुने, शहरमा, विदेशमा पढाउन नसक्नेहरुका छोराछोरी पो हुने भए । विद्यार्थीको भविष्यप्रति उनीहरुमा कुनैं किसिमको चिन्ता छैन ।

❑ माओवादी कार्यकर्ताहरु यतिबेला हरेक सिर्जना ध्वस्त गर्न तल्लिन छन्। जनताका दैनिक उपभोग्य वस्तुहरु देखि अत्यावश्यक सेवाहरुमा समेत उनीहरुले दखल पुऱ्याएका छन् । देलिफोनका टावरहरु उनीहरुले देख्नै हुँदैन, तोडी हाल्छन् । सरकारको त आफ्नो प्रकारको संचार सम्बन्ध कायम भइरहन्छ । असर पर्ने आखिर उही सर्वसाधारण जनतालाई नै हो। जिल्लामा टेलिफोन भएमा तिनीहरुले प्रयोग गरे पनि त हुन्छ, हुँदैन र ? तर उनीहरु यसो गर्दैनन् । राष्ट्रिय सम्पत्ति विनाश गर्नु आफ्नो कर्तव्य ठान्छन् । यतिमात्र हैन आजभोलि उनीहरु सरकारी गाडीमाथि प्रहार गर्छन् । गाडि जलाएर आफ्नो बहादुरी देखाउने माओवादीहरुले बुझ्न पर्ने हो- गाडी जतिबेला पनि, जसको पालामा पनि चाहिन्छ । माओवादीले आक्रमण गर्ने क्रममा मन्त्रीहरुका घरमा पनि आक्रमण गर्ने गरेका छन्। राजधानी बाहिरका सामान्य घरमा आक्रमण गरेर मन्त्रीहरुलाई राजधानी भित्रै भव्य घर बनाउने विधिवत् बाटो उनीहरुले खोलिदिएका छन् । सरकारबाट जति क्षतिपूर्ति चाहिए लिन्छन् र मन लागेको ठाउँमा घर बनाउँछन् ।

❑ विविधतायुक्त दुनियाँमा मान्छेहरु पनि विविध खाले हुन्छन् । एउटै आमाका पेटबाट जन्मेका छोराछोरीबीच त विविधता हुन्छ र कुरा मिल्दैन भने दुनियाँका सबै मान्छेहरु एकै किसिमका हुन्छन् भन्नु मूर्खता नै हुन्छ । विचार, धारणा, आचरण र व्यवहारमा पनि अवश्य पृथकता हुन्छ । विचारले मान्छे भिन्नै भयो भन्दैमा उसलाई निःशेध गर्ने कुरा कदापि सैद्धान्तिक होइन । तर माओवादी यान्त्रिक रुपले सबैलाई एउटै साँचोमा ढाल्न चाहन्छन् । उनीहरुको बाहुल्यता भएको ठाउँमा अरु राजनीतिक दलका सभा, समारोह गर्न प्रतिबन्ध लगाइनुले पनि उनीहरुको संकीर्णता, तानाशाही र एकदलीयता उजागर गर्दछ । राजनीतिक आस्थाकै आधारमा थुप्रै कार्यकर्ताको उनीहरुले हत्या गरेका छन् । यदु गौतम, हरिभक्त ओली, हरिसिंह नेपी, दलराम खड्का, गोविन्द पौडेल, शंकरबहादुर शाह, बलराम सापकोटा देखि गुप्तबहादुर विश्वकर्मा र राममणि ज्ञवालीसम्मका सयौं राजनीतिक कार्यकर्ताको हत्याले माओवादीहरु खाली प्रतिशोध लहड र पूर्वाग्रहका कारण मात्रै मान्छे मार्छन् भन्ने तथ्यलाई स्पष्ट पारेको छ । कहीं कतै व्यक्तिबाट ठूलै गल्ती भए पनि त्यसलाई सुधिने र इमान्दार हुने अवसर नदिएरै उसलाई भौतिक रुपमा नै समाप्त

गर्ने हो भने उसले आफ्नो गल्ती सच्याउने अवसर कहिले पाउने ? माओवादीले अँगालेको सिद्धान्तभित्रै पनि "मान्छेले गल्ती गर्न सक्छ, त्यसैले उसलाई सुधिने अवसर पनि दिनु पर्छ" भन्ने मान्यतामा सहमत भएर नै आलोचना/आत्मालोचनाको पद्धति राखिएको छैन र? माओवादीहरु यो मान्यता किन लागू गर्न सक्दैनन् ? र, मान्छेको प्राण नै लिन्छन् ।

- माओवादीहरुले सरकारी सेवामा कार्यरत् सेना तथा प्रहरीहरुका परिवारमाथि पनि आक्रमण गर्ने गरेका छन् । न्यून आर्थिक स्थितिका कारण घर-परिवारबाट टाढा पठाएर जागिर खुवाउनु परेको पीडा त उनीहरुलाई छँदैछ, त्यसैमाथि माओवादीहरुले झन् घरमै गएर उनीहरुमाथि नै आक्रमण गर्नु कायरता सिवाय केही होइन । आमा-बाबु, छोराछोरी वा स्वास्नी भएकै आधारमा विना कुनै अन्य कसुर यातना पाउनु कतिसम्म न्यायोचित कुरा हो । निहत्था परिवारमाथि आक्रमण गरेर उनीहरुले कस्तो प्रकारको आदर्श र वीरता स्थापित गर्न खोजेका हुन् ? यस्तो अमानवीय कार्यले उनीहरुको भएको साख पनि गिराउँछ मात्र र घृणा उत्पन्न गराउँछ उनीहरुप्रति ।

- अहिलेसम्म माओवादीद्वारा सिर्जित यस्ता घटनाहरु हेर्ने हो भने उनीहरु अत्यन्तै अराजनीतिक र अमानवीय ढंगले हदैसम्मको निकृष्ट तहमा ओर्लिसकेको पाइन्छ । यदि समुन्नतः विकसित र सभ्य समाज निर्माण गर्ने उनीहरुको चाहना हो भने यसप्रकारका वर्वर र पाशविक कारवाहीले उनीहरुको चाहना कहिल्यै पुरा हुन सक्दैन । एक्काइसौं शताब्दीको आजको युगमा कोही एकजना नागरिक पनि कसैको दास हुन मञ्जुर छैन । होला हतियारको डरले कसैप्रति ओठे समर्थन वा क्षणिक संलग्नता जाहेर गर्ला, तर उसको अन्तर्मनले दासताको सधैं विरोध गरिरहेको नै हुन्छ । परिवारको एउटा सदस्य मात्रैको हत्याले सिंगो परिवारले मानसिक, आर्थिक र भौतिक रुपले जति क्षति बेहोर्छ, त्यो क्षति हत्या गर्ने समूहप्रति घृणामा रुपान्तरित हुँदै जान्छ । नाता, कुटुम्ब र समाज यस्तो वर्वरताको बाध्यतावश मुकदर्शक हुँदा आफ्नो विजय महसुस गरे पनि कसैले मान्छे मार्दा राम्रो मानिँदैन भन्ने तथ्यलाई बिर्सनु उचित होला र ? हुँदा-हुँदा माओवादीको वर्वरता र अकर्मण्यताका कारण सिंगो नागरिक समाजले मुख खोल्न नसक्ने अवस्था उत्पन्न भएको छ। ठीक/बेठीक, उचित/अनुचित भन्न नसक्ने र नपाइने अवस्थामा समाज पुग्नु समाजको अग्रगति हो कि अधोगति ? विकास हो कि विनाश ? सवालता हो कि दुर्बलता?

- माओवादीहरुले व्यक्ति हत्याको घृणित र अमानवीय श्रृंखलालाई जारी राखेका छन् । एक पछि अर्को घटनामा उनीहरु झन् क्रुर र आततायी बन्दै गइरहेका छन् । अंगभंग गरेर मार्ने, कुटपिट गरेर मार्ने, घाँटी रेटेर मार्ने जस्ता उनीहरुका कारवाहीले उनीहरुप्रतिको सहानुभूतिमा ठूलो ह्रास ल्याएको छ । तैपनि उनीहरु किन यस्ता कार्यलाई निरन्तरता दिइरहेका छन् ? किन छलफल, अन्तरक्रिया र सम्वादबाट मानिसको विश्वास जित्न सकिन्छ भन्ने कुरामा उनीहरु विश्वास गर्दैनन् ? कतै उनीहरुको अभिप्राय समाजलाई बदल्ने, समुन्नत समाज बनाउने भन्दा समाजमा खाली आतंक मात्रै सिर्जना गर्ने त होइन ? सारा नागरिकको हत्या गरेर समाजकै घृणा पात्र बनिसकेपछि उनीहरु कसलाई खुशी पार्न "युद्धरत्" छन् त ? यस्ता अनेकन प्रश्नहरु उनीहरुकै कारण उब्जिएका छन् । कुनै बेला थियो, अफगानिसतानमा तालिवानहरुले महिलालाई बुर्का लाउन अनिवार्य गराएका थिए । टेलिभिजन बन्द गरेका थिए । जानी-नजानी माओवादी पनि त्यही पथ त अवलम्वन गर्दै छैनन् ? टेलिफोनका टावर ध्वस्त गर्ने देखि उनीहरुका इलाकामा हिँड्दा "पासपोर्ट" लिनुपर्ने व्यवस्थाले तालिवानको दुःखद स्मरण गराउँछ । माओवादीहरु अत्यन्तै क्रुर छन्, सरकार निरीह छ । नागरिकको जीउ, धनको सुरक्षा गर्नु सरकारको कर्तव्य हो, दायित्व हो । तर सरकार यसमा पूर्णतः असफल छ, यसको अर्थ माओवादी पनि सफल छैनन् । माओवादीले उत्पन्न गरेको एकथरि अतिका कारण नागरिकहरुले अर्कोथरि अतिको सामना गरिरहनु परेको छ । माओवादीको क्रुरता र अमानवीयताको शिकार सर्वसाधारण र निहत्था जनता हुँदा पनि सरकार केही गर्न सक्दैन । उनीहरुलाई सुरक्षा दिन सक्दैन । यो भन्दा लाजमर्दो र लाचार कुरा अरु के होला ? कुनै ठाउँमा घटना भई सकेपछि मात्र सरकार त्यहाँ पुग्दछ, जनताका आखाँमा छारो हाल्न । यसले प्रष्ट देखाउँछ- सरकार निरीह छ, माओवादीका गैरराजनीतिक, अमानवीय, पाशविक र बर्बर क्रियाकलापलाई ऊ रोक्न सक्दैन ।

- मान्छे मारेर कुनै पनि समस्याको समाधान निस्किँदैन । भूमिगत नेकपा (माओवादी) ले स्थापना गर्न चाहेको साम्यवादी शासन व्यवस्था पनि लाशहरुको जगमाथि निर्माण हुन सक्दैन । हामीले देखेका छौं, दुनियाँको आफूलाई अत्यन्तै क्रान्तिकारी भन्ने र मान्छेको हत्या गरेर आफूले चाहेको शासन प्रणाली स्थापना गर्न चाहने राजनीतिक दलहरु समयको प्रवाहसंगै या त शान्तिपूर्ण राजनीति फर्केका छन्, होइन भने समाप्त भएका छन् । १८ वर्षसम्म पचासौं हजार मानिसको हत्या गर्ने श्रीलंकाली तामिलहरु पनि अन्ततः वार्ताको टेबलमा आएको घटनालाई मात्रै हेर्ने हो भने पनि शान्तिपूर्ण तबरबाट मात्रै आपसी समस्याको समाधान निस्किन्छ भन्ने कुरा स्पष्ट हुन्छ । हो, एउटा काल खण्डमा लडिन्छन् युद्धहरु तर ती स्थायी र सर्वकालिक कहिल्यै हुँदैनन । माओवादीको जस्तै साम्यवादी शासन स्थापना गर्न चाहने दुनियाँका थुप्रै कम्युनिष्ट पार्टीहरुले आफूलाई सच्याएका छन् । जनतालाई चिढाएर होइन, उनीहरुको विश्वास जितेर शासन गर्न सकिन्छ भन्ने मान्यतामा उनीहरु सहमत भएका छन् । अहिले माओवादीसंग शक्ति छ र सबैले वार्तामा आउन जोड दिइरहेका छन्, तर भोलि कुनै एक दिन यस्तो आउने छ, जुन दिन उनीहरु शक्तिहीन र कमजोर हुनेछन् । त्यस दिन कसैले पनि उसलाई वार्तामा आउन आग्रह गर्ने छैन । यसो भएकोले पनि नेकपा (माओवादी) ले आफूलाई समयमै चिन्न सक्नु पर्छ र वार्ताको टेबलमा आउनु पर्छ । आफ्नो शक्तिलाई जनतासंग घुलमिल गरेर सञ्चित गराउन सक्ने हिम्मत उनीहरुले गर्न सक्नु पर्छ । त्यसो भएमा जनता हत्या, हिंसाको त्रासदीबाट मुक्त मात्र हुने छैनन्, स्वयम् माओवादीहरुको पनि इज्जत बढ्ने छ । राजनीतिक रुपमा कहिले काहीं केही कुरा छोड्दा पनि सफलता पाइन्छ भन्ने तथ्यलाई माओवादी नेतृत्वले बुझ्न सक्नु पर्छ ।

❑

जन्मंदै चुनौती र विवादको घेरामा महिला आयोग

अधिवक्ता टीकाराम भट्टराई

जेण्डर न्यायको अवधारणा अहिलेको Feminist jurisprudence को महत्वपुर्ण नारा हो। नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनाले प्रत्येक नागरिकको आधारभूत मानवअधिकारको संरक्षण र सामाजिक न्यायलाई संविधानको आधारभूत संरचनाको रुपमा स्विकार गरि यी प्रावधानहरुलाइ संविधानको संशोधनद्वारा पनि परिवर्तन गर्न नसकिने भएकोले हाम्रो संविधानले यि प्रावधानहरुलाइ कति हदसम्म प्राथमिकता दिएको रहेछ भन्ने स्पष्ट हुन्छ। हाम्रो संविधानले Feminist jurisprudence का दुई महत्वपुर्ण आधुनिक अवधारणाहरु Formal equality र Substantive equality को अवधारणालाई आत्मसात गरी संविधानको धारा ११ ले समानताको हकलाई मौलिक हकको रुपमा मात्र नराखी महिला वर्गको उत्थान र विकासको लागि विशेष कानुन बनाउन सकिने र त्यस्तो कानुन भेदभावपूर्ण नहुने भन्दै महिलाहरुलाई विशेष संरक्षणात्क व्यवस्था समेत गरेको छ। तर, संविधान जारी भई लागू भएको १२ वर्ष व्यतित हुन लाग्दा पनि संवैधानिक भावना अनुरुप राज्यले आफ्नो दायित्व पुरा गर्न नसकेको विषयमा कसैको दुई मत हुन सक्दैन।

नेपालले मानवअधिकारसंग सम्बन्धित १७ वटाभन्दा बढी अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरुमा हस्ताक्षर गरि सकेको छ। ती सम्झौताहरुद्वारा सृजित दायित्व पुरा गर्नु राज्यको कर्तव्य मात्र होइन वाध्यात्मक व्यवस्था पनि हो तर राज्यले हालसम्म संविधानद्वारा सृजित दायित्व नै पुरा गर्न नसकिरहेको वर्तमान परिप्रेक्षमा अन्तर्राष्ट्रिय दायित्व पुरा गर्ने सवाल दोश्रो प्राथमिकतामा मात्र पर्दछ। यस्तो अवस्थामा सरकारले हालै राष्ट्रिय महिला आयोगको घोषणा गरेको छ, यसलाई राज्यको सकारात्मक काम मान्नु पर्दछ र यस्लाई हर क्षेत्रवाट सहयोग गरी परिणाममुखि र प्रभावकारी बनाउनु पर्दछ, यस्मा कसैको दुईमत हुने कुरै छैन।

फेरि पनि तर, भन्नु पर्ने अवस्था सृजना भएको छ। महिला आयोग किन ? केका लागि ? यस्को अधिकार क्षेत्र के हो ? यस्ले के के काम गर्न सक्छ ? यस्को आर्थीक श्रोत के हो ? यस्ले गर्ने खर्चको लेखा परीक्षण कसरी हुन्छ ? प्रजातान्त्रिक व्यवस्थामा उत्तरदायित्व र जवाफदेहीविहीन कुनै पनि संस्था र व्यक्तिको कल्पना सम्म पनि गर्न सकिँदैन। यो आयोग कोप्रति उत्तरदायी छ ? अनि, कोप्रति जवाफदेही छ ? यस्को काम कारवाही वारे जनताले कहाँ, कोसंग कसरी मूल्यांकन गर्न पाँउछन आदि धेरै प्रश्नहरुलाई जन्माएर यो आयोग गठन भएको छ।

पारिवारिक हिंसाको शिकार एक महिला

प्रजातान्त्रिक व्यवस्थामा एक रुपैयाँ-पैसा खर्च गर्न पनि संसदको अनुमोदन र विनियोजन आवश्यक छ, संसदले विनियोजन नै नगरेको रकम मंन्त्रालयले कसरी उपलव्ध गराउँदछ र त्यसलाई महालेखाले कसरी लेखा परीक्षण गर्दछ ? कानुनी राजलाई पनि हाम्रो संविधानले राज्यको मूलभूत लक्ष्यको रुपमा राखेको छ अर्थात सार्वभौम जनताका प्रतिनिधिहरुले बनाएको उचित कानुन विना यहाँ न कुनै निकायको जन्म हुन्छ न कुनै निकायले राज्यको कोष नै खर्च गर्न सक्छ यस्तो अवस्थामा यो आयोग कुन कानुन अन्तरगत गठन भयो ? राज्यले गर्ने नियमित काम कारवाहीहरु भित्र यस्ता अहम् राष्ट्रिय महत्वका विषयहरु पर्नु पर्दछ र सम्पूर्ण तयारी पुरा गरेर मात्र संरचनाको विकास गरिनु पर्दछ। तर यहाँ त कसैको सत्ता प्राप्ति वा समाप्तिको विषयसंग गाँसिएर वा सस्तो लोकप्रीयतासंग गाँसिएर यस्ता विषयहरुमा निर्णय हुने गर्दछ र काम प्रारम्भ नगर्दै वा गरि सकेपछि अनेकौं वाधा अड्चन र आलोचना आउन थाल्छन् जस्ले पदाधिकारिहरुलाइ काम गर्न उत्साहको साटो दिक्दारी र झन्झट लाग्न थाल्छ। तसर्थ अधिकार क्षेत्र ,काम ,कर्तव्य र अधिकार कानुनद्वारा निश्चित गरेर मात्र यो आयोग गठन भएको भए साँच्चिकै सोचे अनुरुप नै हुने थियो। यी सारा अनुत्तरित प्रश्नहरुलाई यथावत राखेर महिला आयोगले काम गर्न सक्ला ? यी र यस्तै प्रश्नहरु ज्वलन्त रुपमा उठिरहेको भए तापनि यो आयोगको गठनलाई औचित्यविहिन भने भन्न सकिन्न।

आयोग गठन भइसकेको वर्तमान सन्दर्भमा यो आयोगको प्रथम दायित्व नै आयोगको काम कारबाही र अधिकार क्षेत्र सहितको कानुनको तर्जुमामा लागि परेर सरकार मार्फत यथाशक्य चाँडो कानुनको निर्माण गर्नु नै हो। तर त्यस्तो कानुनको तर्जुमा गर्दा Feminist Jurisprudence को ज्ञान भएका कानुनविद् तथा यस सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको समेत ज्ञान भएका व्यक्तिहरुको सहायता जरुरी पर्दछ, त्यसतर्फ पनि आयोगको ध्यान जानु जरुरी छ।

आयोगको गठन पनि राजनैतिक भागवण्डाको सिद्धान्तबाट निर्देशित भएकोले यस्को संरचनामा पनि प्रश्नहरु उठेका छन् तर आयोगको भावि कार्य सम्पादन संतोषजनक हुन सक्यो भने यो प्रश्न आफैं औचित्यविहिन भएर जान्छ, होइन भने यो प्रश्नको औचित्य पुष्टि हुन्छ। तसर्थ, अहिल्यै कार्य नथाल्दै यस्को संरचना वा यस्मा रहने सदस्यहरुको राजनैतिक पृस्ठभूमिलाइ हेरेर यस्ले कार्य गर्न सक्दैन भन्नु हतार गरेको ठहरिन्छ।

आयोगलाई श्री ५ को सरकारको मन्त्रालयको मातहत राखेर ऐनको तर्जुमा भयो भने फेरि पनि त्यो निरिह र औचित्यहीन ठहरिने छ। तसर्थ यस्मा श्री ५ को सरकारले न्यूनतम र तोकिदिएको विषयमा मात्र हस्तक्षेप गर्न सक्ने गरी आयोगलाई स्वायत्त संस्थाको रुपमा विकसित गरिनु पर्दछ ताकि आयोगको निर्देशनलाई सरकारले समेत मान्न वाध्य हुनु परोस्। स्वायत्तताको नाममा अहिले जन्मिएका हजारौं गैरसरकारी संस्था जस्तो प्रभावहीन संगठनको पनि कल्पना गरिनु हुदैन। अधिकार सम्पन्न, स्वायत्त

र प्रभावकारी तथा न्यूनतम नियन्त्रणसहितको कानुन तर्जुमा गरिनु पर्दछ ताकि यस्को काम कारवाहीको वारेमा सार्वभौम जनताले कहीँ न कहीँ नियन्त्रण गर्न सकुन् ।

नेपालमा महिला सशक्तिकरणको कुरा गर्दा अहिलेको प्रमुख चुनौती र समस्या भनेकै समाजमा विद्यमान पितृसत्ता र त्यसले युगौं देखि सृजना गरेका संस्कार, व्यवहार र प्रचलन नै हुन् । यी यथार्थ कुराहरुलाइ एकातर्फ राखेर महिला सशक्तिकरणको कल्पना गर्न सकिँदैन, तर यहाँ विचरणीय पक्ष के छ भने यी कुराहरु तुरुन्त परिवर्तन गर्न पनि सकिँदैन ।

महिला आयोगले कार्य प्रारम्भ गर्दा देखि नै आफ्नो कार्यलाइ विभिन्न चरणमा विभाजन गरेर योजनाबद्ध ढंगले कामको थालनी गर्नु पर्दछ । अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर चरणबद्ध कामको थालनी गर्ने हो भने मात्र यस्ले आफ्नो उपादेयता सावित गर्न सक्छ यदि त्यसो नगरी तदर्थवादी ढगंले चल्ने हो भने यो आयोग सरकारको एउटा विभागमा सिमित हुन पुग्दछ ।

आयोगले महिला आन्दोलन र महिला सशक्तिकरणको लागि खास समस्या र चुनौतीहरु पहिचान गरी तिनको समाधानका लागि गर्नु पर्ने कार्य र योजना तथा नीतिहरुको तर्जुमा गर्नु पर्दछ । यी सबै कामहरु गर्नको लागि आयोगलाई विशेषज्ञहरुको समेत आवश्यकता पर्ने भएकोले उसले विभिन्न क्षेत्र समाजशास्त्र, कानुन, भाषा विज्ञान, जाती-जनजाति र दलितहरु समेतलाई हेर्ने गरी विभिन्न विभागहरु बनाउनु पर्दछ । महिला विरुद्ध हुने घरेलु हिंसा अहिलेको हाम्रो देशको प्रमुख समस्या वनेको छ । हाम्रो सामाजिक चेतना स्तर, पुरुषप्रतिको पर-निर्भरता महिला शिक्षाको कमी तथा पितृसत्ताले सृजना गरेका आर्थिक, सामाजिक र साँस्कृतिक सम्बधहरुले गर्दा घरेलु हिसांका विरुद्ध अहिले कानुन वनेता पनि एउटी पीडित महिलाले न्याय पाउनुको सट्टा यातना र पीडा पाउने कुरामा कसैको दुई मत हुन सक्दैन, यस्तो अवस्थामा महिला आयोगले एक छुट्टै विभाग खडा गरी घरेलु हिंसाबाट पीडित महिलाहरुका सम्बन्धमा सम्वाद, अन्तरक्रिया र सहमतिद्वारा तिनका समस्याहरु समाधान गर्न पहल गर्न सकेको खण्डमा यो आयोगको त्यो एउटा महत्वपुर्ण काम हुन सक्छ ।

विभिन्न अध्ययन तथा अनुसन्धानहरुले अहिले पनि नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभुत गरेको समानताको सिद्धान्त विपरित ११८ वटा भन्दा बढी प्रचलित कानुनहरु विद्यमान रहेका छन् यस्तो परिस्थितिमा ती कानुनहरुलाई संविधान सम्मत वनाउन पहल गर्ने दायित्व पनि महिला आयोग कै काँधमा आईपरेको छ ।

नेपाली महिलाहरुको ठुलो हिस्सा (करिव ४० हजारको संख्यामा) अहिले विभिन्न तहका स्थानीय निकायहरुमा निर्वाचित भएको छ तर ती निकायहरुमा निर्वाचित अधिकांश महिला सदस्यहरुले विभिन्न कारणले गर्दा आफ्नो श्रेष्ठता हासिल गर्न नसकेका मात्र होइनन् उनीहरु आफ्नो पदीय दायित्व र कर्तव्यप्रति पनि अनभिज्ञ रहेका छन् यस्ले महिलाहरु अवसर पाएर पनि गर्न सक्दैनन् भन्ने सामन्ती सोचलाई वल पुऱ्याइरहेको छ यथार्थमा उनीहरुले गर्न नसकेको होइन कि उनीहरुलाइ त्यो अवसर व्यवहारमा अद्यापि दिइएको छैन । किनकि महिलाहरुलाई कतिपय ठाँउमा स्थानीय निकायको वैठकमा समेत खवर गरिदैन र कोरम पुऱ्याउनु पर्ने अवस्था आयो भने घरमै वैठक पुस्तिका लगेर समेत हस्ताक्षर गराउने गरिएको उदारहण समेत पाइएको छ । तसर्थ राजनीतिमा प्रत्यक्ष्य लागेको यो समूहलाई सशक्तिकरण गरी उनीहरुलाई पुरुष सरह बनाउनको लागि विभिन्न अभियानहरु संचालन गर्ने कार्य पनि यो आयोगले गर्न सक्दछ । स्थानीय तह देखि नै महिलाहरुलाई राजनीतिक रुपले सक्रिय बनाउने हो भने केही वर्ष भित्रै ती महिलाहरु नीति निर्माणको तहमा पुग्न सक्दछन तसर्थ यो पक्षलाई आयोगले महत्वका साथ हेर्न सक्नु पर्दछ ।

विभिन्न राजनीतिक आस्था र विचारमा विभाजित महिला आन्दोलनलाई कम्तिमा महिला हक हितको लागि एउटा साझा मञ्चमा उभ्याउने कार्यको समन्वय पनि यो आयोगले गर्न सक्नु पर्दछ । रणनितीक रुपमा विभिन्न लक्ष्य र उद्देश्यका लागि उभिएका महिलाहरु यो आयोगको छाता मुनि एक हुन सके भने त्यो एउटा महत्वपूर्ण उपब्धि हुनेछ र त्यसले महिला आन्दोलनलाई निर्णायक बनाउने छ तर त्यो काम पनि निकै कठिन र चुनौतीपूर्ण छ ।

हालै प्रतिनिधिसभाबाट पुनः पारित भएको मुलुकी ऐन ११ औ संशोधन विधेयकमा परेको महिला अंश सम्बन्धी विषयमा सत्तापक्षको भगिनी संगठनले सशक्त विरोध गर्न सकेको भए विधेएक अरु प्रगतिशील रुपमा आउन सक्ने थियो । यस्तो अवस्थामा विभिन्न राजनीतिक दलसंग सम्बध महिला सघं संस्थाहरु एक ठाउँमा उभिन सके भने त्यसको सकारात्मक परिणाम आउन सक्छ तर हालसम्म सबै महिला संघ संस्थाहरुलाई एक ठाउँमा उभ्याउन सक्ने कुनै मञ्च नभएको अवस्थामा आयोगले त्यो कामको नेतृत्व र समन्वय पनि गर्न सक्नु पर्दछ ।

नेपालले महिला हक हितसंग समेत सम्बन्धित विभिन्न १६ वटा भन्दा बढी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा हस्ताक्षर गरिसकेको छ । यी सन्धिहरुमा हस्ताक्षर गरेको कारणले राज्यले निश्चित दायित्वहरु वहन गर्नु पर्ने हुन्छ । नेपाल सन्धि ऐन २०४७ को दफा ९ वमोजिम राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरु नेपालमा कानुन सरह लागू हुने मात्र होइन ती सन्धिहरु प्रचलित नेपाल कानुनसंग बाझिएको खण्डमा नेपाल कानुनको प्रावधान चाहिँ निष्क्रिय र ति सन्धिका प्रावधानहरु चाहीँ क्रियाशील हुने व्यवस्था गरेकोले अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुलाई राज्यले नेपाल कानुनलाई भन्दा प्राथमिकता दिएको स्पष्ट नै छ । तर हाम्रो विडम्वना के रहेको छ भने हामीले के के सन्धिहरुमा सम्झौता गर्यौं र ती सन्धिहरुले राज्यलाई के-के दायित्व थप गरेका छन् र ती दायित्वहरु पुरा गर्न राज्यले के कस्तो नीति र कानुनहरुको तर्जुमा गर्नु पर्दछ भनि अहिलेसम्म कुनै योजना बनाउनु त परै जाओस् खोज अनुसन्धान समेत गरिएको छैन ।

यस्तो अवस्थामा महिला सशक्तिकरणसंग सम्बन्धित नेपाल पक्ष भएका सम्पूर्ण अन्तर्राष्ट्रिय कानुनहरुको पुनरावलोकन गरि ति सन्धिहरुले राज्यलाई थप गरिदिएका दायित्वहरुको पहिचान गरी ती दायित्वहरु पुरा गर्न के के गरिनु पर्दछ महिला आयोगले एउटा वृहत अध्ययन गरी निश्कर्ष समेत जनसमक्ष प्रस्तुत गर्नु पर्दछ।

समग्रमा भन्दा यो आयोगले Feminist jurisprudence का पछिल्ला अवधारणाहरुलाई मार्ग दर्शक सिद्धान्त मानेर कार्य गर्न सक्नु पर्दछ । आफुलाई सरकारी निकाय भन्दा पृथक र स्वायत्त बनाउनको लागि अविलम्व कानुनको तर्जुमा गर्न गराउन पहल गर्नु पर्दछ, आयोगले राजनितिक आस्था र विचार भन्दा माथि उठेर कार्य गर्नेछ भन्ने प्रत्याभुति दिन सक्नु पर्दछ, आयोग अरु गैर सरकारी सस्था भन्दा पृथक र प्रभावकारी छ भन्ने अनुभूति गराउन सक्नु पर्दछ, यो आयोग पुरुष विरोधि नभएर महिला पुरुष समविकासका लागि गठन भएको भन्ने प्रत्याभुति दिलाउन सक्नु पर्दछ, आयोगमा नियुक्त सदस्यहरुले आफुहरु राजनीतिक आस्थाका आधारमा होइन योग्यता र क्षमताका आधारमा त्यो विषयका विशेषज्ञ भएका नाताले नियुक्त भएका हौं भन्ने विश्वास दिलाउनका लगि तत्कालै आफ्नो भावि कार्ययोजना सार्वजनिक गर्नु पर्दछ, आयोगले पारदर्शी ढंगले काम गर्ने विश्वास पनि दिलाउन सक्नु पर्दछ र अन्त्यमा आयोग यस्का सदस्य तथा पदाधिकारीहरुलाई विदेश भ्रमणमा लैजाने फोरम बन्नु हुँदैन र साँच्चै नेपाली महिलाहरुको हक हितमा समर्पित छ भन्ने विश्वास दिलाउनु पर्दछ।

❑

महिला आयोगलाई सम्पूर्ण महिलाको छहारी बनाउने छौं

डा. दुर्गा पोखरेल
अध्यक्ष, राष्ट्रिय महिला आयोग

० लामो प्रयत्न पछि गठन भएको राष्ट्रिय महिला आयोगलाई तपाईंले कसरी लिनु भएको छ ?

महिलाहरुका लागि नभई नहुने भएको हुनाले राष्ट्रिय महिला आयोग गठन भएको हो । महिलासंग सम्बन्धित अन्य संघ-संस्थाहरु, महिला मन्त्रालय, समाज कल्याण परिषद् थिए तर ती संस्थाबाट महिलाका समस्याहरु खासै समाधान भएनन् । अलि-अलि मात्र सुधार भयो । महिलाहरुको समस्याहरुको बृहत्तर सुधार र सम्बोधन नभएका कारण सरकारले यही कुरालाई गम्भीर रुपमा महसुस गरेर यो आयोग गठन गरेको हो भन्ने मैले ठानेको छु । मैले यसलाई अत्यन्तै सकारात्मक रुपमा लिएको छु ।

० नवगठित राष्ट्रिय महिला आयोगलाई अब महिला अधिकारका लागि कसरी अगाडि बढाउनु हुन्छ ?

- महिलाहरुको हक हितको संरक्षणका लागि यो आयोग गठन भएको हो । पहिला हामीले महिलाहरुका तात्कालीक समस्याहरु के-के हुन् त्यसको पहिचान गर्ने काम गर्छौं । एकथरि महिलाहरु अथवा काठमाण्डौमा बसेका हामी महिलाहरुले समस्या अर्काका लागि देखेका छौं । महिलाहरुका साँच्चैका समस्याहरु हामी आफैले छुट्याउन सकेका छैनौं । किनभने यसको बारेमा अनुसन्धान पनि गरिएको छैन । यो आयागले अब ७५ वटै जिल्लामा स-साना कार्यदलहरु गठन गरेर कुन-कुन जात जातिका महिलाहरुका कुन-कुन समस्या छन् तिनीहरुको एउटा तथ्यांक संकलन गर्छ । महिलाहरुले महसुस गरेका समस्याहरु संकलन गरेर त्यसको तथ्यांक बैंक आयोगले तयार गर्ने छ, तब मात्र महिलाहरुका वास्तविक समस्याहरुको ठोस पहिचान हुन सक्छ । त्यसपछि ती समस्याहरुको समाधानका लागि राष्ट्रिय योजना आयोगलगायत अन्य सम्बन्धित निकायमा हामी पुऱ्याउँछौं।

० यो आयोगले महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रारम्भिक कामहरु के-के गर्छ ?

- कार्यालय स्थापना गर्ने वित्तिक्कै हामी पत्रकार सम्मेलनको आयोजना गर्छौं । त्यस मार्फत हामीले हाम्रा योजनाहरु सार्वजनिक गर्छौं । मलाई के लाग्छ, भने प्रथमतः १ सय दिनको हामी कार्यक्रम बनाउँछौं । यसमा हामी तत्कालै नगरी नहुने कामहरुको थालनी गर्छौं । अहिले बोक्सीको कुरा निक्कै आएको छ । आयरल्याण्डलगायतका पश्चिमी देशमा बोक्सी हुनु भनेको गौरवको रुपमा लिइन्छ । मैले चार वर्ष अघि एउटा अमेरिकी सम्मेलनमा भाग लिंदा बोक्सीलाई पनि त्यहाँ सम्मानका साथ राखिएको थियो। त्यहाँ बोक्सीलाई सकारात्मक रुपमा लिने गरिएको छ । तर यहाँ बोक्सीहरुले मर्नु पर्ने हुन्छ । अन्य मुलुकहरुमा बोक्सीलाई सकारात्मक रुपमा लिइन्छ भने हामीले किन नकारात्मक व्यवहार गर्ने गरिन्छ ? त्यसको पत्ता लगाउनु पर्ने भएको छ । जातिपाती कायम छ । यी लगायतका अहिले ज्वलन्त विषयहरु उठाएर नै हामी आफ्नो काम थालनी गर्छौं । खास गरी सामाजिक भेदभावाहरुलाई समाप्त पारेर सामाजिक मिश्रण कसरी गर्ने भन्ने प्रश्न अहिले खडा छ । त्यसकारण सामाजिक रुपान्तरण गर्ने काम गर्न आवश्यक छ भन्ने मैले ठानेको छु ।

० तपाईंले महिला आयोगको स्वरुप कस्तो हुन्छ भन्ने ठान्नु भएको छ?

- यो अयोग ठूलो मातृ संस्था, छहारी जस्तो संस्था, सबै महिला अटाउन सक्ने संस्था हुने छ । दुःख पाएका र सुख पाएका सबै खालका महिलाको छहारी हुन्छ । सबैका आ-आफ्ना ठाउँमा समस्याहरु छन् । ती समस्याहरुको समाधान गर्न सक्नु पर्छ । धनीका आफ्ना समस्या छन्, गरीब पनि आफ्नै खालका समस्याहरुमा रहेका छन् । धनी भएर पनि दुःखी हुन सक्छन्, गरीब भएर पनि सुखी हुन सक्छन् । त्यसकारण यो आयोग महिलाहरुको सुख-दुःखको चौतारी हुनेछ । आयोगको स्वरुप सबै महिलालाई समेट्ने खालको हुने छ ।

० आयोगलाई महिला तथा समाज कल्याण मन्त्रालयको मातहतमा राखिने बताइन्छ, त्यस्तो भयो भने यो कसरी अधिकार सम्पन्न र बृहत होला त ?

- त्यस्तो बिल्कुल हुँदैन । हामीलाई स्वयम् प्रधानमन्त्रीले के बचन व्यक्त गर्नु भएको छ भने "चाँडै र छोटो प्रक्रियाबाट मन्त्री परिषद्को निर्णयले यो अयोग गठन गरिएको भए पनि यो पूर्ण स्वायत्त र स्वतन्त्र संस्था हो । यसको स्वरुप र आकार कस्तो बनाउने भन्ने कुरा तपाईंहरु आठ जनाको जिम्मामा छ ।" यसरी प्रधानमन्त्रीले भनिसक्नु भएको छ । त्यसकारण पनि यो आयोग स्वायत्त र स्वतन्त्र भएर अगाडि बढ्छ भन्नेमा म विश्वस्त छु ।

० तपाईंहरु आयोग सम्बन्धी विधेयकको मस्यौदा तयार गर्न लाग्नु भएको हो ?

- हो, अहिले हामी त्यो काममा लागेका छौं । सरकारले त्यसको पुरा जिम्मा हामीलाई नै दिएको छ । तर यो आयोगको विधेयक हामीले बन्द कोठामा तयार गर्ने सोचेका छैनौं । हामीले गठन गर्ने ७५ जिल्लाका कार्यदलहरुको सुझाव लिएर मात्र यो विधेयकको पूर्ण तयारी गरिने छ । प्रधानमन्त्रीले "तपाईंहरुले जस्तो विधेयक बनाउनु हुन्छ त्यस्तो पास गरिने छ" भन्नु भएको छ । त्यसकारण यो विधेयक तयार गर्ने काम हामी व्यापक छलफल गरेर मात्र गर्ने छौं ।

o **महिला आयोग गठनको लगत्तै अहिले एकथरी महिलाहरुले विरोधका आवाजहरु पनि उठाउनु भएको छ, यसलाई कसरी लिनु भएको छ?**

- मैले विभिन्न ठाउँमा यस्ता विरोधका आवाजहरु सुनी पनि सकें। एक ठाउँमा मैले नराम्रोसंग प्रतिकार पनि गर्नु पऱ्यो। यो आयोगलाई अहिले शंका गर्ने ठाउँ छैन । प्रक्रिया कस्तो अपनाउने भन्ने सरकारको सोंच हो । हामीले भनेर हुने होइन । उहाँहरुले विरोध गरेको पनि प्रक्रियाको लागि हो, व्यक्तिको लागि होइन भनेर भन्नु भएको थियो । तर, यसले हामीलाई कुनै फरक पार्दैन । उहाँहरुका राम्रा सल्लाह-सुझावहरु हामीलाई दिएर यसरी गरौं भन्नु भए देखि राम्रो हुन्थ्यौं । त्यो नभएर सुरुमै मञ्चमा गएर नराम्रो गरियो भन्ने लागेको छ । सकारात्मक सुझावलाई हामी सधैं ग्रहण गर्छौं। मलाई के लागेको छ भने उहाँहरुलाई पनि दुःख लागेको एउटै कुरा हुन सक्छ कि पाँच वर्ष अघि गठन गरिने भनेको आयोग ढिलो गठन भयो ।

o **नवनियुक्त आयोगको अध्यक्षको हैसियतमा सबै महिलाहरु समेटेर अगाडि बढ्ने तपाईंको के योजना छ ?**

- सबैलाई समेट्न कसरी सकिन्छ भने मान्छेको मन खुल्ला हुनु पर्छ। म खुल्ला मनको मान्छे छु । ममा कुनै किसिमको पूर्वाग्रह छैन । न त राजनीतिक पूर्वाग्रह नै छ । मलाई महिलाका पीडा, व्यथासंग सम्बन्ध छ । म पनि ती पीडा, व्यथाबाट नै उत्पीडित भएर आएकी महिला हुँ । त्यसकारण सबैलाई समेटेर अगाडि बढ्न सक्छु भन्ने मलाई विश्वास छ । ❑

– वार्ताकार विवश वस्ती

दलित आयोग कसरी अघि बढ्ला ?

– बाबुराम विश्वकर्मा

घोषणा भएको सात महिना पछि गएको चैत ७ गते सरकारले दलित आयोग गठन गरेको छ । सरकारले गत साउन ३२ गते चालु सदनमा आयोग सम्बन्धी विधेयक पारित गरेर छिट्टै दलित आयोग गठन गरिने बताएको थियो। दलित आयोगसंगै घोषणा भएका महिला आयोग र राष्ट्रिय जनजाति प्रतिष्ठान पनि गठन भइसकेका छन् । तर, बहुचर्चित दलित आयोग भने अहिलेसम्म गठन भएको छैन ।

प्रमुख विपक्षी नेकपा (एमाले) र सरकारबीच कायम भएको १७ बुँदे राष्ट्रिय सहमति प्रस्तावका आधारमा सरकारद्वारा गत साउन ३२ गते आठ बुँदे सामाजिक सुधारका कार्यक्रमहरुको घोषणा गरिएको थियो । त्यतिबेला प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधि सभाको बैठकमा मन्त्री परिषद्को निर्णयलाई उद्धृत गर्दै बताउनु भएको थियो- "श्री ५ को सरकारले मुलुकभरिका दलित वर्गको बृहत्तर हित तथा कल्याणका लागि निरन्तर कार्य गर्न सबैको राय, सुझाव र परामर्शका आधारमा एउटा दलितसम्बन्धी राष्ट्रिय आयोग बनाउने निर्णय गरेको छ ।"

प्रधानमन्त्री देउवाको यो प्रतिबद्धता अनुरुप गठन भएको दलित आयोग कसरी अगाडि बढ्ला भन्ने गम्भीर प्रश्न अहिले उठ्न थालेको छ । मन्त्री परिषद्को निर्णय अनुसार बाग्लुङका पुराना दलित नेता पद्मसिंह विश्वकर्माको अध्यक्षतामा दुई वर्षको कार्य अवधि रहने गरी १० सदस्यीय दलित आयोग गठन भएको छ । आयोगमा सत्तारुढ नेपाली कांग्रेस समर्थक दलितहरुको बहुमत रहेको छ भने प्रमुख विपक्षी नेकपा (एमाले)को तर्फबाट दुई जनालाई नियुक्त गरिएको छ ।

यसरी नियुक्त हुने दलित आयोगका सदस्यहरुमा नेपाली कांग्रेसको तर्फबाट मीन विश्वकर्मा (सुनसरी), गणेश परियार (कास्की), देशबहादुर सार्की (भोजपुर), लोकबहादुर विश्वकर्मा (सुर्खेत), शम्भुहजरा पासवान (पर्सा) र भीम बराइली (मोरङ) रहनु भएको छ । प्रमुख विपक्षी एमालेको तर्फबाट नियुक्त हुने सदस्यहरुमा जीतु गौतम दर्जी (झापा) र दीपकजंग विश्वकर्मा (स्याङ्जा) रहनु भएको छ। आयोगको सदस्य सचिवमा दलित महिला दुर्गा सोव (डोटी)लाई नियुक्त गरिएको छ ।

आयोग गठन भए पनि यसको क्षेत्राधिकार के हुने भन्ने अहिले सम्म निर्क्यौल गरिएको छैन। सबैले अहिले दलित आयोगलाई उच्च स्तरीय, अधिकार सम्पन्न र स्वायत्त बनाउन आयोग सम्बन्धी विधेयकको मस्यौदालाई पूर्ण बनाई संसदबाट पारित गराउनु पर्नेमा जोड दिन थालेका छन् ।

यसअघि सरकारले आयोगसम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा तयार गर्नका लागि स्थानीय विकास मन्त्रालयलाई जिम्मा लगाएको थियो । मन्त्रालयले दलित आयोगको मस्यौदा तयार गरेर सार्वजनिक छलफल सम्पन्न गरी सम्बन्धित निकायलाई बुझाएको छ । मन्त्रालयद्वारा तयार गरिएको मस्यौदाले दलित समुदायको दीर्घकालीन हित र भलाईका लागि सक्षम आयोग बन्छ भन्ने अपेक्षालाई प्रायः समाप्त पारेको छ।

मस्यौदामा दलित आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा भनिएको छ- "संविधान र प्रचलित कानुन अनुसार दलितको हक, हित र अधिकारको निर्बाध उपभोग गर्न पाउने वातावरण सिर्जना गर्नु, कार्यान्वयनमा समन्वय गर्नु, संरक्षण

विधेयक नै दलित आयोगको मेरुदण्ड हो

– पद्मसिंह विश्वकर्मा
अध्यक्ष, राष्ट्रिय दलित आयोग

० राष्ट्रिय दलित आयोग भर्खर गठन भएको छ, यो कसरी बढ्छ?

– दलित आयोग गठन भइसकेको छ । तर, यसको पूर्वाधारहरु जुन बन्नु पर्थ्यो त्यो बनिसकेको छैन । पहिले यसको गठन आदेश, नियमहरु, राजपत्रमा प्रकाशित हुनु पर्यो। त्यसपछि हामी आयोगका साथीहरुबीच सल्लाह गरेर, कसरी अगाडि बढ्ने र के गर्ने भन्ने कुराको निर्क्योल गर्छौं । अहिले त भर्खर आयोग गठन भएको समाचारहरु आएका छन् । अधिकारिकरुपमा आयोग गठन भएको कुरा समेत आइसकेको छैन । यद्यपी, दलित अधिकारको सबालमा आवश्यक पर्ने विषयहरुबारे समग्र नीति र योजना तयार गरेर हामी सरकार समक्ष पेश गर्दछौं । केही समय अघि सरकारले दलित आयोग सम्बन्धी एउटा विधेयकको प्रारम्भिक मस्यौदा पनि तयार गरेको थियो । त्यो विधेयकमाथि विभिन्न ठाउंमा छलफल चलेको थियो । सरकारले त्यो विधेयकलाई चालु सदनमा पेश गर्ने समेत भनेको थियो । तर, विधेयक पारित नहुँदै अहिले मन्त्री परिषद्को विशेष अधिकारद्वारा दलित आयोग गठन भएको छ। त्यसकारण दलित आयोगलाई स्वायत्त, सर्वशक्तिवान, उच्चस्तरीय बनाउने प्रावधान सहितको विधेयकलाई संसदबाट पारित गराउन हामी सरकारसंग अनुरोध गर्दछौं । राष्ट्रिय दलित आयोग सम्बन्धी विधेयकलाइ संसदबाट पारित गरेपछि मात्र आयोगको काम, कर्तव्य र अधिकार स्पष्ट हुन्छ । र आयोगको क्षेत्राधिकार पनि तोकिन्छ । विधेयक नै दलित आयोगको मेरुदण्ड हो । विधेयक पारित भएपछि कानुन बन्छ, तब मात्र आयोग सशक्त बन्न सक्छ ।

० दलित आयोग गठन हुनुलाई तपाईंले कसरी लिनुभएको छ ?

– दलित आयोग गठन वर्षौंदेखि पछाडि परेका दलित समुदायको माग अनुसार नै भएको छ । दलित आयोग गठन हुनु स्वागतयोग्य छ । सरकारलाई हामी धन्यवाद दिन चाहन्छौं । धेरै समय अघि देखि समाजमा हक हीत र प्रतिष्ठाबाट वञ्चित समुदायको क्षतिपूर्तिस्वरुप अथवा सोधभर्नाको लागि यो आयोग गठन भएको हो भन्ने मैले ठानेको छु ।

० यो आयोगलाई स्थानीय विकास मन्त्रालयको मातहतमा राखिने बताइएको छ , यदि आयोग मन्त्रालयको मातहतमा रह्यो भने कसरी अधिकार सम्पन्न होला ?

– हाम्रो पहिले देखिको माग दलित आयोग स्वायत्त र अधिकार सम्पन्न हुनु पर्छ भन्ने हो । आयोगलाई स्वतन्त्ररुपमा राखिनुपर्छ भन्ने जोड हाम्रो अहिले पनि छ । स्वायत्त र स्वतन्त्ररुपमा आयोगलाई नराखिने हो भने काम गर्ने सन्दर्भमा समस्याहरु उत्पन्न हुन्छन् । दलित समुदायका पीर-व्यथाहरुको निदानका लागि दलित आयोगलाई मन्त्रालयको मातहतमा राखिनु हुँदैन । स्वतन्त्र र स्वायत्तरुपमा यसलाई चल्न दिनुपर्छ । त्यसो भएमा मात्र आयोगको औचित्य साबित हुनसक्छ । आयोग अधिकार सम्पन्न, स्वायत्त र स्वतन्त्र हुनुपर्छ भन्ने हामी धारणा छ । हाम्रो आयोगको बैठक बसेर श्री ५ को सरकारलाई यही कुराको सुझाब दिन्छौं ।

० दलित आयोगको गठनसंगै विरोधका आवाजहरु उठ्न थालेका छन् ? यसप्रति तपाईंको के धारणा छ ?

– अहिले आयोग गठन भइसकेको छ । आयोगको कार्यान्वयनमा पनि केही कमि देखिएको छ । एउटा भनाई छ – "अगुल्टाले हानेको कुकुर बिजुली चम्किदा तर्सिन्छ ।" साथीहरुलाई आयोग पनि त्यस्तै हुने हो कि भन्ने लागेको हुन सक्छ । आयोग गठन मात्र हुने, अधिकार नदिने, आयोगको कार्यान्वयन हुँदैन कि भन्ने आशंका पनि उत्पन्न भएको हुनसक्छ । यो कोणबाट विरोधका आवाजहरु उठेका हुन सक्छन् । तर मलाई लाग्छ, आयोग त्यस्तो हुँदैन । अधिकार सम्पन्न भएर जान्छ ।

० नवनियुक्त अध्यक्षको हैसियतमा दलितहरुको समग्र हीतको लागि आयोगले पहिलो चरणमा कस्तो कदम चाल्नु पर्छ भन्ने ठान्नु हुन्छ ?

– दलितलाई पछाडि पार्ने आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक र धार्मिक क्षेत्र हुन् । यी पांचवटा क्षेत्रलाई समानुपातिक प्रगतिमा लैजाने काम गर्नुपर्छ भन्ने मैले आवश्यक ठानेको छु । तर, यी पांच वटा क्षेत्रलाई एकै पटक अगाडि बढाउन सम्भव छैन । तसर्थ, तत्काल दलितहरुलाई दुःख दिइरहेको छुवाछुत प्रथालाई व्यवहारिकरुपमा समाप्त गर्नका लागि आवश्यक पर्ने कदमहरु आयोगले चाल्ने छ । छुवाछुतको मारमा परकोहरुलाई राहत र सहानुभूति तथा छुवाछुतको भेदभाव गर्नेहरुलाई सम्झाउने, बुझाउने, नमानेमा नसिहत दिलाउनका लागि हामी लाग्नु पर्छ भन्ने मलाई

र सम्बर्द्धनका सम्भावना विस्तार गर्नु आयोगको मुख्य काम र कर्तव्य हुनेछ ।" यो उद्देश्य पूरा गर्न आयोगले प्रचलित कानुनद्वारा प्रत्याभूत व्यवस्थाको पुनरावलोकन गर्ने, सुधार, सम्बर्द्धन र कार्यान्वयनका लागि सिफारिश गर्ने सरकारी मस्यौदामा उल्लेख छ । तर, दलित समुदायका हितका लागि आयोगले जातीय छुवाछूतका घटनाहरुको अध्ययन, अनुसन्धान र छानविन तथा छुवाछूतको भेदभाव गर्नेलाई कडा दण्ड र सजाय गर्न सक्नु पर्छ भन्नेमा सबैले जोड दिएका छन् । मन्त्रालयले तयार गरेको मस्यौदामा उल्लेख गरिएको आयोगको काम, कर्तव्य र अधिकारले दलित आयोगको क्षेत्राधिकार साँघुरिएको छ ।

विगतदेखि नै दलित आयोग संवैधानिक, स्थायी, स्वायत्त, सशक्त र साधन स्रोतले युक्त हुनु पर्दछ भन्ने आवाज उठ्दै आएको छ । तर सरकारको काम कारवाहीबाट यो अपेक्षा पूरा हुने देखिँदैन । आयोगले गर्ने कार्यहरुका सम्बन्धमा मस्यौदामा उल्लेख छ- "राज्यका नीति निर्देशक सिद्धान्त अनुसार दलित र उपेक्षितसम्बन्धी प्रावधानको कार्यान्वयन भए/नभएको अनुगमन गर्ने, जातिवाद र मानवीय भेदभाव विरुद्धका राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि-सम्झौता प्रतिवेदन र त्यस सम्बन्धी प्रकाशनहरु अध्ययन गरी सो अनुसार नेपालले अपनाउनु पर्ने कार्यनीति सम्बन्धी सरकारलाई आवश्यक सुझाव र प्रतिवेदन दिने, दलित उत्थानमा संलग्न सरकारी तथा गैरसरकारी संस्थाबाट संचालन हुने विभिन्न कार्यक्रमको समन्वयात्मक कार्यान्वयन भए/नभएको अनुगमन गर्ने र आवश्यक सुझाव दिने ।"

लागेको छ। प्रधानमन्त्री शेरबहादुर देउवाले छुवाछुत अन्त्य भएको घोषणा गर्नुभयो। तर, अहिले पनि दलित समुदायलाई मन्दिर प्रवेश गर्न जाँदा रोक लगाइएको छ। प्रवेश गरेमा कुटपिट गरिएको छ। धारा, कुवालगायत अन्य सार्वजनिक स्थलमा दलितहरुलाई बन्देज गरिएको छ। यो परिस्थितिको कानुनीरुपमा अन्त्य भए पनि व्यवहारिकरुपमा अन्त्य भएको छैन। यसलाई व्यवहारिकरुपमा अन्त्य गराउन हाम्रो भूमिका केन्द्रित हुनुपर्छ।

० सत्तारुढ दलको अलावा प्रमुख विपक्षी नेकपा (एमाले) को तर्फबाट पनि आयोगमा प्रतिनिधित्व भएको छ, सबैलाई समेटेर कसरी अगाडि बढ्नु हुन्छ ?

- आयोगमा प्रतिनिधित्व भएपछि राजनीतिक दलको हैसियतमन्दा माथि उठेर काम गर्नुपर्छ। आयोग राजनीतिक विवाद गर्ने थलो बन्नु हुँदैन भन्ने मेरो राय हो। त्यस अर्थमा सबै साथीहरुको सरसल्लाह, सुझाव र सहमतिको आधारमा निर्णय गर्ने र त्यसको कार्यान्वयनमा जुट्ने मेरो सोच छ। सबै क्षमतावान, अनुभवि र योग्य साथीहरु हुनुहुन्छ। त्यसकारण काम गर्न अप्ठ्यारो हुँदैन भन्ने लागेको छ।

आयोग 'वाच डग' समेत बन्नु पर्छ

– जीतु गौतम
सदस्य, राष्ट्रिय दलित आयोग

० दलित आयोग गठनप्रति तपाईको के प्रतिक्रिया छ ?

- उत्पीडित दलित समुदायको जुझारु संघर्षको परिणामका कारण लामो समयको प्रतिक्षापछि भखरै दलित आयोग गठन भएको छ। विगतमा प्रमुख विपक्षी दल नेकपा (एमाले) र सरकारबीच कायम भएको १७ बुँदे राष्ट्रिय सहमतिको प्रस्तावमा दलित समुदायको सवाल प्रमुखरुपमा उठेको हो। खास गरी एमालेले दलित जनताको अधिकारको सवालमा सरकारलाई दबाब दिँदै आएको हो। अर्कोतर्फ, उत्पीडित जनताको पूर्ण मुक्तिको आन्दोलनको अग्रदस्ता नेपाल उत्पीडित जातीय मुक्ति समाजले विगतमा सरकारसमक्ष पेश गरेका तीन सूत्रीय मागमध्ये दलित आयोग गठनको माग एउटा प्रमुख माग थियो। हामीले तीन सूत्रीय माग पुरा गराउन उत्पीडित जनसमुदायको सहभागितामा निक्कै लामो संघर्ष गरेको तथ्य सबैका सामु जगजाहेर छ। सारमा दलित आयोग गठन हाम्रो आन्दोलनको परिणाम हो। यसलाई हामीले उत्पीडित जातीय मुक्ति आन्दोलनको एउटा महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छौं।

० तपाई यो आयोग कसरी अगाडि बढ्न पर्छ भन्ने ठान्नु हुन्छ ?

- भखरै मात्रै आम संचारका माध्यम मार्फत् आयोग गठन भएको जानकारी प्राप्त भएको छ। हामीले विगतदेखि नै संवैधानिक आयोगको माग गर्दै आएका हौं। तर त्यसो हुन सकेन। हामी यथास्थितिवादमा विश्वास गर्दैनौं। त्यसकारण आयोग गठन भयो भनेर चित्त बुझाउने पक्षमा छैनौं। यसलाई उच्चस्तरीय, स्थायी, अधिकार सम्पन्न, साधन र स्रोतले युक्त बनाउनेतर्फ हाम्रो कामलाई केन्द्रित गर्छौं। आयोगको कार्यक्षेत्र समेत तोकिएको अवस्थामा सर्वप्रथम सरकारलाई हामी दलित आयोग सम्बन्धी प्रारम्भिक विधेयकको मस्यौदालाई पूर्ण बनाएर संसदमा पेश गर्न लगाउँछौं। आयोग सम्बन्धी विधेयक सर्वभौम संसदबाट पारित भएपछि कानुन बन्छ अनिमात्र आयोगको काम, कर्तव्य, अधिकार तोकिन्छ।

० त्यसो भए तपाईको जोड आयोगसम्बन्धी विधेयक पारित गर्नु पर्छ भन्नेमा हो ?

- हो, हाम्रो मुख्य जोड नै आयोगसम्बन्धी विधेयकलाई संसदमा पारित गर्नु पर्छ भन्ने हो। विधेयक बिना आयोग अधिकार सम्पन्न हुन सक्दैन। सरकारले प्रारम्भिक विधेयकको मस्यौदा तयार गरेको छ। त्यसलाई पूर्ण बनाएर आयोगले संसदमा पेश गर्न सरकारलाई बुझाउनु पर्छ। र, आयोगको अहिलेको तात्कालिक काम नै यही हो।

० आयोग स्थानीय विकास मन्त्रायको मातहतमा रह्यो भने कसरी उच्चस्तरीय र अधिकार सम्पन्न हुन सक्छ ?

- सरकारले आयोगलाई स्थानीय विकास मन्त्रालयको मातहतमा राख्छ भन्ने हल्ला अहिले निक्कै चलेको छ। हामी आयोगलाई कुनै मन्त्रालयको मातहतमा राखिनु हुँदैन भनिरहेका छौं। यो स्वतन्त्र, स्वायत्त हुनुपर्छ। त्यसो भएन भने लामो समयदेखि दासको जीवन बिताउँदै आएका उत्पीडित दलित समुदायको भावनामा नै गम्भीर चोट पुग्छ। यो आयोगले दलितहरुको जीवनमा आमूल र सकारात्मक परिवर्तन ल्याउन सक्नु पर्छ।

० आयोगले तात्कालिकरुपमा के-के काम गर्नुपर्छ भन्ने ठान्नुहुन्छ ?

- दलित आयोग "वाच डग" बन्नुपर्छ भन्ने मेरो धारणा छ। त्यसका साथै दलितसम्बन्धी संचालन भएका सबै कार्यक्रमहरुको मूल्याकन, अनुगमन गर्नु पर्छ। मुलरुपमा देशमा घटेका जातीय छुवाछुतका घटनाहरुको अध्ययन र छानविन गर्ने तथा दोषीहरुलाई कडा दण्ड र सजाय गर्न सम्बन्धित निकायलाई निर्देशन गर्ने काम यो आयोगले गर्न सक्यो भने दलितहरुको अपेक्षा पुरा हुन सक्छ। □□□

आयोगले छुवाछूत हटाउन सामाजिक जागरणका कार्य गर्ने दलितसम्बन्धी राष्ट्रिय नीति तय गर्न राष्ट्रिय योजना आयोगलाई सुझाव दिने लगायतका कार्यहरु समेत मस्यौदामा उल्लेख गरिएको छ। तर, नेपाल उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष छविलाल विश्वकर्मा दलित आयोगले यी सबै कार्य गर्न नसक्ने बताउनु हुन्छ। उहाँ भन्नुहुन्छ- "दलित आयोगले जातीय छुवाछूतका घटनाहरुको न्यायिक छानविन गरी दोषीलाई कडा कारवाही गर्न सरकारलाई निर्देशन दिने कार्य गर्नु पर्छ। आयोगले सबै काम गर्न सक्दैन।" दलित आयोगको मुख्य कार्य नै यही हुनु पर्नेमा जोड दिँदै विश्वकर्मा थप्नुहुन्छ- "आयोगले प्रशासन, सार्वजनिक क्षेत्र, ब्रिटिश तथा नेपाली सेना लगायत सबै क्षेत्रमा हुने छुवाछूतका घटनाहरुको निरीक्षण गर्न सक्नु पर्छ।"

सरकारले आयोगलाई स्थानीय विकास मन्त्रालयको मातहतमा रहने स्वरुपको बनाएको छ। दलित आयोगले स्थानीय विकास मन्त्रालय मार्फत सरकारसंग सम्पर्क गर्नु पर्ने प्रावधान मस्यौदामा राखिएको छ।

दलितहरुको संघर्षका कारण गठन भएको यो आयोगले दलित समुदायको अहिलेको सामाजिक स्तरमा आमूल परिवर्तन ल्याउन सक्नु पर्नेमा जोड दिँदै मानवअधिकारवादी नेता तथा इन्सेकका महासचिव सुबोधराज प्याकुरेल बताउनुहुन्छ- "दलित आयोगले जातीय छुवाछूतका घटनाहरुमा केन्द्रित भएर त्यसको छानविन गर्न सक्नु पर्छ। त्यस सम्बन्धी आफ्ना सिफारिश राज्यसामु प्रस्तुत गर्न सक्नुपर्छ। जातीय छुवाछूतका घटनाहरुको

सैद्धान्तिक विश्लेषण गरेर, जातीय छुवाछूतको अत्याचार भोग्नेहरुले कस्ता स्वरुपका अन्याय, अत्याचार भोगेका छन् भन्ने विषयमा केन्द्रित भएर आयोगले प्रतिवेदन तयार गर्नुपर्छ ।" प्याकुरेलले आयोगको काम, कर्तव्य र अधिकार क्षेत्र कस्तो हुनु पर्छ भन्ने सवालमा आयोगमा जाने व्यक्तिले नै त्यसको निर्धारण गर्नुपर्ने बताउनु भयो । उहाँले भन्नु भयो- "जुनसुकै रुपमा दलित आयोग गठन किन नहोस्, आयोगमा जाने साथीहरुले नै आयोगको हैसियत, क्षमता, अधिकारको बारेमा आवश्यक जनमत निर्माण गर्नु पर्छ ।"

दलितहरुले आफ्नो हक, हित र अधिकारको स्थायी ग्यारेण्टीका लागि संवैधानिक प्रावधान सहितको दलित आयोगको माग गर्दै आएका हुन् । प्रजातन्त्रका पुनर्स्थापना पछिदेखि नै दलितहरुले संवैधानिक दलित आयोगको लागि आवाज उठाउँदै आएका थिए । उनीहरुको यो मागलाई सबै क्षेत्रबाट सकारात्मक रुपमा लिईए पनि सरकारले स्वीकार गर्न सकेन । अहिले संविधान संशोधन हुन सक्ने प्रबल सम्भावना भएका कारण संविधानमा नै दलित आयोगको व्यवस्था गरी आयोग गठन गरिएमा उक्त आयोग अधिकार सम्पन्न हुने बताइन थालेको छ । संविधानमा नै दलित आयोगको व्यवस्था हुनुपर्ने उल्लेख गर्दै अधिवक्ता लुमासिंह विश्वकर्मा भन्नुहुन्छ- "दलितहरुको अधिकारको ग्यारेण्टीका लागि संवैधानिक अंग सरहको दलित आयोगको गठन गरिनुपर्छ ।

उता नेकपा (एमाले) केन्द्रीय सदस्य तथा उत्पीडित जाति फाँट इन्चार्ज शान्ता मानवी भर्खरै दलित आयोग गठन भएकोमा सोको हार्दिक स्वागत गर्दै भन्नुहुन्छ- "अपाङ्गो सरकारी निर्देशनमा नाच्ने र मन्त्रालयको मातहतमा रहने दलित आयोगले उत्पीडित जातिको वास्तविक जीवनमा हुने परिवर्तन ल्याउन सक्दैन । कानुन निर्माण गरेर आयोगको क्षेत्राधिकार तोकिनु पर्छ । हामीले आयोग संवैधानिक हुनु पर्छ भन्दै आएका हौं । यो स्थायी अधिकार सम्पन्न र स्वायत्त हुनुपर्छ । नत्र आयोगको औचित्य नै हुँदैन ।"

उहाँ आयोगले गर्नु पर्ने कामहरुबारे औंल्याउनु हुन्छ- "आयोगले देशमा घटेका छुवाछूतका घटनाहरुको छानविन गर्ने र त्यस्ता घटनामा दोषी देखिएका व्यक्तिहरुलाई कडा दण्ड र सजाय गर्न सक्नु पर्छ । आयोग दबाब र उल्झनमा पऱ्यो भने दलित समस्या समाधान हुँदैन ।" उहाँ सरकारले तयार गरेको दलित आयोग सम्बन्धी मस्यौदामा धेरै विषयको संशोधन तथा परिमार्जन गर्नु पर्ने आवश्यकता रहेको बताउनु हुन्छ । मानवीको स्पष्ट कथन छ- "सरकारले आयोग सम्बन्धी मस्यौदालाई धेरै परिमार्जन गर्नु पर्छ । त्यही मस्यौदा अनुरुप यदि यो आयोग अगाडि बढ्ने हो भने त्यसको आकार सरकारी समितिहरुको भन्दा ठूलो हुनै सक्दैन । त्यसकारण आयोग सम्बन्धी मस्यौदालाई पूर्ण बनाएर संसदबाट पारित गराउनु पर्छ ।"

केही वर्ष यता विभिन्न प्रयोजनका लागि आयोगहरु निक्कै बन्न थालेका छन् । पीडित समुदायले आफ्नो हक अधिकारका लागि संगठित संघर्ष संचालन गर्न थालेपछि दलित आयोग गठन गर्ने सरकारी प्रतिबद्धता जाहेर भएको हो । दलित संघर्षको परिणामको रुपमा गठन भएको यो आयोगले दलित समुदायको वास्तविक जीवनमा आमूल रुपान्तरण ल्याउन सक्नु पर्छ । वर्षौंदेखि आधारभूत मानवअधिकार उपभोगबाट समेत वञ्चित रहेका दलित समुदायमाथि हुने सबै खाले शोषण, उत्पीडित र दमनलाई समाप्त पार्न सक्ने माम आयोगले गर्न सक्नु पर्छ भन्ने सबैको चाहना छ । तर, यस विपरित आयोग अगाडि बढेमा यो आयोग नै दलितहरुको लागि घाँडो हुने देखिन्छ ।

यस अघि दलित समुदायको लागि सरकारले लागू गरेका कार्यक्रमहरुले लक्षित समुदायलाई छुन नसकेका कारण ती कार्यक्रमहरु प्रति नै अहिले असन्तोष प्रकट हुन थालेको छ । दलितका लागि सरकारले संचालन गरेका अधिकांश कार्यक्रमहर टाठाबाठाहरुका लागि मात्र भएको गुनासो पनि गर्न थालिएको छ । यस्तो परिस्थितिमा गठन भएको आयोगले दलित हितको मामिलामा ठोस भूमिका निर्वाह गर्न सक्नुपर्दछ भन्ने आम धारणा छ । "दलितहरुमा उत्पन्न निराशालाई चिर्ने काम आयोगले गर्नुपर्छ । आयोग हाम्रो आन्दोलनको परिणाम हो । यो दलितहरुका लागि घाँडो साबित हुनु हुँदैन, सशक्त बन्नुपर्छ मुक्ति समाजका अध्यक्ष छविलाल विश्वकर्माको भनाइ छ ।" ❑

बालश्रम उत्पादन गर्ने मुहान बन्द गरिनु पर्छ

– सूर्यप्रकाश भट्टराई

बाल्यकालको सम्झना सबैलाई हुन्छ। यो जीवनको महत्वपूर्ण, संवेदनशील र नाजुक अवस्था पनि हो। सिद्धान्ततः हामी सबै बालबालिकाका हक हितको कुरा गर्न रुचाउँछौं तर व्यवहारमा उनीहरुको अवस्थाप्रति संवेदनशील हुनसकेका छौं की छैनौं ? यो गम्भीर प्रश्न हो। अहिले सबै भन्दा पीडित कोही छ भने ती बालबालिका नै छन्। हाम्रो देशमा २६ लाख बालश्रमिकहरु छन्, त्यस मध्ये ९४ प्रतिशत भन्दा बढी बालश्रमिकहरु कृषि क्षेत्रमा कार्यरत् छन्। नेपालको कृषि क्षेत्रमा रहेको बालश्रम एक गम्भीर समस्या हो। कृषि क्षेत्रमा रहेको यो समस्या देशव्यापी रुपमा विद्यमान छ।

बालबालिकाले जन्मनु अगाडि आमाको पेटमा हुँदा पोषणयुक्त खाना खान पाएको छ कि छैन् ? उसले आमाको गर्भमा छँदा आवश्यक सबैं खोप पायो कि पाएन ? र जन्मीसकेपछि हुर्कन र बढ्ने उपयुक्त अवसर पाएको छ कि छैन ? यस्ता विषयमा वयस्क मानिसहरुले त्यति ध्यान दिन सकेका छैनन्। नेपालले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेको पनि एक दशक पूरा भै सक्यो। साथै, दक्षिण एशियाली क्षेत्रीय प्रतिवद्धतालाई समेत यसले अनुमोदन गरिसकेको छ। तिनीहरुको कार्यान्वयनको लागि बाल अधिकारसंगै र बालश्रम निषेध र नियमित गर्नका लागि ऐन/कानुनहरु निर्माण गरी लागू गरिसकिएको छ। तैपनि बालबालिकाको ठूलो हिस्सा खाना, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत अधिकारबाट बञ्चित हुनुका साथै शोषण र अन्यायबाट पिल्सिरहेका छन्।

नेपालमा कूल जनसंख्याको ४२ प्रतिशत मानिसहरु गरीबीको रेखा मुनी छन्। उनीहरुका बालबालिका पर्याप्त खान, लाउन र शिक्षा पाउन सक्ने अवस्थामा छैनन्। कृषि पेशामा संलग्न ८० प्रतिशत मानिसहरु गाउँमा बस्छन्। कृषि कार्यमा संलग्न परिवारका अधिकांश छोराछोरी पूर्ण वा आंशिक रुपमा खेतीपातीको काममा संलग्न छन्। यसका अतिरिक्त कैयौं बालबालिका गाँस, बास, कपासका लागि अर्काको घरमा काम गर्न बाध्य छन्। गरीबीको कुचक्रमा बाँचेका अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई दुईछाक पेटभरी खान दिन र एकसरो लगाउन दिन समेत साहुको ऋण लिएर बाँधिनु परेको अवस्था छ, उनीहरुका छोराछोरीका लागि शिक्षा, स्वास्थ्य र सुरक्षा भन्ने कुरा एउटा सैद्धान्तिक विषय मात्र बनेको छ। कृषि क्षेत्रमा संलग्न बालश्रमिकका सम्बन्धमा सम्बन्धित निकायको आवश्यक ध्यान पुग्न सकेको छैन।

कृषि क्षेत्र बालश्रम उत्पादन गर्ने मूल थलोको रुपमा रहँदै आएको छ। कृषि क्षेत्रबाट नै शहरी बालश्रम, चिया बगान, ईंटाभट्टा, यातायात, होटल, रेष्टुराँ लगायतका क्षेत्रमा बालश्रम फैलिरहेको छ। वर्तमान स्थितिलाई परिवर्तन गर्नका लागि कृषि क्षेत्रमा रहेको जोखिमयुक्त बालश्रम लगायत सबै प्रकारको बालश्रम विरुद्ध सम्पूर्ण समाजलाई नै संवेदनशील बनाउनु पर्दछ। साथै, जोखिमयुक्त अवस्थामा रहेका बालश्रमिकहरुलाई मुक्त गर्नु पर्छ, यो काम त्यति सजिलो छैन। त्यसका लागि समाजका सबै क्षेत्रका मानिसहरुको पहलको खाँचो छ।

आज हाम्रो देशमा करीब ९० लाख बालबालिकाहरु बाँचेका छन्। प्रत्येक १०० जना नयाँ जन्मेका बालबालिकाहरुमा ५१ जना बालक

र ४९ जना बालिका रहेका छन्। र, तिनीहरु मध्ये ७ जना शहरमा ९३ जना गाउँमा बस्दछन्। त्यस्तैगरी ४० प्रतिशत बालबालिकाहरु निरपेक्ष गरीबीको रेखामुनी बाँचेका छन्।

बालश्रम

बालबालिकालाई शिक्षा, स्वास्थ्य, मनोरञ्जन लगायत उसको चौतर्फी विकासमा बाँधा पुग्ने गरी काममा लगाउनु बालश्रम हो। बालबालिकालाई सित्तैमा वा कम पारिश्रमिक दिएर काममा लगाउनु हुदैन, यसरी काममा लगाउनाले बालबालिकाको श्रम शोषण हुन्छ।

पढ्ने, लेख्ने र खुशीसाथ आफ्नो बालापन बिताउने बेलाका करीब २६ लाख बालबालिका हाम्रो देशमा बालश्रम शोषणमा परेका छन्। राम्रोसंग लगाउने, खाने र हाँस-खेल गर्ने त कुरै छाडौं, रातदिन श्रम गर्दा पनि उनीहरुले उचित ज्याला पाउँदैनन्, आराम गर्न पाउँदैनन्, मध्यरातसम्म काम गर्नु पर्ने बाध्यता छ। अर्कोतिर बालबालिकाहरुले परिश्रम गर्दा गर्दै पनि अवहेलना र उपेक्षा खेप्दै आएका छन्। यसरी जोखिमयुक्त परिस्थितिमा जीवन विताउनु पर्ने बाध्यताले बालबालिकाले आफ्नो बालापन मात्रै गुमाउँदैनन् बरु उनीहरु शारीरिक, मानसिक, नैतिक र बौद्धिक रुपमा पनि अशक्त र कमजोर हुने गर्दछन्।

बालबालिकाको आधारभूत अधिकारको संरक्षण र प्रवर्द्धनको दिशामा बालश्रम एक अवरोधक तत्व हो। बालबालिकाले गर्ने सबै खाले काम आपत्तिजनक हुदैनन्, साथसाथै बालबालिकाले घर-परिवारको सहयोग गर्नको लागि गर्ने कतिपय कामलाई बालबालिकाको सामाजिकीकरण प्रक्रियाको रुपमा लिन सकिन्छ। तर, बालबालिकाको विकास र संरक्षणमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पार्ने कामहरु , खासगरी सबैखाले जोखिमपूर्ण र हानिकारक तथा शोषणात्मक बालश्रमको भने विरोध गर्नु पर्दछ।

बालश्रमको कुरा गर्ने बित्तिकै बालबालिकाले केही काम गर्नै हुन्न भन्ने छैन। तर बालबालिकाले काम गर्न हुन्छ भनेर उनीहरुको विकासमा नै बाधा पुऱ्याउने ढंगले पनि काम लगाउनु हुदैन। त्यसैले बालबालिकाले गर्न हुने काम र बालबालिकाले श्रमिकका रुपमा गर्ने बालश्रममा भिन्नता बुझ्नु आवश्यक छ।बालबालिकाको आधारभूत अधिकारबाट बंचित नभैकन कुनै पनि बालबालिकाले उसको क्षमता अनुसार सामान्य कामहरु गर्नु बालबालिका कै विकासको निम्ति पनि राम्रो हुन सक्दछ। तर कुनै बालबालिकालाई उसको शिक्षा, स्वस्थ्य र विकासमा बाधा पुग्ने गरी श्रम गराइनु भने हुदैन।

बालापन तथा आधारभूत बालअधिकारबाट बंचित रहेर आफ्नो तथा परिवारको जिविकाको निम्ति बालबालिकाले श्रम बेच्न बाध्य हुनु पर्ने परिस्थिति नै बालश्रम हो। बालश्रम गरीबी,अशिक्षा, असचेतनता तथा सामाजिक अन्यायको परिणति हो जुन कुरा हाम्रो देशको विद्यमान आर्थिक, सामाजिक संरचनाको एक अंग बनेको छ।

बालश्रमका कारण र असरहरु

यदि बालश्रम समस्यालाई एउटा समस्यारुपी रुखको तुलना गर्ने हो भने बालश्रमका कारणहरु (जरा) सस्तो श्रममा काममा लगाउन पाउनु, गरीबी, बेरोजगारी, अशिक्षा, अचेतनता, घरेलु हिंसा, सामाजिक असुरक्षा, पारिवारिक वियोग, फकाई-फुलाई काम गराउन सकिने अवस्था विद्यमान छन्। बालश्रमका असरहरु तथा परिणामहरुमा घरेलु नोकर, मगन्ते बालक, सडक बालक, बाल वेश्यावृत्तिमा लाग्नु, होटल मजदुर, कुपोषणको शिकार, अशिक्षित र अदक्ष नागरिक उत्पादन, आत्महीन बालबालिकाको बृद्धि, परित्यक्त बालबालिकाको बृद्धि हुने स्थिति छ। यस्तो अवस्थामा बालबालिकालाई पुऱ्याउन हाम्रो सामाजिक मूल्य-मान्यता, शिक्षा नीति, राज्य, आर्थिक नीति, घर,परिवार, समाज र सरकार सबै उत्तिकै जिम्मेवार छन्।

बालश्रम सम्बन्धी कानूनी व्यवस्था

- अन्तर्राष्ट्रिय श्रम संगठनको न्यूनतम उमेर सम्बन्धी महासन्धि नं. १३८ मा बालश्रमको अन्त्य गरिनुपर्ने कुरा उल्लेख गर्दै काममा लगाइने व्यक्तिको उमेर न्यूनतम १४ वर्ष भन्दा कम हुन नहुने कुरा उल्लेख गरिएको छ ।
- संयुक्त राष्ट्रसंघद्वारा पारित बालअधिकार सम्बन्धी महासन्धिको धारा ३२ मा राज्य पक्षहरुले आर्थिक शोषणबाट र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षामा दखल पुग्ने वा बालबालिकाको स्वास्थ्यमा, तिनीहरुको शारीरिक, मानसिक,



आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानी पुग्ने कुनै पनि कामबाट बालबालिकालाई संरक्षित गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- नेपालको बालबालिका सम्बन्धी ऐन २०४८ को दफा १७ मा १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउन हुँदैन भनिएको छ।
- त्यस्तै, सोही दफा अनुसार १४-१६ वर्षसम्मका बालबालिकालाई श्रमिकका रुपमा काममा लगाउनेले बालबालिकाको फोटोसहितको विवरण जिल्ला बाल कल्याण समितिमा पठाउनु पर्छ । उनीहरुलाई बेलुका ६ बजेदेखि बिहान ६ बजेसम्मको अवधिमा अर्थात् रातमा श्रमिकको रुपमा काममा लगाउन नहुने तथा दफा ४७ अनुसार उनीहरुलाई दिनको ६ घण्टा र हप्ताको ३६ घण्टाभन्दा बढी काममा लगाउन नहुने, लगातार ३ घण्टा काम गरेपछि आधा घण्टाको विश्राम दिनु पर्ने तथा प्रत्येक हप्ता एक दिन विदा दिनु पर्ने व्यवस्था गरिएको छ । यसरी बालबालिकालाई काममा लगाउनको निमित्त बालकल्याण अधिकारी तथा बाबु-आमा वा संरक्षकको स्वीकृति लिनुपर्ने व्यवस्था पनि गरिएको छ। यसको विपरित हुने गरी काममा लगाएमा तीन महिनासम्म कैद वा तीन हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। त्यस्तै, श्रम ऐन २०४८ को दफा ५ ले पनि यस्तै व्यवस्था गरेको छ ।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ मा बालश्रम विरुद्ध भएका मुख्य-मुख्य व्यवस्थाहरु

- १४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउन निषेध गरिएको छ । कसैले लगाएमा ३ महिनासम्म कैद वा १० हजार जरिवाना वा दुवै सजाय हुन्छ ।
- १४ वर्ष उमेर पूरा गरेकालाई जोखिमयुक्त काममा लगाउन नहुने । कसैले लगाएमा १ वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- बालबालिकाहरुको इच्छा विरुद्ध काममा लगाउन नहुने। कसैले लगाएमा १ वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- संरक्षकको स्वीकृति लिएर मात्र काममा लगाउन पाइने । कसैले स्वीकृतिविना लगाएमा २ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

बालश्रम न्यूनिकरण कसरी गर्ने

मेचीदेखि महाकालीबीचमा लाखौं लाख बालबालिका जीवन, स्वास्थ्य, शिक्षा, बालापनबाट बञ्चित भएर कष्ट साध्य अवस्थामा काम गरिरहेका छन् । जीवनको आनन्दमा हाँस्दै, खेल्दै हुर्कनु पर्ने बेलामा उनीहरु गोठाला, खेताला, बँधुवा श्रमिक, घरेलु नोकर, खलासी, ईंटाभट्टा मजदुरी, देह व्यापारलगायतका पेशामा संलग्न हुन बाध्य छन्। यसरी उनीहरु आफ्नो जीवन निर्वाहका लागि मात्र होइन कैयौंले त परिवारसमेतका लागि अर्थोपार्जन गर्नु परिरहेको स्थिति छ । हाम्रो देशको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक संरचनाका कारण यस्तो अवस्था सिर्जना भएको हो। मानव समाज निर्मित यस्तो अवस्थालाई बदल्न सकिन्छ र पर्छ पनि । तर बालश्रम तत्कालै उन्मूलन गर्न सम्भव पनि छैन। फेरि पनि शोषणयुक्त र जोखिमपूर्ण अवस्थामा रही पिल्सिइरहेका लाखौं लाख बालबालिकालाई भने तत्कालै यसबाट मुक्ति चाहिएको छ। यसैले शोषण र अन्यायको जाँतोमा पिसिइरहेका बालबालिकालाई मुक्त गर्ने काममा आफ्नो कुताले भ्याएसम्म सहयोग गर्नका लागि हामी सबै सचेत नागरिकहरु प्रतिवद्ध बनौं ।

बालश्रम निराकरण

हाम्रो मुलुकमा सबैभन्दा बढी बालश्रमिक भएको क्षेत्र कृषि नै हो। अहिलेसम्म बालश्रम विरुद्ध जे जति कार्यक्रम र अभियान केन्द्रित छन् ती सबै सडक बालबालिका र शहरी बाल श्रमिकबीचमा मात्र छ भन्दा अत्युक्ति नहोला ।

कृषि क्षेत्रमा रहेका बाल श्रमिकका बारेमा अभिभावकहरु आफै सचेत हुनुपर्ने हो तर गरीबहरुका लागि जति धेरै बालबालिका हुन्छन् त्यति नै आर्थिक जनशक्तिको रुपमा बुझ्ने चलन छ । पहिलो कुरा त अभिभावकहरुलाई नै समस्याबारे सचेत पार्नु पर्छ। हाम्रो समाजले र स-साना केटाकेटीलाई सस्तोभन्दा सस्तो पारिश्रमिक दिएर काम गराउने भएकोले ठूला मानिसहरुलाई काममा नलगाउने जसले गर्दा बेरोजगारी संख्या वृद्धि हुँदै गइरहेको छ ।

जबसम्म कृषि श्रमिकहरुले उचित ज्याला पाउँदैनन् तबसम्म आफ्ना बालबालिकालाई काम गराउने परिपाटी अन्त्य हुन सक्दैन । बालबालिकालाई स्कूल पठाउने वातावरणका लागि अभिभावकहरुको जीवनस्तर उठ्ने कार्यक्रम हुनु जरुरी छ। यो दीर्घकालीन काम हुन सक्छ । कृषि क्षेत्रमा १५ प्रतिशत बालबालिका जोखिमयुक्त अवस्थाका काम गर्छन्। यस्ता बालबालिकाको पुनर्स्थापनाको काम तत्कालै हुनुपर्छ। यसको निम्ति सरकारी प्रयासनै समस्या समाधानको प्रमुख निकाय हो ।

सरसरती हेर्दा कृषि क्षेत्रमा रहेको बालश्रमलाई अल्पकालीनरुपमा न्यूनिकरण र दीर्घकालीनरुपमा निराकरणको दिशामा लानु पर्ने हुन्छ ।

❐

भण्डारा काण्ड : यसरी जलाईए यात्रुहरू जीउँदै

प्रस्तावना

०५८ साल फागुन १० गते चितवन जिल्लाको भण्डारा गाविस-२ हर्दिमा रात्री बस जलाई पाँच जना यात्रुहरुको हत्या गरिएको घटनाका सम्बन्धमा तथ्य पहिल्याउने उद्देश्यका साथ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले एक तथ्य संकलन टोली घटना स्थलमा पठायो। टोलीले ०५८ फागुन १४ गते देखि १७ गते सम्म घटनाका सम्बन्धमा स्थलगत अवलोकन सहितको तथ्य संकलन कार्य गऱ्यो । टोलीले गरेको तथ्य संकलनबाट प्राप्त घटनाको विवरण, तथ्य र निष्कर्ष एवम् सुझाव यस प्रतिवेदनमा उल्लेख गरिएको छ ।

तथ्य संकलन कार्यविधि

तथ्य संकलन टोलीले घटनाका सम्बन्धमा मृतकका नातेदारहरु, यात्रु तथा प्रत्यक्षदर्शीहरु अस्पतालका चिकित्सक तथा कर्मचारीहरु, स्थानीय बासिन्दाहरु, जिल्ला प्रशासन कार्यालयका प्रमुख, जिल्ला तथा ईलाका प्रहरी कार्यालयका प्रमुखहरु, जन प्रतिनिधिहरु, स्थानिय राजनीतिक पार्टीका प्रमुखहरुबाट पृथक-पृथक रुपमा जानकारी सङ्कलन गरेको थियो । घटनास्थलको स्थलगत अवलोकन गरेर सूचना र तथ्यको विश्लेषण र स्थितिको लेखाजोखा गरेको थियो ।

तथ्य संकलनका क्रममा घटना भएको जिल्ला चितवनका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारी, प्रहरी उपरिक्षक प्रतापसिंह थापा, इलाका प्रहरी कार्यालय खैरहनी तथा भण्डाराका प्रमुखहरुले घटनाका सम्बन्धमा औपचारिक जानकारी दिन नमिल्ने बताउनु भयो । त्यस्तै, लाशहरु पर्साको वीरगंजमा लैजानका लागी खटीएका पर्साकै प्रहरीद्वारा पनि औपचारिक जानकारी दिन अस्वीकार गरियो।

तथ्य संकलनका क्रममा पर्साका वर्ष पुस्तक प्रतिनिधि प्रेम कार्की, भिडियो क्यामराम्यान कुमार कार्की, भरतपुर अस्पतालका चिकित्सक तथा कर्मचारीले विशेष सहयोग गर्नु भएको थियो । टोलीलाई सूचना तथा जानकारी उपलब्ध गराउने व्यक्तिहरु सबैको नाम प्रकाश नगरी सूचनास्रोतको सुरक्षाप्रति चाहिँदो हेक्का राखिएको छ । प्रतिक्रियाका रुपमा व्यक्त र स्रोत उल्लेख गर्न मिल्ने सम्मका व्यक्तिहरुको प्रतिक्रिया दिइएको छ ।

तथ्यहरुको लेखाजोखा र विश्लेषण गरी निष्कर्ष एवम् सुझाव तय गर्दा मानवअधिकारको अन्तर्राष्ट्रिय लेखलिखत र नेपालको प्रचलित कानुनी व्यवस्थालाई मापदण्ड कायम गरिएको छ ।

घटनाको संक्षिप्त विवरण

सरकारद्वारा आतंककारी घोषित नेकपा माओवादीले आव्हान गरेको २ दिने नेपाल बन्द कार्यक्रमको पहिलो दिन ०५८ फागुण १० गते शुक्रबार बिहान चितवन जिल्लाको भण्डारा गाविस २ हर्दि भन्ने स्थानमा काठमाण्डौंबाट वीरगंज तर्फ गइरहेको जितपुर टाईगर नामक ना २ ख ४९५५ नं को रात्री बस रोकी पेट्रोल बम प्रहार गरि माओवादीले आगो लगाए । उक्त घटनामा ५ जना व्यक्तिको जलेर बस भित्रै मृत्यु भएको थियो भने करिब १२ जना घाईते भएका थिए ।

बसमा आगो कसरी लाग्यो ?

श्री ५ को सरकारद्वारा आतंकवादी घोषित नेकपा माओवादीको दुई दिने नेपाल

वन्द कार्यक्रमको पहिलो दिन ०५८ फागुण १० गते विहान करिव चार बजे काठमाण्डौबाट वीरगंज तर्फ जादै गरेको जितपुर टाईगर नामक ना २ ख ४९५५ नं.को रात्रीबस चितवन जिल्लाको भण्डारा गाबिस-२ हर्दि भन्ने स्थानमा पुग्दा खुकुरी, पेट्रोल बम तथा बन्दुक सहितको हातहतियार बोकेका करिब चार जना महिला सहितको आठ, दश जनाको एक समूहले बस रोके । उक्त स्थान पूर्वपश्चिम राजमार्गको नारायणघाट - हेटौंडा खण्डमा नारायणघाटबाट २२ किलोमिटरको दूरीमा पर्दछ। राजमार्ग छेउको भण्डारा २ कि. मि. लेखिएको कोश स्तम्भनेरै घटना भएको थियो। उनीहरुले चालकलाई "तँलाई आज बन्द भन्ने थाहा छैन ?" भन्ने प्रश्न गर्दै "तुरुन्तै यात्रुहरुलाई ओराल् भन्ने आदेश दिए। ड्राइभरले 'बाटोमा जाम र सुरक्षा जांचले गर्दा अबेर भयो" बन्दको समय पनि भई नसकेकोले छोडिदिनोस् हामी समयमै वीरगञ्ज पुग्छौं, भने। त्यसपछि उनीहरुले "हामीलाई तेरो कुरा सुन्ने फुर्सद छैन"भन्दै तुरुन्तै गाडी व्याक गर, वत्ती निभा र यात्रुलाई ओराल्" भने। चालक वत्ती निभाई बस व्याक गरी सबै यात्रुलाई छिटो-छिटो ओर्लन आव्हान गर्दै आफू बसबाट ओर्लिए। तत्कालै एउटी महिलाले लाईटरले वम सल्काई चालक द्वारबाट वोनेटतर्फ प्रहार गरिन्।

सानो आवाज सहित उक्त पेट्रोल बम पड्किएर बस भित्र एकै चोटी ह्वार ह्वार आगो दन्कियो । यात्रीहरु आतंकित हुंदै हतार हतारमा कोही ढोकाबाट, कोही झ्यालबाट ओर्लदा ओर्लदै बसको पछाडी भागका झ्यालहरु बाट पनि थप दुई वटा पेट्रोल बम प्रहार गरियो। तीन वटा पेट्रोल बमको प्रहारले बस भित्र दनदनी आगो लाग्दा आगोको मुस्लो सबै झ्यालहरुबाट निस्किन थाल्यो ।

यात्रुहरु कसरी घाइते भए, मरे ?

बस आगोको मुस्लोमा परिणत हुँदा बसबाट मानिसहरु चिच्याईरहेको आवाज सुनिएको थियो । त्यस मध्ये 'मामा मामा! भनि चिच्याईरहेको सानो बच्चाको आवाज स्पष्ट सुनिएको थियो । आतंकित भई बसको ढोका तथा झ्यालबाट हतार-हतार निस्केका यात्रीहरु सडकमा पछारिएर घाईते भए भने कतिपय यात्रीहरु आगोले पोलेर घाईते भए । निस्कन नसकेका पाँच जना यात्रुहरुको बस भित्रै आगोले पोलिएर मृत्यु भयो ।

घाइतेको उद्धार र उपचार

बसमा आगलागी भए पछि विहान साढे चार बजे बसकै यात्री अमरुल्लाह अन्सारीले स्थानीय स्यार्से कालिका पेट्रोल पम्पबाट २०१५५ मा फोन गरी घटनाबारे जिल्ला प्रहरी कार्यालय भरतपुरमा जानकारी गराए र जिल्ला प्रहरी कार्यालयले इ.प्र.का. खैरहनीमा खबर गऱ्यो। त्यस पछि इ.प्र.का.का प्रहरीहरु बाटोमा टायर बालेको अवरोध हटाउँदै विहान पाँच देखि साढे पाँच बजेको हाराहारीमा घटनास्थलमा पुगे पछि प्रहरीले दमकल र एम्बुलेन्सलाई खबर गरे । बिहान उज्यालो भइसकेपछि करिब ६ बजे दमकलले आगो निभायो । त्यसपछि एम्बुलेन्स आईपुग्यो । घटनास्थलबाट चार जना घाईतेहरुलाई उपचारको लागि सुरक्षाकर्मी र केही यात्रीहरुको सहयोगमा विहान ७ . ३५मा भरतपुर अस्पतालको आकस्मिक कक्षमा लगियो। चारै जना घाईतेहरु भारतीय नागरिक थिए । ती घाईतेहरु मध्ये असगर अन्सारी र अस्ता आलमको खुट्टा भाँचिएका कारण शल्य क्रिया गर्नु पर्ने बताइयो तर उनीहरु भारतमा नै उपचार गराउने भनि गएका र अन्य दुई जना पनि साधारण उपचार पछि भारत गए । उनीहरुको उपचार खर्च घाईतेहरुका आफन्त यात्रुहरुले नै व्यहोरेको पाईयो । केही घाईतेहरुद्वारा आ-आफ्नै तबरले उपचार गरिएको कारण उनीहरुको यकिन संख्या र विवरण प्राप्त हुन सकेन ।

प्राप्त तथ्यहरु

क) करिब ७०-८० जना यात्रु (भित्र र छतमा समेत) सहित जितपुर टाईगर नामक ना.२ ख. ४९५५ नम्बरको रात्री सेवाको बस काठमाण्डौबाट ०५८ फागुन ९ गते बेलुकी करिब ९ बजे विरगञ्जतर्फ प्रस्थान गऱ्यो।

ख) ०५८ फागुन ११ गते देखि मुस्लीम समुदायको प्रमुख पर्व बकईद भएको तर नेकपा माओबादी ले फागुन १० र ११ गते नेपाल बन्द कार्यक्रमको आव्हान गरेको भए पनि बसमा यात्रुहरुको चाप बढी थियो ।

ग) काठमाण्डौबाट भण्डारासम्म पुग्दा बाटोमा खडा गरिएको अवरोध र सुरक्षा जाँचका कारण बस करिब दुई घण्टा ढिलो भयो ।

घ) यात्रुहरुलाई बसबाट ओर्लन पर्याप्त समय नदिई पेट्रोल बम प्रहार गरेकै कारण पाँचजना यात्रुहरुको जीवन समाप्त हुन गयो ।

ङ) घटनास्थलकै इलाकामा पर्ने इ.प्र.का. भण्डाराका प्रहरीहरु खबर पाएर पनि घटनास्थलमा गएनन् । इलाका प्रहरी कार्यालय खैरहनीका प्रहरीहरु घटनास्थलमा विहान उज्यालो भएपछि मात्रै पुगेको पाईयो ।

च) घटनास्थल नजिकका स्थानिय बासिन्दाहरुले भयका कारण गर्दा पीडितहरुलाई सहयोग गर्न मानेनन् ।

छ) विभिन्न संचार माध्यममा मृतकहरुहरु पाचैं जनाको सनाखत भएको समाचार सम्प्रेषण भएको पाईए तापनि यर्थाथमा तीन जनाको मात्रै सनाखन हुन सकेको पाईयो ।

ज) सनाखत हुन नसकेका दुई वटा लाश मुस्लिम समुदायकै भएको अनुमानमा वीरगंज उपमहानगरपालिका वडा नं. १७ को अग्रसरतामा मुस्लीम संस्कार अनुसार उनीहरुको अन्तिम संस्कार गरियो ।

झ) लाशहरु एकै जना व्यक्तिलाई बुझाईएको पाईयो ।

ञ) उपचार खर्च घाईतेहरुका आफन्त यात्रुहरुले नै व्यहोरेकोको पाईयो ।

ट) पीडितहरुका लागि राहत, सहयोग तथा क्षतिपूर्ति दिलाउने कुरातर्फ श्री ५ को सरकारले पहल नगरेको पाईयो।

विभिन्न पक्षको भनाई

प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारी (अनौपचारिक रुपमा)

मिति ०५८ फागुन १० गते शुकबार विहान ४ बजे बस चितवनको भण्डारामा पुग्दा १५/२० जना हतियारधारी व्यक्तिहरु थिए। चार चार जना बसको दुई तर्फ र बांकी बीचमा उभिएका थिए। हतियार देखाएर ढोका बन्द गरे, कसैलाई निस्कन दिएनन् र अगाडी र पछाडी बाट पेट्रोल बम प्रहार गरे। यात्रुहरु झ्यालको शिसा फोरेर बाहिर निस्के। निस्कन नभ्याउनेहरु जलेर मरे । घटनाको सूचना प्राप्त भएको ५०औं मिनेटमा सुरक्षा कर्मीहरु घट्नास्थल पुगे । बाटोमा अबरोधहरु खडा गरिएकोले समयमै पुग्न सकिएन । घाइतेहरुको उद्धार र उपचार सरकारको तर्फबाट गरियो । पीडितहरुले राहतको लागि माग गरेमा चितवन जिल्ला प्रशासन कार्यालय मार्फत सम्वन्धित निकायमा सिफारिश गर्ने व्यवस्था छ । चालकको भनाई अनुसार बस

भित्र पेट्रोल छर्केर पेट्रोल बम हाने र आगो लगाए ।

शैलेन्द्र रेग्मी, प्रहरी निरिक्षक, इलाका प्रहरी कार्यालय खैरहनी, चितवन (अनौपचारिक रुपमा)

घटनाको बारेको सूचना जिल्ला प्रहरी कार्यालय भरतपुरबाट मिति ०५८ फागुण १० गते शुक्रबार विहान ४:१५ बजे सेट मार्फत प्राप्त भयो र १६ मिनेट पछि घटनास्थलमा पुगीयो । खैरहनी गाविस वार्ड नं.२ सिमलटांडी चोक स्थित राजमार्गमा ढुंगा थुपारिएर अवरोध सिर्जना गरिएको थियो । घट्ना स्थल पुग्नु भन्दा २०० मिटर परबाट बस जलिरहेको देखिन्थ्यो। सो जलिरहेको बसको प्रकाशले ४, ५ जना मानिसका आकृतिहरु दक्षिण तर्फबाट पूर्व तिर भाग्दै गरेको देखियो । घटना स्थलमा बस एकदम बलिरहेको थियो । घटनास्थल भन्दा ३० मिटर पर उत्तर पट्टी परालको टौवामा एक जना भारतीय नागरिक घाईते भई बेहोस अवस्थामा भेटिएको थियो । करिब ६ बजे दमकल आईपुग्यो र आगो निभायो । घटनालाई हेर्दा काठको धुलो मिसाईएको चार पांच वटा पेट्रोल बम प्रहार गर्दा एकै चोटी आगो र धुवाँको मुस्लो निस्कियो । बस भित्र हेर्दा ३ वटा लास एकमाथि अर्को गरि खप्टिएर जलिरहेको थियो अर्को एउटा लाश बसको दोश्रो अन्तिम सिटको पछाडीबाट एक हात र टाउको सहित शरिरको माथिल्लोभाग झ्यालबाट बाहिर निस्कीएको अवस्थामा थियो । लाशहरुलाई पोष्टमार्टमका लागि तथा घाईतेहरुलाई उपचारको लागी महेन्द्र आदर्श चिकित्सालय भरतपुरमा पठाइयो भने दुई चारजनालाई अर्को बसमा चढाई विरगंज तर्फ पठाईयो ।

प्रताप सिंह थापा, प्रहरी उपरिक्षक, जिल्ला प्रहरी कार्यालय भरतपुर चितवन (अनौपचारिक रुपमा)

कुनै पनि घटनाको बारेमा औपचारिक जानकारी नदिनु भन्ने निर्देशन भएको हुनाले हामीले यो घटनाको औपचारिक जानकारी दिन मिल्दैन । घटना स्थलबाट टेलिफोन मार्फत एक जना यात्रुले ४ बजे तिर कार्यालयमा जानकारी गराउने वित्तीकै इ.प्र.का. खैरहनीमा खबर गरियो। हामीले घटनाको विवरण गृह मन्त्रालयमा पठाईसकेका छौं, आवश्यकता भए उतैबाट लिनु पर्ला ।

प्रहरी नायव निरीक्षक, इलाका प्रहरी कार्यालय, भण्डारा, चितवन (अनौपचारिक रुपमा)

हाम्रो चौकीमा फोन नभएको कारणले घटनाको बारेमा हामीले खैरहनी इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षकबाट हाम्रो संचार माध्यमबाट जानकारी पायौं तर यातायातको साधन नभएको कारणले घटनास्थलमा जान सकिएन । भागेर आएका बसका करिब दशजना यात्रुहरुलाई सुरक्षा प्रदान गरियो।

बिष्णु घिमिरे, सभापति, जिविस, चितवन

घटनाको बारेमा घटना भएकै दिन विहान ७:३० बजे तिर थाहा पाएँ । यो अत्यन्त अमानविय र क्रुर व्यवहार हो । उक्त घटनाका पीडितहरुको सहयोगको लागी जिल्ला विकास समितिमा कसैबाट माग नभएकोले कुनै किसिमको सहयोग गर्न सकिएन।

कृष्णलाल सापकोटा, सभापति नेपाली कांग्रेस, चितवन

घटना भएकै दिन विहान ७:०५ वजे नेपाल टेलिभिजनको समाचारबाट घटनाको बारेमा जानकारी पाएँ। प्रमुख जिल्ला अधिकारी दुर्गा प्रसाद भण्डारीबाट थाहा पाए अनुसार सुरक्षा निकायलाई बस जादै गरेको सूचना प्राप्त नभएकोले सुरक्षा व्यबस्था गर्न नसकिएको हो। पीडित पक्षबाट सहयोगको लागी कुनै माग नभएकोले कुनै सहयोग गर्न सकिएन । पीडितहरु स्थानीय व्यक्ति नभएकोले आ-आफ्नै ठाउंमा सहयोग पाए होलान् भनि थप पहल गरिएन । परिस्थितिबस घटनास्थल र अस्पताल गई पीडितहरुलाई भेट्न सकिएन ।

यात्रु तथा प्रत्यक्षदर्शी अमरुल्लाह अन्सारी बर्ष २९, चोर्निं गाविस वडा नं.७ परसवा, पर्सा

श्रीमतीको चेकअपको रिपोर्ट डाक्टरलाई देखाएर ०५८ फागुन ९ गते विहिबार सांझ ९ बजे चितवन टाईगर नामक ना.२ ख.४९५५ नम्बरको रात्री बस काठमाण्डौ बाट ७०, ८० (भित्र तथा छतमा समेत गरि) जना यात्रुहरु लिएर आउदै गरेकोमा चितवंनको भण्डारामा ०५८ फागुण १० गते विहान ३:४५ देखि ४:०० बजेको समयमा अचानक ब्रेक लागेर रोकिदा म ब्युंझिए । गाडीको अगाडी सडकमा ८, १० जना हातहतियारधारीले चालकलाई किन गाडी चलाएको तुरुन्त ओर्ली भन्दै ओराले । चालक बसबाट ओर्लिएर तपाईहरुको बन्द शुरु भएको छैन विहान सम्म त पुगीहालिन्छ भने तर उनीहरुले तिमिहरुको कुरा सुन्ने फुर्सत छैन, भन्दै चालकलाई बस ब्याक गराई बाटोमा छड्के पारेर राख्न लगाए । तुरुन्त बसको बत्ती निभाउने तथा बसमा बम फिट भईसकेको छ भन्दै यात्रुहरुलाई छिट्टै बाहिर निस्कन आदेश दिए । यात्रुहरु आत्तिएर बाहिर निस्कन लागे, कोही ढोका बाट निस्के भने कोहि झ्यालबाट हाफ फालेका थिए । अचानक एउटी केटीले आफूसंग भएको पेट्रोल बम लाईटर बालेर चालकको सिटबाट बोनट तर्फ प्रहार गरी । म आत्तिएर ओर्लें । चालक पहिले नै ओर्ली सकेका थिए । बस भित्र रहेका यात्रुहरु चर्कोसंग कराएको चिच्याएको आवाज सुनिन्थ्यो । त्यस मध्ये एउटी बालिका मामा मामा भनेर चिच्याएको स्पष्ट सुनिएको थियो । बसबाट ओर्लदा तथा आगोले पोलिएर घाईते भएकाहरुलाई छेउमा ल्याउन थालियो । अन्य यात्रुहरु डरले या रातको समयमा हामीलाई माओवादी भन्ठानेर सेना र प्रहरीले गोली हान्न सक्छ भन्ठानेर बिहान नहुन्जेलका लागी नजिकैको घरमा शरण माग्न गए तर कसैले शरण दिएनन् । नजिकको पेट्रोल पम्पमा गएर प्रहरीलाई फोन गर्न खोज्दा पहिले त आनाकानी गरियो र पछि बल्ल ४:०० बजे पछि २०१५५मा फोन गर्न दिइयो । त्यति बेलासम्म को कति मरे अथवा घाईते भए थाहा भएन । उज्याले भए पछि मात्रै प्रहरी र दमकल आयो । आगो निभाए पछि प्रहरीले लाश निकालेर ९:०० बजेतिर अस्पताल लग्यो म पनि प्रहरीको गाडीमा गएँ। अस्पतालमा घाईतेहरुलाई उपचार गर्न र वकिललाई लगाएर निवेदन लेख्न लाग्ने प्रारम्भिक खर्च आफैले गर्यौं । लाशको पोष्टमार्टम भईसकेपछि आफ्नो जातीय र धार्मिक परम्परा अनुसार लाशको कामकाज गर्नको लागि चितवन जि.प्र.का.को मद्दतले मनहरी इ.प्र.का. मकवानपुरसम्म र पर्सा जि.प्र.का.को सहयोगले विरगंज उपमनपा: १७ बहुअरी स्थित मस्जिदसम्म लगियो ।

वडा प्रतिनिधिहरुको रोहवरमा ३ वटा लाशको सनाखत भई सम्बन्धित व्यक्तिहरुलाई जिम्मा लगाईयो । २ वटा लाशको सनाखत हुन नसकेको र दाबी गर्न आउने १ जनाले लाश चिन्न नसकि फर्केकोले हामीले हाम्रो मुश्लिम परम्परा अनुसार तिनीहरुको काजकृया गर्यौं।

शहजाद अन्सारी, बर्ष २०
वीरगंज उपमहानगरपालिका वडा नं.१७ बहुअरी

जीतपुर टाइगर बस ९:३० वजे काठमाण्डौंबाट वीरगंजको लागि हिड्यो । बीच-बीचमा दुई तीन ठाउंमा रोकिदै भण्डारा पुग्दा चार जना केटी सहित बीस पच्चिस जना मानिसले बस रोके । अगाडी पछाडीबाट तीन वटा बम पड्कियो । म झ्यालको दाहिने तर्फबाट हामफालें, पछि बच्चीले मामा मामा भनेर चिच्याएको सुनें ।

रियाजुल, बर्ष ३०
विश्रामपुर गाविस वडा नं. ९ मुसहरवा, बारा

भण्डारामा बस पुग्दा पांच जनाले बीच सडकमा गाडी रोके। चार जना महिला र एक जना पुरुष थिए। केटीहरुले खुकुरी रं बन्दुक बोकेका थिए भने पुरुषहरुले हातमा बम बोकेका थिए। गाडी रोकीने बित्तिकै उनीहरुले भने- तिमीलाई हाम्रो नियम कानून थाहा छैन ? गाडीलाई ब्याक गर्न, बत्ती निभाउन र सबै यात्रुहरुलाइ ओर्लन आदेश दिए। चालकको सिटबाट बोनट तर्फ पेटोल बम प्रहार गरे पछि बस भित्र आगो लाग्यो। उपरोक्त घटना दुई मिनेटमै सम्पन्न भएको थियो।

रजिया खातुन, बर्ष २४, मृतक बच्ची काजल खातुनकी आमा, वीरगंज उमनपा- २, धुसकपुर

एक महिना पहिले काठमाण्डौ गएकी मेरी छोरी मेरो दाजु परवेज आलमसंग घर फर्कदै थिईन्। मेरो दाजुका अनुसार बसमा आगो लागे पछि मेरो दाजु झ्यालबाट बाहिर निस्कन खोज्नु भयो। छोरीलाई बस बाहिर तान्न लाग्दा अचानक बस भित्रबाट आएको आगोको मुस्लोले उहाँको मुख र हात पोलिएर पछारिनु भयो। मेरी छोरी भने सिटबाट लडेर मामा मामा भनेर चिच्याउँदै बस भित्र लागेको आगोले पोलिएर मरिन्।

भरत कुर्मी, वडा अध्यक्ष, वीरगंज उमनपा-१७

घटनाको जानकारी प्राप्त भईसके पछि प्रशासनले समयमै सुनुवाई गरेन। धेरै ढिलो लाश प्राप्त गर्यौं। सबैलाशलाई हामीले हाम्रो वडा स्थित मस्जिदमा राख्यौं। तीन वटा लाश सम्बन्धित व्यक्तिहरुलाई जिम्मा लगाइयो। बांकी रहेका दुई वटा लाशको सनाखत हुन नसकेको कारण हामीले मुस्लिम परम्परा अनुसार अन्तिम संस्कार गर्यौं।

देवीप्रसाद न्नवाली, सचिव
नेकपा (एमाले), जिल्ला कमिटी, चितवन

भण्डारामा घटेको घटना अत्यन्त बर्बर, पाशविक र त्रासदीपुर्ण छ। यस घटनाले हिटलरको ग्यास च्याम्बरको स्मरण गराउँछ र सभ्यतालाई चुनौती दिएको छ। यस घटनाको सम्बन्धमा सहयोग गर्नको लागी जिल्ला प्रशासनमा ०५८ फागुन १५ गते सर्वदलीय बैठक बसी तत्काल पीडित तथा पीडितका परिवारहरुलाई सहयोग गर्न पहल गर्ने निर्णय भयो।

हरिप्रसाद पौडेल वीरेन्द्र नगर गाविस वडा नं.२

म विहान छ वजे घटनास्थल पुग्दा सडक छेउमा पांच वटा लाश छुट्टाछुट्टै राखिएको थियो। घटना स्थलमा त्यस अघि रहेका व्यक्तिहरुले बताए अनुसार प्रहरीहरु विहान पांच वजे तिर आइपुगेका थिए। ५:१५ वजे तिर दमकलले आगो निभायो र ५:३० वजे तिर एम्बुलेन्स आइपुग्यो। चालकले बताए अनुसार घटना स्थलमा ७, ८ जना व्यक्तिहरु थिए।

छविलाल भुसाल, वडा अध्यक्ष,वडा नं. २ वीरेन्द्रनगर

०५८ फागुन १०. गते विहान ४:४५ बजे घर भित्रबाट बसको गति ढिलो गर्दा आएको आवाज सुनें १५,२० मिनेट पछि प्रहरीले ५ राउन्ड हवाई फायर गर्‍यो। त्यसपछि दमकल गएको देखेर के भएको भन्ने बुझ्नका निम्ति ६ बजे घटनास्थल पुग्दा आगो निभाइसकिको थियो।

निष्कर्ष र सुझाव

क) हरेक व्यक्तिको मानव मर्यादा सहितको अधारभूत मानवअधिकार जुनसुकै अवस्थामा पनि कायम रहनु पर्छ। अतः वसमा यात्रा गरिरहेका यात्रुहरुलाई बसबाट ओर्लन समेत नदिई आन्दोलनको नाममा बसमा आगो लगाएर यात्रुहरुको ज्यान लिनु मानवअधिकारमाथिको गम्भीर ज्यादति हो। यस्तो खालको घटना कुनै पनि हालतमा दोहरिनु हुँदैन।

ख) आन्दोलनको कार्यक्रम संचालन गर्दा तोकिएको समय अघि नै कार्बाही सुरु गर्नु र न्यूनतम मानवोचित व्यवहार समेत दर्शाउन नसक्नु उद्दण्डता र गैर जिम्मेवारीपन नै हो।

ग) स्थानीय प्रशासन प्रमुखहरुले यस्ता बर्बर्तापूर्ण जघन्य अपराधको बारेमा तथ्य संकलन गर्न आएका टोलीलाई औपचारिक रुपमा यथार्थ विवरण नदिंदा परोक्ष रुपमा यस्ता खालका गतिविधिहरुलाई प्रोत्साहन हुन जाने खतरा रहन्छ।

घ) युद्धमा घाइते भएका र पक्राउ परेका विरोधी पक्षका व्यक्तिहरुको समेत संरक्षण तथा सम्मान गर्नु पर्ने जेनेभा महासन्धिहरुका साझा धारा ३ को उल्लेख माओवादी पक्षबाट बारम्बार हुने गरेको छ। तर चाड पर्व मान्न छिट्टै आफ्नो घर पुग्न यात्रा गरिरहेका यात्रुहरु प्रति त्यस किसिमको जंगली व्यवहार गरियो। त्यस्तो दुर्व्यवहारलाई गंभीर अपराधको श्रेणीमा राख्नु पर्दछ।

ङ) परिस्थितिको जटिलता बुझेर सरकारले समयमै सुरक्षा व्यवस्था मिलाउने कुरामा गम्भीर त्रुटी गरेको देखिएको छ। आवश्यक सुरक्षा व्यवस्था सहित उक्त बसलाई गन्तव्यसम्म पुऱ्याउने व्यवस्था मिलाईएको भए त्यस्तो घटना नहुन पनि सक्थ्यो। स्थानीय प्रशासन र सुरक्षा निकायको दृष्टि त्यस्तो अपराधिक कृयाकलाप भइरहेको अवस्थामा पुग्न नसकेकोले नै पाँच-पाँच जनाले बाँच्न पाउने अधिकारबाट विमूख हुनु परेको देखियो। राष्ट्रिय रुपमै शान्ति सुरक्षाका निम्ति ठूलो राशी खर्च गरी विशेष सतर्कता अपनाइएको अवस्थामा खतराको पूर्वानुमान गरी स्थानीय भण्डारा प्रहरी चौकीलाई आवश्यक मात्रामा समृद्ध तुल्याउन सकेको भए पनि त्यस्तो दुर्घटना टर्न सक्थ्यो कि? भन्न सकिन्छ।

च) घटना भइ सकेपछि श्री ५ सरकारका तर्फबाट सम्पूर्ण उपचारको व्यवस्था गरिएको वा राहत सहयोगको लागि क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाएको पाइएन। घटना भएको झण्डै दुई घण्टासम्म पनि राजमार्गको त्यो सुगम स्थानमा पीडितहरुको उद्धारको व्यवस्था हुन सकेको थिएन।

छ) सम्बन्धित पक्षको सतर्कताको अभाव र श्रोतको कमीको सन्दर्भमा चर्चा गर्दा भविष्यमा यस्ता दुर्घटना दोहोरिन नदिन उच्च सतर्कता र न्यूनतम साधन श्रोतको प्राप्तिको व्यवस्था अनिवार्य गरिनु आवश्यक छ।

तथ्य संकलन टोलीको कृतज्ञता

तथ्य संकलनको सिलसिलामा टोलीले मृतकको परिवार, प्रत्यक्षदर्शी यात्रुहरु, घाइतेको नातेदार, स्थानीय व्यक्तिहरु, जनप्रतिनिधिहरु, राजनीतिक पार्टीका जिल्ला प्रमुखहरु, अस्पतालका चिकित्सक तथा कर्मचारीहरु र अन्य व्यक्तिहरु सबैलाई आ-आफूलाई जानकारी भएका सूचनाहरु औपचारिक तथा अनौपचारिक रुपमा टोलीलाई बताउनु भएकोमा टोलीको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गरिन्छ।

❑

कनकपट्टी बेलौनी सामुहिक बलात्कार काण्ड

भूमिका

९२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसकै दिन अर्थात ०५८ फागुन २४ गतेको मध्यराती, धनुषा जिल्लाको कनकपट्टी गाविस वडा नं. ६ बेलौनीमा १३ वर्षीया बालिका अस्मितालाई राती घरमा आमासंग मस्त निन्द्रामा सुतिरहेकै बेला, घरको ढोका फोडी घरभन्दा करिब १ किलोमिटर पश्चिम बाटोको नजिक खेतमा घिसारेर लगि १० जनाको अपराधिक समुहले सामुहिक बलात्कार गऱ्यो । उक्त घटनाले जिल्लाका सम्पूर्ण मानवअधिकारवादी र महिला अधिकारवादी संघ/संस्था र समुदायलाई स्तब्ध मात्र बनाएन, आक्रोशितसमेत बनायो। सोही घटनाको सम्बन्धमा मानवअधिकार संस्था समाज उत्थान केन्द्र धनुषाले पीडितसंग जनकपुर अंचल अस्तपतालमा गरेको भेटघाट, कुराकानी एवम् संस्थाकै पहलमा ०५८ साल चैत ३ गते कनकपट्टी बेलौनी पुगेको सरकारी एवम् गैरसरकारी प्रतिनिधि मण्डलले गरेको निरीक्षण अनुगमनको क्रममा, बुझिएको सत्य तथ्यलाई यहाँ प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको छ ।

उक्त निरीक्षण तथा अनुगमन टोलीमा अपराध अनुसन्धान महाशाखा केन्द्रीय प्रहरी प्रधान कार्यालयका वरिष्ट प्रहरी उपरिक्षक चुडाबहादुर श्रेष्ठ, मानवअधिकार तथा सामाजिक न्याय मञ्च, धनुषाका सचिव एवम् समाज उत्थान केन्द्र, धनुषाका कार्यक्रम संयोजक नवराज बस्नेत, महिला पुंनर्स्थापना केन्द्र (ओरेक) जनकपुरका कार्यक्रम संयोजक मञ्जु उप्रेती, केन्द्र महिला कानुनी सहायता समितिका इन्दु तुलाधर, लैङ्गिक समताको मूल प्रवाहिकरण कार्यक्रमका कानुन विशेषज्ञ केशव दाहाल, जनहित संरक्षण मञ्चका अधिवक्ता राजुप्रसाद चापागाईलगायतका व्यक्तिहरु रहनुभएको थियो ।

अनुगमन टोलीले पीडितको घर बेलौनी जानुका साथै पीडित अस्मिताका परिवारका सदस्यहरु, पीडितका आमा बाबु र परिवारका नातोदारहरुसंग समेत भेटघाट गरेको थियो । घटनास्थलको अनुगमन पछि ०५८ चैत ४ गते बिहान जनकपुरमा समाज उत्थान केन्द्र, धनुषाको कार्यालयमा एक बैठक बसी पीडित पक्षलाई औषधोपचारको लागि सक्दो आर्थिक सहयोग उपलब्ध गराउनका साथै कानुनी सहयोग र सम्बन्धित निकायलाई घटनाको वास्तविकता जानकारी गराउने सहमति भएको थियो ।

घटना विवरण

जनकपुरबाट करिब ३ किलोमिटर पूर्वमा पर्ने कनकपट्टी गाविसको वडा नं. ६ बेलौनी जनकपुरदेखि शहीदनगर (यदुकुहा) जाने बाटोमा पर्दछ। उक्त दिन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन थियो । दिउँसो करिब ४ बजेको थियो । अस्मितालगायत उनका साथीहरु घरको दक्षिणपट्टी रहेको पोखरीको नजिकै भैंसी चराइरहेका थिए । जनकपुरकतर्फबाट ७ जना केटाहरु उनको घरकै बाटो भएर तितरिया बजारतर्फ गए । त्यसबेला पनि उनीहरुले अस्मितालाई फर्की-फर्की हेर्दै थिए । त्यस दिन तितरिया बजार (हटिया) थियो । त्यो ७ जनाको समूहमा राजु चौधरी पनि थियो । अस्मिताको सोभो

मन थियो, उनले आफ्ना भैंसी हेर्ने साथीहरुसंग पनि त्यस बेला भनेकी थिइन - "त्यो समूहमा मेरो दाजु पर्ने राजु चौधरी पनि छ।" अस्मिताका बाबु ब्रम्हदेव भन्छन्- "राजुको परिवार र हाम्रो, पहिले महोत्तरीको पिपरामा घर नजिक थियो पछि हामी कनकपट्टी आएर बस्यौं र उनीहरुको परिवार कप्लेश्वरमा आएर बस्न थालेको हो । ऊ नजिक कै नाता पर्दछ ।" त्यसै दिन साँझपख्को कुरो हो, अस्मिता भैंसी चराइसकेर आँगनमा भैंसी बान्दै थिइन । त्यो ७ जना केटाहरुको समूह पुनः बजारतिरबाट फर्किएर आयो । उनीहरु अस्मितातिर हेर्दै आफ्नै धुनमा कुरा गर्दै गए।

त्यसै दिन राती १२ बजे त्यो अपराधिक समूह अस्मिताको घरमा आइपुग्छ। अस्मिताकी आमा ४० वर्षीया कौशिला भन्छिन्- "म, छोरी र नाती सुंतिरहेका थियौं। उनीहरु आएर पहिले ढोका खोल भने। मैले डरले ढोका खोलिन। तब उनीहरु ढोका नै फोडेर घरभित्र पसे। पहिले मेरो र बुहारीको गर-गहना लुटे । त्यसपछि छोरीलाई उनीहरुले घरको पश्चिमतर्फ रहेको दोबाटोतर्फ लगे। मैले यताउती हेरैं, चिच्याएँ र गाउँलेहरुलाई गुहार्न थालें। अस्पतालको शैयाबाट मानवअधिकारवादी र पत्रकारहरुसंग कुरा गर्दै अस्मिता भन्छिन्- "कप्लेश्वरको राजु चौधरीलगायत १० जनाले घिसार्दै चौरीमा लगी बोलिस भने छुरा धसी दिन्छु भनी धम्काउँदै करिब आधा घण्टासम्म उनीहरुले जबरजस्ती गरे ।"

घटनास्थल अस्मिताको घरभन्दा १ किलोमिटर पश्चिममा पर्दछ । घरबाट पश्चिमतर्फ आउँदा एउटा दोबाटो भेटिन्छ र त्यही दोबाटोदेखि २, ३ आली पछिको खेतको गरामा उनलाई लगि बलात्कार गरिएको थियो भने बलात्कारपछि उक्त अपराधिक समूहले अस्मितालाई बेहोश अवस्थामा दोबाटो नजिकै ल्याई छोडेर भागेको थियो। उनकी आमाले गाउँमा हल्ला गरेर गाउँलेहरु जम्मा भएपछि खोजतलास गर्दै जाँदा अस्मितालाई सो ठाउँमा भेटाइएको थियो । त्यसपछि गाउँलेहरुले प्रहरी प्रशासनलाई खबर गरेर राती दुई बजे अस्मितालाई उपचार गर्न जनकपुर अञ्चल अस्पताल पुऱ्याइयो ।

अहिले के भैरहेको छ ?

जनकपुर अञ्चल अस्पतालमा ५ दिनको उपचार पछि ०५८ फागुन २९ गते अस्मिता घर फर्किएकी छन् र उंनी अहिले एक पारिवारिक व्यक्तिको संरक्षणमा बसिरहेकी छन्। समाज उत्थान केन्द्र, धनुषाको पहलमा ०५८ चैत ३ गते माथि उल्लेखित निरीक्षण तथा अनुगमन टोली बेलौनी गई पीडित अस्मितालाई भेटी केही खाद्य सामग्री सहयोगस्वरुप दिइएको थियो भने सो टोली एवम् पीडित र पीडित परिवारको समेत संयुक्त बैठक ०५८ चैत ४ गते विहान समाज उत्थान केन्द्र धनुषाको कार्यालयमा बसी गत फागुन ३ र ४ गते जनकपुरमा संचालन भैरहेको "प्रस्तावित अपराध तथा फौजदारी कार्यविधि संहिता र महिला विरुद्ध हुने अपराध विषयक परामर्श तथा छलफल कार्यक्रम" का विशिष्ट सहभागीहरुबीच चन्दा संकलन गरी निज पीडितलाई उपचार खर्चको लागि दिने सहमति भएअनुरुप उक्त कार्यक्रममा उठेको रु. ७ हजार ४ सय रकम नेपाल बार एशोसिएशनको एक कार्यक्रममा पुनरावेदन अदालत जनकपुरका मुख्य न्यायाधीश बद्रीकुमार बस्नेतले पीडितलाई हस्तान्तरण गर्नु भएको थियो। पीडित पक्षको तर्फबाट जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दरखास्त दर्ता भैसकेको छ भने अहिलेसम्म ४ जना अभियुक्तहरुलाई पक्राउ गरी अनुसन्धान भैरहेको बुझिएको छ । यस प्रतिवेदनमा राजु चौधरीबाहेकका अभियुक्तहरुको नाम किटान गरिएको छैन। प्रहरी प्रशासनलाई अनुसन्धान कार्यमा बाधा उत्पन्न नहोस् भन्नको लागि यसो गरिएको हो । यद्यपी, अभियुक्तहरु सम्बन्धित निकायहरुको आँखाबाट छुट्न सक्ने स्थिति छैन।

हामी स्थानीय मानवअधिकारवादी संघ-संस्था, सरकारी तथा गैरसरकारी सम्बन्धित निकायहरु निज अस्मिताको न्यायको पक्षमा निरन्तर वकालत गर्न, कानुनी सहयोग जुटाउन र पुनर्स्थापनाको वातावरण बनाउन क्रियाशिल छौं ।

त्यसैले हामी भन्छौं

१३ वर्षीय बालिकामाथि भएको यो सामुहिक बलात्कार महिला अस्मितामाथि कै चुनौती हो । यो घृणित र पाशविक कुकृत्य हो र जघन्य एवम् अक्षम्य अपराध पनि हो । जसको हामी घोर निन्दा र भत्सर्ना गर्दछौं। साथै हामी भन्छौं :

१) सम्बन्धित निकायले घटनामा संलग्न अभियुक्तहरुलाई व्यापक खोजतलास गरी पक्रिएर दोषअनुरुपको सजाय दिलाउन गम्भिरतापूर्वक लाग्नुपर्छ ।

२) कानुन लागू गर्ने निकाय, संघ-संस्था, सरकारी तथा गैरसरकारी निकायले अत्यन्त सतर्कतापूर्वक दोषीलाई यथोचित सजाय गर्न प्रयास गरिदिनु पर्छ ।

३) कानुनी सहायता गर्ने निकाय, महिला अधिकारवादी संघ-संस्था र नागरिक समाजले समेत अस्मितालाई आवश्यक कानुनी सहयोग र पुनर्स्थापित गरी, सामान्य नागरिक सरह जीवनयापन गर्न सक्ने वातावरणको सिर्जना गरिदिनु पर्दछ।

नोटः *पीडित बालिकाको यस प्रतिवेदनमा नाम परिवर्तन गरी उनको नाम अस्मिता नेपाल राखिएको छ ।*

तपाईलाई थाहा छ ?

प्राचीमा छापिए जस्तै सामग्रीहरु रेडियो नेपालबाट पनि प्रसारित हुने गरेका छन् । प्रत्येक शनिबार रेडियो नेपालमा विहान ८ : ३० बजे मानवअधिकार **शिक्षा कार्यक्रम**

पतनुका बनरभुल्ला बोक्सी काण्ड र वास्तविकता

भूमिका

धनुषा जिल्लाको दक्षिण पूर्व कमला नदीसंग जोडिएको पतनुका गाविस वडा नं. १ बनरभुल्लामा ४९ वर्षीय रामपरिदेवी साहमाथि बोक्सीका नाममा गरिएको कुटपिट, लुटपाट, गाली, बेइजजती, दबाब एवम् मानसिक उत्पीडनको सम्बन्धमा ०५८ फागुन १३ गते स्थलगत निरीक्षणको क्रमा इलाका प्रहरी कार्यालय खजुरी पुगेको मानवअधिकारवादी, संघ-संस्था, महिला संघ-संगठनको संयुक्त टोलीले पीडित र पीडक पक्ष एवम् सरोकारवाला समूहसंग गरेको भेटघाट, जाहेरी दरखास्तको अवलोकनबाट तयार पारिएको विस्तृत प्रतिवेदन यहाँ प्रस्तुत गरिएको छ। निरीक्षण, अवलोकनको क्रममा टोलीले पतनुका गाविस बनरभुल्ला-१ का जनप्रतिनिधिहरुसंग समेत कुराकानी गरेको थियो।

उक्त टोलीमा धनुषा जिल्ला गैरसरकारी संस्था समन्वय समितिका अध्यक्ष विष्णु कुँवर, महिला विकास केन्द्र अध्यक्ष विजया लाल, मानवअधिकार तथा सामाजिक न्याय मञ्च धनुषाका सचिव एवम् समाज उत्थान केन्द्रका कार्यक्रम संयोजक नवराज बस्नेत, इन्सेक वर्ष पुस्तक प्रतिनिधि रोषनदिप ढकाल, नेपाल महिला संघ अध्यक्ष लक्ष्मी भण्डारी, नेपाल महिला मञ्च धनुषा अध्यक्ष रेणु यादव, अखिल नेपाल महिला संघका सचिव रश्मी गुजरेल, महिला संघका कोषाध्यक्ष निलम साह, सदस्य रत्ना श्रेष्ठ, प्रमिला दास रहनुभएको थियो। उक्त दिन जनकपुर रेल्वे सेवा बन्द रहेको र निरन्तर बर्षा भैरहेको कारण इलाका प्रहरी कार्यालय खजुरी पुग्न पनि टोलीलाई अत्यन्त कठिन परेको थियो। गाडी जान सक्ने स्थिति रहेको भए टोलीको बनरभुलला नै जाने कार्यक्रम रहेको थियो। स्मरणीय छ - खजुरी स्टेशनबाट उत्तर पूर्वमा पर्ने बल्हा कठाल र बल्हा गोठ पतनुका गाविसमा पर्दछ र सो गाविस पनि इलाका प्रहरी कार्यालय खजुरी कै क्षेत्रभित्र पर्दछ।

घटनाको सुत्रपात र विकासक्रम

पतनुका गाविस-१ मा बसोबास गर्दैआएका पीडित फगुनी साह परिवार र (मूल) पीडक पक्ष रघुनी साह परिवारको घर जोडिएको छ। वि. सं. २०५२ को कुरा हो रघुनी साहले एक जना धामी बोलाएर घरमा पूजापाठ गरे र उनकी ८/९ वर्षकी छोरी रामप्यारीलाई बकाउन लगाए। रामप्यारीले फगुनी साहको बारीमा रहेको पीडारको रुखमा भूत राखेको छ भनिन्। त्यसपछि दुवै परिवारमा भनाभन र कुटपिटसमेत भयो, सो समय मै उक्त भूत पीडित रामपरीले राखेको आरोप लगाइएको थियो। सो घटना सम्बन्धमा गाउँमै पञ्चायती बसी मिलाइयो।

दोस्रो घटना :

०५४ सालमा रामप्यारीलाई बोक्सी भनिएको निहुँमा बौयलाल साह र फगुनी साहबीच मारपिट भयो। रामप्यारीले पनि पुनः कुटाइ खाइन। उक्त गाउँमा फेरी पञ्चायती बस्यो। बौयलाललाई माफी माग्न लगाइयो। फगुनी भन्छन् "माफी मागेपछि के गर्ने ? गाउँ कै मानिस हो, उदार हृदय राखें, त्यसैले छोडिदिएँ।"

तेस्रो घटना :

०५६ साल जेठ महिनामा घट्यो। घटना रोमान्टिक र आश्चर्यजनक पनि छ। रघुनी साहको घर नजिक बाटोमा खजुरी चन्हाका मजदुरहरुले माटो भरिरहेका थिए। फगुनी साहको खरियानमा गहुँको भुस थियो

र त्यो ओसार्नु पर्ने थियो । फगुनीको ज्वाई घरमा आएका थिए र उनैले ती मजदुरलाई बाटोको काम सकेपछि भुस ओसारी दिन भनेका थिए। तर ती मजदुरहरुले ओसारेनन् र रामप्यारीले अरु नै मजदुर लगाई भुस ओसारिन् । जब खजुरी चन्हाका मजदुरहरु गाउँ फर्किएर गए, केही मजदुरहरुलाई पखाला लाग्यो । एक जना मजदुरलाई उपचारकोलागि जयनगर (नजिकैको भारतीय बजार) लगियो । सोही समयमा केही खजुरीका मजदुर बनरफुल्ला आएको मौका पारी रघुनी साहकी श्रीमतीले यो सबै भुस नओसारेको कारण यही रामप्यारी डाइन (बोक्सी) लागेर भएको भनी बताइदिइन।

डाइन के मार चलु

तब "के निहुँ पाउँ कनिका चपाउँ" भनिए झैं खजुरी चन्हाका विरामी मजदुर परिवारहरु करिब २०/२५ जना महिला र केटाकेटीहरुसमेत एक गठ भएर डाइन के मार चलु भन्दै जुलुस कै रुपमा बनरझुल्ला आइ पुगे। रामप्यारी खेतमा गएकी थिइन् र फगुनी पनि गाउँ बाहिर गएका थिए । केही व्यक्तिहरु खेतमा गएर रामप्यारीलाई बोलाएर घरतर्फ लग्दै थिए । फगुनीले पनि चन्हाका मजदुर मारपिट गर्न गएको खबर पाए । उनी पनि दौड्दै घरतर्फ आए । गाउँ नपुगी बाटो मै रामप्यारी, मजदुरहरु र फगुनीको जम्काभेट भयो । ती मजदुरहरुले रामप्यारी र फगुनीलाई आक्रमण गरे । त्यसपछि ती मजदुरहरु फगुनीको घर लुट्न भनी बनरझुल्लातर्फ लागे । फगुनी ज्यान बचाएर भागी गाउँको वडा अध्यक्षसंग बचाइ दिन हार-गुहार माग्न पुगे । वडा अध्यक्ष धर्मनाथ यादवले मजदुरहरुलाई सम्काए पछि उनीहरु बाटो बाटै फर्किए । त्यसपछि उपाध्यक्ष शशिकुमार यादव, जीवछ पगरिया, धर्मनाथहरुले फगुनीको घरमा आएर भने "चन्हाको मजदुर जयनगरमा विरामी भएर लगेको छ, रामप्यारीले गएर छोइ दिएमा निको हुन्छ, त्यसैले रामप्यारीलाई जान दे ।" तर उक्त कुरा फगुनीले मानेन् र उनले इलाका प्रहरी कार्यालय खजुरीमा गएर निवेदन दिए । इप्रकाले दुवै पक्षलाई कार्यालय मै पञ्चायती गर्न बोलायो । वडाध्यक्ष धर्मनाथ, उचित कापर, जुगेश्वर कापरको बाबु दशै कापर समेतलाई लिएर फगुनी प्रहरी कार्यालय गए । अरु नेताहरु पनि पीडक पक्षको तर्फबाट इप्रका खजुरी गए । उक्त पञ्चायतीमा खजुरी गाविस उपाध्यक्ष जुगेश्वर कापर र नेपाली कांग्रेसका कार्यकर्ता दिलिप सहगल पनि उपस्थित थिए । दिलिप सहगलले गाउँका मानिसहरुको गल्ती भयो, माफ गरिदिन भनी फगुनीलाई भने । फगुनी त सधैं उदार नै थिए, उनले फेरी माफी गरिदिए । पञ्चायती सकियो ।

चौथो घटना :

पुनः अर्को घटना ०५८ मंसिर महिनामा भयो । राम आशिष साहका छोरा रामनारायण साह आफ्नै खेतमा फगुनीको खेत नजिकैं धान काट्न गएका थिए । उनलाई धान काट्दा-काट्दै निद्रा लाग्यो र खेतमै सुते। उनलाई उठ्ने बेलामा अँध्यारो जस्तो लाग्यो, उनी बाटोमा पर्ने बासँको झ्याङ हुँदै दौडदै घर गएँ । भोली पल्ट बिहानै खेत जोत्न जाँदा फगुनीले खेतमै राम नारायण साहसंग हिजो के भएको ? भनी सोधेका थिए । त्यसै दिन करिब साँझ ५ बजे रामप्यारी पराल लिन आफ्नो खेततिर जाँदै थिइन् । उनी पोखरी नजिक पुगेकी थिइन्, आफ्नो खेतमा धान काट्दै गरेको राम नारायण साहले धान काट्न छोडेर रामप्यारीको किलकिले समाती मारी दिन्छु भन्दै रुखमा झुण्ड्याउन खोजे । राम नारायणले उनको भिनाजु गाउँमा आउँदा विरामी परेको यही बोक्सीले गर्दा हो भनी त्यसो गरेका थिए । घटनापछि फगुनीले गाउँकै प्रहरी चौकीमा उजुरी दिए । गाविस कार्यालय र चौकी एकै ठाउँमा छ । चौकीमै भोली पल्ट पञ्चायती भयो । राम नारायणलाई रु. ३ हजार दण्ड जरिवाना गरियो । उक्त रकम गाउँको उपभोक्ता समितिका अध्यक्ष राम नारायण यादवलाई राख्ने जिम्म दिइएको थियो।

पाँचौ घटना :

०५८ फागुन ७ गते करिब दिउँसो १२ बजेको हो । राम ईश्वर साह व्यक्तिगत कामले फगुनीको घरसंग जोडिएको बौयलाल साहको घरमा गएका थिए । त्यसै बेला दुःखलोचन साह पनि त्यहीं आएर फगुनीलाई तेरो श्रीमती बोक्सी लागेर मेरो छोरा बेहोस भएको हो भनी सबैले भन्छन् भनी बताए । फगुनीले आफ्नी श्रीमती बोक्सी हो भने प्रमाणित गर्न चुनौती दिए। तब राम ईश्वरले सबै गाउँले मिलेर यसलाई कुटपिट गर्नुपर्छ, मानिस जम्म पार्नु पर्छ भन्न थाले । अगुल्टाले हानेको कुकुर विजुली चम्कदा तर्सन्छ भनिए झैं फगुनी डराएर नजिकैको प्रहरी चौकीमा भन्न गए । चौकीमै गाविस उपाध्यक्ष शशिकुमार यादव पनि थिए । उपाध्यक्षले झगडा नगर्नु साँझमा पञ्चायती गरौंला भन्नुभयो । फगुनी फर्किएर घरतर्फ आउँदै थिए, राम ईश्वरले किन पुलिसलाई भनिस् भनी गाली गर्न थाले । रामप्यारी पनि घरबाट निस्किइन् तब मारपिट शुरु भयो । मूलरुपमा रामप्यारी, उनका श्रीमान फगुनी र पीडक पक्षका रविन्द्र साह पनि घाइते हुन पुगे ।

घटनाका सम्बन्धमा प्रतिक्रियाहरु

सोही वडाका वडाध्यक्ष एवम् नेपाली कांग्रेस क्षेत्र नं. १ का सह सचिव धर्मनाथ यादवका अनुसार घटना १०/११ बजे भएको हो , तर उनी बिहान ७ बजे नै शहीद कामेश्वर कुशेश्वर नामक इनहर्वा हल्टको उद्घाटन हुने भएकोले उद्घाटनको तयारीमा गएको र ५ बजे मात्र फर्केका थिएन । उनले राम ईश्वर र फगुनीबीच किन झगडा भयो भन्ने बारे आफूलाई केही थाहा नभएको बताए । यो प्रतिक्रिया उनले घटना भएको ७ दिन पछि फागुन १३ गते दिएका थिए । इप्रका खजुरीका इन्सपेक्टर विद्यानन्द माझीका अनुसार घटनामा संलग्न अभियुक्तहरुलाई कडाइका

साथ कारवाही गरिने छ । अनुसन्धान सकिएपछि घटनाको २५ दिनभित्र जिल्ला प्रशासन कार्यालयमा मुद्दा पेश गर्छौं । रामप्यारीका श्रीमान फगुनी साह भन्छन्- "हामीमाथि यसरी पटक-पटक उत्पीडन दोहोरी रहेको छ, यस्तो अन्याय कति दिन सहने ? मेरा छोराहरु अरब गएका छन् । त्यही छोराहरुको कमाइले घर बनाएको छ। तर हामीमाथि सबैले रिस गर्छन् । दुःख लोचनको छोरो बेहोश भएको अन्य रोगको कारण हो, ऊ पहिले पनि बेहोस हुने गर्दथ्यो। निज दुःख लोचनको छोरा मनोजलाई छारे रोग भएको अनुमान गरिएको छ । पक्राउ परेका अभियुक्त राम ईश्वर साह भन्छन्- धकेला-धकेलीमा रामप्यारीसंग लडाई भएको हो । दुःख लोचन र फगुनीबचि गाली गलौज भएको हो । रघुनी साह र फगुनी साहबीच पहिलेदेखि नै झगडा थियो। दुःख लोचन लाठी लिन गएको र म सम्झाउन मात्र गएको हुँ । उनले भने "बोक्सी हुदैन- लोकाचारीमा मान्छे शंका गर्ने गर्छन् ।" सन्तोष पनि झगडामा संलग्न थियो । झगडा भएको रामेश्वर महतो, भगवानलाल महतो र पल्टु साहले पनि देखेका छन् । पतनुका बनरझुल्ला २ मा घर भएका गाविस उपाध्यक्ष शशिकुमार यादवका अनुसार उनी स्थानीय प्रहरी चौकीमा नुहाइरहेका थिए । राम ईश्वर बौयलालको घरमा गएका थिए फगुनी र राम ईश्वरको बाटोमा बाझा-बाझ भयो। कपडा भिजेको कारण शशिकुमार घटनास्थलमा जान सकेनन्। मंसिरमा राम आशिषको छोराले रामप्यारीको घाँटी समाएको कारण समाज बसी रु. ३ हजार जरिवाना गरेको हो । उपाध्यक्षका अनुसार फागुन ७ गतेको घटनापछि फगुनीलाई गाउँमै समाज बसी पञ्चायत गरी मिलाऔं भनेको तर नमानिकन ऊ जनकपुर गएको हो । फगुनीहरु गाउँमा गए भने मारपिट हुन्छ भन्ने कुरा गलत हो ।

अहिले के भइरहेको छ ?

पीडित रामप्यारीले ०५८ फागुन १३ गते इलाका प्रहरी कार्यालय खजुरीमा सार्वजनिक अपराध मुद्दा चलाइ पाउँ भनी जाहेरी दरखास्त दर्ता गरेकी छिन् । इप्रका खजुरीमा दिइएको उक्त जाहेरी दरखास्त आर्थिक वर्ष ०५८/०५९ को दर्ता नं. ७ रहेको छ । उक्त जाहेरी दरखास्तमा रामप्यारीलाई बोक्सीको आरोपमा कुटपिट गर्ने अभियुक्तहरु रघुनी साह, शंकर साह, बौयलाल साह, राम ईश्वर साह, दुःख लोचन साह र सन्तोष साहको नाम किटान गरिएको छ। जसमध्ये अहिले राम ईश्वर साह मात्र पक्राउ परेका छन् । जाहेरी दरखास्तको साक्षीमा राखिएका गंगा कापर, रामप्रसाद पगरिया, नथुनी सहनी विन, योगेन्द्र प्रसाद साह, झरी साहलाई साक्षी नबस्न दबाब दिने, धम्काउने कार्य पीडक पक्षले गरिरहेको छ भने पीडित रामप्यारी र उनका श्रीमान् फगुनी साहलाई जाहेरी फिर्ता लिन स्थानीय व्यक्तिहरुले दबाब दिइरहेको बुझिएको छ। अझ फगुनीले गाउँको समाजमा बसी, नमिलेमा उनीहरुलाई गाउँ मै बस्न नदिने धम्की पीडक पक्षले दिइरहेको कुरा सुन्नमा आएको छ । र, प्रहरी प्रशासन पनि घटनाप्रति गम्भीर नभएको हो कि ? भन्ने गुनासाहरु यत्रतत्र सुनिन थालेको छ ।

त्यसैले हामी भन्छौं

सामाजिक अन्धविश्वास र कुरिती एवम् कुप्रथाहरुले जकडेको हाम्रो समाजमा बोक्सीको नाममा महिलाहरुमाथि हुने गरेका हिंसा र उत्पीडनको यो घटना उल्लेखनीय उदाहरण बन्न पुगेको छ । महोत्तरीको सिमरदही र एकडारा बोक्सी काण्डपछि धनुषा जिल्लामा भएको यो नै विशेष उल्लेखनीय घटना हो । ४९ वर्षीय वृद्धा रामप्यारीदेवीलाई पटक-पटक दोहोऱ्याएर गरिएको यो शारीरिक एवम् मानसिक हिंसा र उत्पीडन देख्दा लाग्छ, यस्ता अनेकौं घटनाहरु हाम्र गाउँघरमा निरन्तर भईरहेका छन् । तर ती सबै घटनाहरु प्रकाशमा आउन सकेका छैनन् । समाजमा यस्ता हिंसा र उत्पीडन भई रहँदा पनि स्थानीय जनप्रतिनिधि गम्भीर नहुनु, अझ घटनालाई ढाकछोप गरी अभियुक्तहरुलाई जोगाउन खोज्नु झन् निन्दनीय र गैरजिम्मेवारीपूर्ण कार्य हो। यस्ता घटनामा जनप्रतिनिधिहरुमा गम्भीरता, सम्वेदनशीलता र दायित्वबोध हुन जरुरी । अन्यथा जनप्रतिनिधिहरुले जनताको अधिकारको कुरा र भाषण गर्नु बेकार हुन जानेछ ।

त्यसैले हामी भन्छौं :

(१) यस घटनाका प्रत्यक्ष-अप्रत्यक्षरुपमा संलग्न सबै अभियुक्तहरुलाई पक्राउ गरी अविलम्ब कारवाही अगाडि बढाउनु पर्छ।

(२) पीडित रामप्यारी र उनका श्रीमानलाई औषधोपचार तथा क्षतिपूर्तिको व्यवस्था गरिनु पर्छ ।

(३) पीडित परिवारलाई सम्बन्धित निकायले उचित संरक्षणको व्यवस्था मिलाई दिनुपर्छ ।

(४) यस्ता घटनाहरु पुनः दोहोरिन नदिन समयमै सतर्कता अपनाउन पनि हामी सम्बन्धित सबैमा अपिल गर्दछौं ।

(५) साथै यस्ता घटनाहरु दोहोरिन नदिन, जनचेतना अभिवृद्धि गर्न र अभियुक्तहरुलाई कारवाही गर्न निरन्तर दबाब सिर्जना गर्न पनि हामी महिलावादी संघ, संस्था, संगठनहरु र नागरिक समाजलाई समेत हार्दिक अपिल गर्दछौं।

(६) त्यस्तै जिल्लामा कानुन लागू गर्ने निकायहरुले पनि महिलाहरुमाथि भइरहेका यस्ता हिंसा र उत्पीडन नियन्त्रण गर्न गम्भीर चासो देखाउन हामी विनम्र अनुरोध गर्दछौं । र, अन्तमा यो प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

❑

प्रस्तुति : नवराज बस्नेत,
कार्यक्रम संयोजक- समाज उत्थान केन्द्र
धनुषा

संकटकालीन अवस्थाले रात्री बसमा कार्यरत मजदूरहरूमा पारेको प्रभाव

परिचय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले देशमा संटकालीन अवस्था घोषणा भएपश्चात मानव अधिकारको क्षेत्रमा भएका घटनाहरुलाई सार्वजनिक गरी जनसमुदायलाई जागरुक गराउनुका साथै सम्बन्धित क्षेत्रका विज्ञ तथा नीति-निमार्ताहरुलाई दवाब दिने कार्य निरन्तर रुपमा गर्दै आएको सर्वविदितै छ। संटकालीन अवस्थाको असर केवल राजनीतिक तथा नागरिक अधिकारको क्षेत्रमा मात्र नभई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको क्षेत्रमा परेको प्रभावको बारेमा अध्ययन गरी त्यसको वास्तविक तस्वीर उजागार गर्नको लागि लामो दूरीमा चल्ने सार्वजनिक यातायात (रात्री बस) मजदूरहरुमा २०५८ माघ २१ देखि ३० गते सम्म एउटा नमूना सर्वेक्षण गरियो।

उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य प्रजातान्त्रिक सरकारद्वारा प्रजातान्त्रिक तरिकाले लागू गरिएको संटकालीन अवस्थाको घोषणाले यातायात क्षेत्रमा कार्यरत मजदूर (ड्राइभर, कण्डक्टर, टिकेट विक्रेता, खलासी, मिस्त्री) हरुको संकटकालीन अवस्थाको घोषणा हुनु अघि र पछि उपभोग गरिरहेको अधिकारहरुमा विशेष गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको क्षेत्रमा पारेको प्रभावको तुलनात्मक अध्ययन प्रतिवेदन तयार पार्नु हो।

सीमा

- ❒ यो अध्ययनको क्षेत्र रात्री बसमा कार्यरत मजदूरहरुमा मात्र केन्द्रित रहेको छ।
- ❒ काठमाण्डौ स्थित नयाँ बस पार्क क्षेत्रको मात्र यहाँ अध्ययन गरिएको छ ।

समस्याहरु

- ❒ देशमा संकटकालीन अवस्थाको घोषणा भए पश्चात हवाई क्षेत्रमा कार्यरत मजदूरहरुलाई यस अध्ययनमा समेट्ने प्रयत्न गर्दा गर्दै पनि समेट्न सकिएन। संकटकालीन अवस्थाको घोषणा पश्चात उक्त क्षेत्रमा परेको प्रभावको अध्ययनको सिलसिलामा भेटिएका सम्बन्धित क्षेत्रमा कार्यरत मजदूरहरुले औपचारिक रुपमा वास्तविक कुरा भन्न चाहेनन्। तसर्थ,अध्ययनको दायरालाई रात्री बसमा कार्यरत मजदूरहरुमा मात्रै सीमित पार्न बाध्य हुनु पर्यो।
- ❒ वर्तमानको विषम परिस्थितिका कारणले गर्दा रात्री बसका सम्पर्कमा आइपुगेका केही मजदूरहरुले आफू माथी परेको समस्याहरुलाई सहज रुपमा प्रस्तुत गर्न धक मानेको पाइयो। यस कारणले यो सर्भेक्षण ७८ जना मजदूरहरु मात्रको अन्तरवार्ता सीमित रहन पुग्यो।

अध्ययनको तरीका

अध्ययनको क्षेत्र

संकटकालीन अवस्थाको घोषणा पछि उत्पन्न नयाँ परिस्थितिका कारण तथा प्रशासनले विभिन्न जिल्लामा लागू गरेको कर्फ्यू आदेश, सवारीसाधनमा गरिने समय निर्धारण तथा पूर्ण सुरक्षा जाँचका कारण बसमा यात्रा गर्ने यात्रुहरुमा कमी हुन जाँदा लामो दूरीमा चल्ने यातायातका साधनहरुको संचालनमा कमी आएको छ। रात्री बसको संचालनमा आएको कमीले उक्त क्षेत्रमा कार्यरत मजदूरहरुमा परेको समस्या तथा असरहरुको बारेमा अध्ययन गर्नको लागि देशभरका मजदूरहरुको जमघट हुने स्थल काठमाडौंको गोगंबु बस पार्कलाई अध्ययनको क्षेत्रको रुपमा चयन गरियो।

प्रश्नावलीको तयारी

अध्ययनका लागि आवश्यक पर्ने सूचना संकलनलाई व्यवस्थित गर्न प्रश्नावली तयार गरिएको थियो। प्रश्नावली तयार गर्ने सिलसिलामा समूहगत छलफल गरी बनाइएको प्रश्नावलीलाई अन्तिम रुप दिइनु अघि पूर्व परीक्षण पनि गरिएको थियो। सही र तथ्य सूचना प्राप्त गर्न सकियोस् भनेर प्रश्नपत्रको तयारीमा संलग्न समूह आफैं नै प्रश्नावली भर्ने कार्यमा जुटेको थियो। यो अध्ययनको लागि प्रश्नपत्रको तयारी, तथ्यांक संकलन देखि अन्तिम प्रतिवेदन तयार गर्ने कार्य दशरथ बुढाथोकी, प्रेम पराजुली, राजनारायण नेपाली, विमलचन्द्र शर्मा र कृष्ण सुवेदीबाट भएको थियो। प्रश्नावलीको नमूना अनुसूचीमा राखिएको छ।

उत्तरदाताको छनोट

लामो दूरीमा चल्ने रात्री बसमा कार्यरत मजदूरहरु (ड्राइभर, कण्डक्टर, टिकट सेलर, खलासी तथा बस पार्कमा कार्यरत मिस्त्रीहरुलाई उत्तरदाताको रुपमा छनोट गरिएको थियो। अनधिकृत रुपमा कार्यरत दलालहरुलाई भने उत्तरदाताको रुपमा समावेश गरिएन। संकटकालीन अवस्थाको घोषणा हुनु भन्दा एक देखि दुई महिना अघिको र संकटकालीन अवस्थाको घोषणा भएको दुई महिना पछि मासिक आयमा आएको परिवर्तनका कारण उत्तरदाता तथा उसंग आश्रित परिवारमा परेको समस्या तथा त्यसबाट पर्न गएको असरका बारेमा सूचना संकलन गर्नका लागि माथि उल्लेखित लक्षित समूहको पहिचान गरी अन्तरर्वाता लिने कार्य गरियो। २०५८ माघ २१ देखि ३० सम्मको अवधिमा ७८ जना मजदूरहरुलाई प्रत्यक्ष भेटी अन्तरर्वाता लिइयो । यी बाहेक थप २७ जना लक्षित उत्तरदातालाई भेटघाट हुँदाहुँदै पनि वर्तमान अवस्थाका कारण अन्तरवार्तामा सहभागी हुन चाहेनन्। तसर्थ तथ्यांकको संख्यालाई ७८ जना उत्तरदाताहरुमा मात्र सीमित राखियो।

बसोबासको आधारमा उत्तरदाताको वर्गीकरण

अन्तरवार्ता लिएका उत्तरदाताहरु मध्ये ७८ जना सबै नै पुरुष छन् भने ७२ जना उत्तरदाताहरुको स्थायी ठेगाना काठमाडौं बाहिर भएको पाइयो। केवल ६ जना उत्तरदाताहरुको मात्र स्थायी बसोवास काठमाडौं भएको पाइयो। उत्तरदातालाई कामको प्रकृतिको आधारमा क्रमशः ड्राइभर, कण्डक्टर, खलासी, टिकट विक्रेता (बस पार्क बुकिङ काउन्टरमा टिकट बेच्ने) र अन्य भन्नाले बस पार्कमा कार्यरत मिस्त्रीहरु गरी पाँच समूहमा विभाजन गरिएको छ।

कूल उत्तरदाताहरु मध्ये ड्राइभरको संख्या सबै भन्दा बढी (३९.७ प्रतिशत) छ। सबै भन्दा कम उत्तरदाताहरु को संख्या टिकट विक्रेताको रहेको छ। कण्डक्टर तथा खलासीको क्रमशः २३.० र २४.४ प्रतिशत मा रहेको छ।

शैक्षिक अवस्था

कूल उत्तरदाताहरु मध्ये ७.७ प्रतिशत निरक्षर छन् भने ९२.३ प्रतिशत उत्तरदाताहरु साक्षर भएको पाइयो शैक्षिक अवस्थालाई मुख्य रुपमा साक्षर तथा निरक्षर गरी दुई भागमा विभाजन गरिएको छ। साक्षर (सामान्य रुपमा लेख पढ गर्न सक्ने), प्राथमिक तह (कक्षा एक देखि कक्षा पाँचसम्म), माध्यमिक तह (कक्षा छ देखि कक्षा दश), एस. एल. सी. पास गरेकोलाई एस. एल. सी. र सो भन्दा माथि गरी पाँच समूहमा विभाजन गरिएको छ। शैक्षिक स्तर विश्लेषण गर्दा ड्राइभर, कन्डक्टर तथा टिकट सेलरको अवस्था अन्यहरुको भन्दा माथि रहेको पाइयो। हेल्पर तथा खलासीहरुको अवस्था अरुहरुको भन्दा तल रहेको पाइयो। माध्यमिक तह अध्ययन गर्ने उत्तरदाताहरुको संख्या सबै भन्दा बढी (४४.९ प्रतिशत रहेको पाइयो।

मासिक आयको अवस्था (संकटकालीन अवस्था लागू हुनुभन्दा अघि)

संकटकालीन अवस्था लागू हुनु अघि उत्तरदाताहरुको मासिकआयकोअवस्थालाई ६ समूहमा वर्गीकरण गरिएको छ। सबै भन्दा कम मासिक आय हुने समूहको मासिक रु. २,००० देखि रु. ३,००० राखिएको छ भने सबै भन्दा बढी मासिक आयको समूहमा रु. १२,००० देखि रु. १५,००० मासिक कमाउने पर्दछन्। कामको आधारमा सबै भन्दा बढी आय ड्राइभरको रहेको छ। सबै भन्दा कम आय खलासीको रहेको छ रु. २,००० देखि रु.३,००० मासिक कमाउने समूहमा खलासी र अन्य (बस पार्कमा काम गर्ने मिस्त्री) रहेका छन्। कुल खलासी संख्याको ६१

प्रतिशत भन्दा बढीको मासिक आय रु ३,००० देखि रु. ५,००० रहेको पाइयो। संकटकालीन अवस्था लागू हुनु अघि रु. १०,००० भन्दा बढी कमाउने ड्राइभर र मिस्त्रीको संख्या अठार जना (२३.१ प्रतिशत) रहेको देखिन्छ। रु. २,००० देखि ३,००० कमाउनेको संख्या केवल ९ जना (खलासी ६ र मिस्त्री ३) मात्र रहेको देखिन्छ।

आयको अवस्था (संकटकालीन अवस्था लागूभए पछि)

संकटकालीन अवस्था लागू हुनुभन्दा अघि रु. १०,००० भन्दा बढी कमाउनेको संख्या २३ प्रतिशत भन्दा बढी थियो भने संकटकालीन अवस्था लागू भएको दुई महिनाको अवधिमा यो संख्या घटेर शून्यमा छ अर्थात रु. १०,००० भन्दा बढी कमाउने यातायात मजदूरहरु एक जना पनि छैनन्। संकटकालीन अवस्था लागू हुनु भन्दा अघि रु. २,००० देखि रु. ३,००० कमाउनेको संख्या कूल प्रतिशतको ११.५ मात्र थियो। संकटकालीन अवस्था लागू भएको २ महिना पछि यो संख्या बढेर ४६ प्रतिशत भन्दा बढी हुन पुगेको छ। संकटकालीन अवस्था लागू हुनु भन्दा अघि यो समूहमा केवल खलासी तथा मिस्त्रीहरु मात्र पर्दथे। संकटकालीन अवस्था लागू भए पछि अन्य यातायात मजदूरहरु ड्राइभर, कण्डक्टर तथा टिकट विक्रेता समेतको आय रु. २,००० देखि ३,००० हजारको बीचमा सीमित हुन पुगेको छ।

संकटकालीन अवस्था लागू हुनु अघि रु. २,००० देखि ३,००० कमाउने खलासीहरु कूल संख्याको ३३.३ प्रतिशत थिए भने संकटकाल लागू भएपछि यो संख्या बढेर ९४.४ प्रतिशत हुन पुगेको छ। संकटकालीन अवस्था लागू हुनु अघि रु. २,००० देखि ३,००० र रु. ३,००० देखि ५,००० हजार कमाउनेको समूहमा कुनै ड्राइभर तथा टिकट विक्रेता पर्दैनथे। संकटकालीन अवस्था लागू भए पछि रु. २,००० देखि ३,००० को समूहमा ९.७ प्रतिशत र रु. ३,००० देखि ५,००० हजार कमाउने को समूहमा २५.८ प्रतिशतले वृद्धी हुन पुगेको छ। त्यस्तै गरी टिकेट विक्रेताको समूहमा संकटकालीन अवस्था लागू भए पछि रु. २,००० देखि ३,००० को संख्या ५० प्रतिशत र रु. ३,००० देखि रु. ५,००० हजार कमाउने संख्या ५० प्रतिशत हुन पुगेको छ। समूहमा संकटकालीन अवस्था लागू हुनु अघि रु. ७,००० देखि १०,००० कमाउनेको संख्या (खलासी बाहेक अन्य मजदूरहरुको) जम्मा २०.५ प्रतिशत थियो भने हाल यो संख्या १०.३ प्रतिशतमा झरेको छ।

औसत आय

संकटकालीन अवस्था लागू हुनु अघि यातायात मजदुरहरुमा सबै भन्दा बढी औसत आय ड्राइभरको रु. ११,११३ रहेको पाइयो भने सबै भन्दा कम औसत आय खलासीको रु. ३,५७८ मात्र पाइयो।

संकटकालीन अवस्था लागू भएको दुई महिना पछि यातायात मजदुरहरुमा सबै भन्दा बढी औसत आय भएको ड्राइभरको मासिक आय घटेर रु. ५,८७१ मा अर्थात ४७.२ प्रतिशतले झर्न पुग्यो।

यातायात मजदूरहरुको औसत तलब बढी प्रतिशतमा गिरावट आएको देखिन्छ। टिकत विक्रेताको औसत तलबमा सबै भन्दा बढी ५८.१ प्रतिशतले गिरावट आएको छ। कण्डक्टर, खलासी तथा पिश्त्रीहरुको औसतमा क्रमशः ४०.०, ४६.७ र ५५.७ प्रतिशतले गिरावट आएको देखिन्छ। उत्तरदाताहरुले खाईपाई आएको तलबमा संकटकालीन अवस्था लागू भएको दुई महिना पछि ५० प्रतिशतले तलबमा गिरावट आएको देखियो।

आयमा भएको घटबढ

कूल उत्तरदाताहरु मध्यो ९३.६ प्रतिशत भन्दा बढीले संकटकालीन अवस्था लागू हुनु भन्दा एक महिना अघि र लागू भएको दुई महिना पछिको अवधीमा उनीहरुको आय घटेको बताए भने केवल ६.४ प्रतिशत उत्तरदाताहरुले आ)नो मासिक आयमा कुनै घटबढ नभएको बताए। आय नघट्ने उत्तरदाताहरुको मासिक तलब निश्चित भएको र यात्रुहरु कम वा प्रशस्त चढे वा नचढेमा या गाडीको ट्रिप घटे या बढेमा केही फरक नपर्ने भएकोले आफूले खाई पाई आएको तलबमा कुनै गिरावट नआएको बताए। यसबाट के प्रष्ट हुन्छ भने कुल उत्तरदाताहरु मध्ये ९३.६ प्रतिशत उत्तरदाताहरुको तलब तथा मासिक आयको प्रत्यक्ष सम्बन्ध यात्रुहरु संग तथा गाडीको ट्रिपसंग हुने गर्दछ। अन्तरवार्ताको क्रममा ड्राईभरको मासिक तलब मात्र (भत्ता बाहेक) रु. १५०० देखि रु. ३००० को विचमा भएको पाइयो। समग्रमा उत्तरदाताहरुको कूल मासिक आयको ७० प्रतिशत भन्दा बढी आय भत्ताबाट हुने गरेको पाइयो। तलब बाहेकको अन्य आय भन्नाले यातायात चलाएको दिनमा पाउने भत्ता, होटलमा यात्रुहरु लगेबापत पाउने भत्ता आदिलाई बुझाउँदछ। एक दिन गाडी चलाए बापत प्रति ड्राइभर रु. ५०० देखि रु. ७०० सम्म कण्डक्टरले रु. ३०० देखि ४०० सम्म र खलासीले रु. १०० सम्म भत्ता पाउंने गरेको बताए। संकटकालीन अवस्था लागू हुनु भन्दा अघि एक महिनामा १० देखि १४ पटक सम्म यातायात चलाउँदथे भने हाल यो संख्या ५ पटक भन्दा कममा झरेको छ।

आय घट्नुको कारण

आय घटेका कूल उत्तरदाताहरु (७३ जना) मध्ये ९५.९ प्रतिशत अर्थात ७० जनाले आय घट्नुको कारण संकटकालीन अवस्था लागू भएको कारण यात्रीहरुको संख्यामा एक्कासी आएको गिरावटले गर्दा हो भनी बताए। संकटकालीन अवस्था लागू भएकोले उब्जिएको त्रास, विभिन्न जिल्लामा लगाइएको घोषित तथा अघोषित क)र्यू तथा विभिन्न ठाउँमा सुरक्षाकर्मीद्वारा गरिने झन्झटपूर्ण सुरक्षा जाँच (सुरक्षा जाँच मात्र तर सुरक्षा हैन)) का कारण यात्रीहरुको संख्यामा अप्रत्याशित गिरावट् आएको बताए। केवल ४.१ प्रतिशतले मात्र धेरै गाडीहरु विना रोक टोक प्रवेश भएको तथा प्रतिस्पर्धामा तीब्र बृद्धि हुनाले त्यस्तो भएको बताए। यसरी बताउनेमा केही कण्डक्टर, खलासी तथा मिस्त्री छन्।

परिवारका अन्य व्यक्तिहरुको आय स्रोत

कूल उत्तरदाताहरु मध्ये ८९.८ प्रतिशतले आयको एक मात्र स्रोत आ)नो मजदुरी बताए भने बाँकी १०.२ प्रतशित उत्तरदाताहरुको आयको सहायक स्रोत अन्य पनि भएको बताए। तालिका ८ अनुसार उत्तरदाताका परिवारवाट हुने आय अत्यन्त न्यून रहेको पाइयो। परिवारका अन्य व्यक्तिहरुको आय स्रोत रु. ८०० (खलासीको) देखी रु. १०,००० सम्म (ड्राइभरको) देखिन्छ। परिवारका अन्य व्यक्तिहरुको आय स्रोतलाई रु. ८००, रु. ३०००, रु. ३५००, रु. ४०००, रु. ६००० र रु. १०,००० मा विभाजन गरिएको छ।

औसत परिवार संख्या

उत्तरदाताहरुको औसत परिवार संख्या ४.३ रहेको छ। सबै भन्दा ठूलो परिवारको आकार बुकिङ काउन्टरमा काम गर्ने तथा ड्राइभरहरुको पाइयो। अन्य मजदूरहरुको तुलनामा ड्राइभरहरुमा दोश्रो विवाह गर्ने प्रचलन बढी रहेका पाइयो। बस पार्कमा काम गर्ने मिस्त्री तथा खलासीहरुको परिवार संख्या कम हुनुको कारण अविवाहित भएकोले गर्दा हुनु पर्दछ।

परिवारमा परेको असर

परिवारमा परेको असरलाई मूलरुपमा तीन समूहमा विभाजन गरिएको छ। कूल उत्तरदाताहरु मध्ये ९३.६ प्रतिशतले संकटकालीन अवस्थाको घोषणा भएको कारणले परिवारमा प्रत्यक्ष असर परेको बताए। कूल संख्याको ८३.३, २८.२ तथा २३.१ प्रतिशत यातायात मजदूरहरुले क्रमश दैनिक जीवन यापन, शिक्षा, तथा स्वास्थ्यमा यसको प्रत्यक्ष असर परेको बताए।

दैनिक जीवनमा परेको असर

संकटकालीन अवस्था लागू भए पछि कूल ७३ जना उत्तरदाताले परिवारमा यसको असर परेको बताए। परिवारमा परेको असरलाई दैनिक जीवन यापनमा, स्वास्थ्यमा, शिक्षामा तथा माथिका सबै गरी चार समूहमा विभाजन गरिएको थियो। तालिका १२ अनुसार कूल उत्तरदाताहरु मध्ये ७१.२ प्रतिशतले तलब घट्नाले दैनिक जीवन यापनमा प्रत्यक्ष असर परेको बताए भने १९.२ प्रतिशतले दैनिक जीवन यापन, शिक्षा तथा स्वास्थ्यमा प्रत्यक्ष असर परेको बताए।

दैनिक जीवनमा परेको समस्या

दैनिक जीवन यापनलाई मूलतः तीन समूहमा विभाजन गरिएको छ। ती हुन् परिवार धान्न कठीन परेको, पारिवारिक कलह बढेको तथा कूल ६५ जना मध्ये ८१.५ प्रतिशत उत्तरदाताले परिवार धान्न कठीन भएको बताए भने १७ प्रतिशतले परिवारिक कलह बढेको बताए। १.५ प्रतिशतले घर परिवारका सदस्यहरुमा अविश्वासको वातावरण सृजना भई घर झगडामा वृद्धी भएको बताए।

स्वास्थ्यमा परेको असर

तालिका १४ अनुसार कूल उत्तरदाताहरु मध्ये १८ जनाले स्वास्थ्यमा पहिलो असर परेको बताए। उक्त उत्तरदाताहरु मध्ये ६१.१ प्रतिशतले मानसिक तनाव बढेको बताए भने ३३.३ प्रतिशतले औषधी उपचारमा कटौती गर्नु परेको बताए।

शिक्षामा परेको असर

शिक्षामा परेको असरलाई मूलतः तीन समूहमा शुल्क तिर्न कठिनाई परेको, बिद्यालय परिर्वतन (प्राइभेटबाट सरकारी विद्यालयमा) गरेको तथा अन्य (ट्यूशन छुटाएको) मा विभाजन गरिएको छ। तालिका १५ अनुसार कूल उत्तरदाताहरु (२२ जना) मध्ये लगभग ८१.८ प्रतिशतले विद्यालयमा शुल्क तिर्न कठिनाई परेको बताए। ९.१ प्रतिशतले आफ्ना छोरा-छोरीलाई प्राइभेट विद्यालयबाट सरकारी विद्यालयमा भर्ना गर्नु परेको बताए। त्यस्तै गरी ९.१ प्रतिशतले ट्यूसन छुटाउनु परेको बताए।

समस्याको समाधान

संकटकालीन अवस्था लागू भए पछि माथि उल्लेखित समस्याहरुको तत्कालीन समाधानको उपायलाई मुख्य रुपमा चार समूहमा विभाजन गरिएको छ। जस अनुसार ऋण लिएर, वैकल्पिक उपाय अपनाएर, पहिलेको बचत प्रयोग गरेर तथा अन्य (आफन्तहरुको सरसहयोग तथा खर्चमा कटौती आदी) छन्। उत्तरदाताहरु (७३ जना) मध्ये ५४.८ प्रतिशत (४० जनाले) ले उपरोक्त समस्या समाधान गर्न ऋण लिएको देखिन्छ। ३८.४ प्रतिशत उत्तरदाताले पहिलेको बचत खर्च गरेको बताए।

ऋण सम्बन्धी विवरण

संकटकालीन अवस्थाको घोषण भए पछिको २ महिनाको अवधिमा कूल उत्तरदाताहरु ७३ जना मध्ये ४० जना (५४.८ प्रतिशतले) माथि उल्लेखित समस्या समाधान गर्न ऋण लिनु परेको बताए। ऋण लिएको रकमलाई चार समूहमा विभाजन गरिएको छ। रु. १,००० देखि रु. २,००० सम्म, रु. २,००० देखि रु.४,००० सम्म, रु. ४,००० देखि रु. ७,००० सम्म र रु. ७,००० देखि रु. १०,००० सम्मको समूहमा। रु. १,००० देखि रु. २,००० सम्म ऋण लिनेको संख्या ३५ प्रतिशत देखिन्छ भने रु. २,००० देखि रु. ४,००० र रु. ४,००० देखि रु. ७,००० ऋण लिनेको संख्या क्रमशः ३०.० र २७.५ प्रतिशत देखिन्छ।

सारांश

- अध्ययनको क्षेत्र तथा उत्तरदाता काठमाण्डौ स्थित गोगंबु बस पार्क र रात्री बसमा कार्यरत मजदूरहरु हुन।
- ७८ जना उत्तरदाताहरु मध्ये ड्राइभर ३१ जना (३९.७ प्रतिशत) कण्डक्टर १९ जना (२४.४ प्रतिशत) खलासी १८ जना (२३.० प्रतिशत) टिकेट विक्रेता२ जना (२.६ प्रतिशत) तथा मिस्त्री ८ जना (१०.३ प्रतिशत) छन्।
- कूल उत्तरदाताहरु मध्ये ७२ जना ९२.३ प्रतिशत साक्षर छन् भने ६ जना (७.७) प्रतिशत निरक्षर छन्।
- उत्तरदाताहरु मध्ये संकटकालीन अवस्था लागू हुनु भन्दा अघि ड्राइभरहरुको औसत मासिक आय रु. ११,११३ थियो भने संकटकालीन अवस्था लागू भएको २ महिना पछि रु. ५,८७० मा मात्र सीमित हुन पुग्यो। त्यस्तैगरी कण्डक्टरको रु. ५,८९५ बाट रु. ३,५३७ मा, खलासीको रु. ३,५७८ बाट रु. १,९०६ मा, टिकट सेलरको रु. ७,७५० बाट रु. ३,२५० मा र मिस्त्रीको रु. ६,८६३ बाट रु. ३०३८ मा घटेको पाइयो। संकटकाल लागू हुनु भन्दा अघि उत्तरदाताहरुको कूल औसत आय रु.७,५८१ थियो भने संकटकालीन अवस्था लागू भएको २ महिना पछि रु. ४,०२९ मा मात्र सीमित हुन पुगेको पाइयो।
- उत्तरदाताहरुको औसत परिवार संख्या ४.३ रहेको पाइयो।
- संकटकाल लागू भएको २ महिनामा कूल उत्तरदाताहरु मध्ये ७३ जना (९३.६ प्रतिशत) ले आ)नो आय घटेको बताए भने केवल ५ जना (६.४ प्रतिशत) आयमा कुनै परिर्वतन नआएको बताए।
- आय घटेका कूल उत्तरदाताहरु (७३ जना) मध्ये ९५.९ प्रतिशत अर्थात ७० जनाले आय घट्नुको कारण संकटकालीन अवस्था लागू भएको कारण यात्रीहरुको संख्यामा एक्कासी आएको गिरावटले गर्दा हो भनी बताए। संकटकालीन अवस्था लागू भएकोले उब्जिएको त्रास, विभिन्न जिल्लामा लगाइएको घोषित तथा अघोषित क)र्यू तथा विभिन्न ठाउँमा सुरक्षाकर्मीद्वारा गरिने झन्झटपूर्ण सुरक्षा जाँच (सुरक्षा जाँच मात्र तर सूरक्षा हैन)) का कारण यात्रीहरुको संख्यामा अप्रत्याशित गिरावट् आएको बताए। केवल ४.१ प्रतिशतले मात्र धेरै गाडीहरु विना रोक टोक प्रवेश भएको तथा प्रतिस्पर्धामा तीब्र बृद्धि हुनाले त्यस्तो भएको बताए।
- खाईपाई आएको तलब घट्नाले त्यस्को प्रत्यक्ष असर कूल उत्तरदाताहरु मध्ये ७३ जना (९३.६ प्रतिशत) ले परिवारमा परेको बताए भने ५ जना (६.४ प्रतिशतले) कुनै असर नपरेको बताए। उक्त उत्तरदाताहरु ७३ जना मध्ये ५२ जना (७१.२ प्रतिशत) ले दैनिक जीवन यापनमा समस्या आएको बताए।
- खाईपाई आएको तलब घट्नाले कूल उत्तरदाताहरु मध्ये ६५ जना (८३.३ प्रतिशत) ले दैनिक जीवन यापनमा त्यस्को प्रत्यक्ष असर परेको बताए भने ५ जना (६.४ प्रतिशतले) कुनै असर नपरेको बताए। उक्त उत्तरदातहरु ६५ जना मध्ये ५३ जना (८१.५ प्रतिशत) ले परिवार धान्न गाहरो भएको बताए भने ११ जना (१७.० प्रतिशतले परिवारमा झैं-झगडाको अवस्था सृजना भएको बताए।
- खाईपाई आएको तलब घट्नाले कूल उत्तरदाताहरु मध्ये १८ जना (२३.१ प्रतिशत) ले स्वास्थयमा त्यसको प्रत्यक्ष असर परेको बताए। उक्त उत्तरदाताहरु १८ जना मध्ये ११ जना (६१.१ प्रतिशत) ले मानसिक तनावमा बृद्धी भएको बताए। ३३.३ प्रतिशतले उत्तरदाताले औषधी खर्चमा कटौती गर्नु परेको बताए। सन्तुलित खानपानमा कमी गर्ने उत्तरदाताको संख्या ५.६ प्रतिशत रहेको देखिन्छ।
- खाईपाई आएको तलब घट्नाले त्यसको प्रत्यक्ष असर कूल उत्तरदाताहरु मध्ये २२ जना (२८.२ प्रतिशत) ले शिक्षामा परेको बताए। उक्त उत्तरदाताहरु २२ जना मध्ये १८ जना (८१.८ प्रतिशत) ले विद्यालयको मासिक शुल्क तिर्न नसकी रहेको बताए भने ४ जना (१८.२ प्रतिशत) ले विद्यालयमा परिवर्तन तथा ट्यूसन बन्द गर्नुपरेको बताए।
- माथि उल्लेखीत समस्या समाधान गर्न कूल उत्तरदाताहरु ७३ जना मध्ये ४० जना (५४.८ प्रतिशत) ले ऋण लिनु परेको बताए। पुराने बचत (संकटकालीन अवस्था लागू हुनु भन्दा अघि कमाएको) रकम खर्च गर्नेको संख्या २८ जना (३८.४ प्रतिशत) पाइयो।
- उत्तरदाताहरुको औसत ऋण रु. ३,९१६.२५ छ भने सबै भन्दा कम ऋण रु. १,००० तथा सबै भन्दा बढी ऋण रु. १०,००० सम्म लिएको पाइयो। मजदूरहरुमा सबै भन्दा बढी औसत ऋण ड्राइभरको रु. ४,८७९ टिकट सेलरको रु. ५,०००, कण्डक्टरको रु. ४,६६७, मिस्त्रीको रु. ३,९१६ र खलासीले रु. २,१०९ लिएको देखिन्छ।

निष्कर्ष

प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएको १२ वर्ष भइसकेको छ। राष्ट्र निर्माणको लागि १२ वर्षको अवधि लामो नभएता पनि आम जनताको धैर्यको लागि निश्चय नै लामो हुन सक्दछ। बाह्र वर्षको अवधिमा राष्ट्रले अफूलाई मानवअधिकारको धेरै अन्तर्राष्ट्रिय दस्तावेजहरुको पक्षमा उभ्याउन सफलता प्राप्त गरेको छ। तिनीहरुलाई आत्मसात गर्ने वचनबद्धता गरेको छ। यसै शिलशिलामा मानवअधिकारको अन्तर्राष्ट्रिय अनुवन्ध आर्थिक, सामाजिक, तथा साँस्कृतिक अधिकारको पक्षमा राज्यले सहमती जनाएको लगभग १० वर्ष वितिसकेको छ। १० वर्षको अवधिमा आम नागरीकले उपरोक्त अधिकारको उपभोग के कसरी गरेका छन् यो त समयले नै बताउला। सरकारद्वारा लागू गरिने नीति नियमले आम जनसमुदायमा पारेको प्रभावको बारेमा यो अध्ययनलाई केद्रित गरिएको थियो।

देशमा संकटकालीन अवस्था लागू भएको दुई महिनामा नै ९३ प्रतिशत भन्दा बढी उत्तरदाताले आफूले कमाई आएको मासिक आयमा ५० प्रतिशतले गिरावट आएको बताए। यति ठूलो गिरावट आउनुको एउटै मात्र कारण संकटकालीन अवस्थाको घोषणा भएर हो। दुइ महिनाको अवधिमा नै कूल उत्तरदाताको ५४ प्रतिशत भन्दा बढीले घरायसी समस्या, दैनिक व्यवहार, शिक्षा तथा स्वास्थ्यका लागि बाध्य भई ऋण लिनु परेको बताए।

मानवअधिकारको उपभोग गर्न वन्चित गराइन्छ। उपभोग गरिरहेका अधिकारहरु खोसिन पुग्दछन्। २०५८ साल मंसीर ११ गते देशमा संकटकालीन अवस्थाको घोषणा गरियो। संकटकालीन अवस्थाको घोषणा संविधान एवम् कानून मान्ने, राजनीतिक दलहरु तथा नागरिक समाजका लागि गरिएको हैन भनिए पनि यसको प्रत्यक्ष असर आम नागरिकमा कसरी परिरहेको छ भन्ने कुरा यो प्रतिवेदनले प्रष्ट पारेको छ। यो प्रतिवेदन सिर्फ रात्री बसमा कार्यरत यातायात मजदूरहरुमा मात्रै केन्द्रित भए तापनि अन्य क्षेत्रमा कार्यरत अन्य नागरीक समाजमा पनि यत्तिकै असर पारेको हुन सक्छ भन्ने अनुमान सजिलै गर्न सकिन्छ।

मेकअपमा व्यस्त संकटकाल

- विवश वस्ती

मलाई "संकटकाल" सित भेटघाट गर्नु थियो । एउटा मौलिक उत्तेजनात्मक भेटघाट । त्यहीकारण एक विहान म उसको निवासस्थानतिर पदार्पण गरें । ढोकामा पुगेपछि घण्टी बजाएँ । शास्त्रीय संगीतको लयमा बज्यो, घण्टी । तर, मेरो उपस्थितिलाई मान्यता प्रदान गर्न ढोका नजिक कोही पनि आएनन् ।

किंकर्तव्यविमूढ उभिइरहें, म ।

फेरि बजाएँ घण्टी । किनभने, ढोकामा उभिएको पाँच मिनेटभन्दा बढी गइसकेको थियो । धेरै समयसम्म उभिन सक्ने धैर्यता र सामर्थ्य ममा थिएन। त्यहीकारण घण्टी बजाउन थालें लगातार ।

"कसलाई खोज्नुभएको हो, कुन्नि ।" एउटी तेह्र-चौध वर्षीया किशोरीले ढोका नजिकै आएर सोधिन् ।

"म प्रिय संकटकाललाई भेटन आएको हुँ ।" मैले आफू आउनुको कारण खुलस्त पार्दै बताएँ ।

"किन ?" उनले सोधिन् ।

"म उहाँसित केहीबेर वार्तालाप गर्न चाहन्छु ।" बढो नम्र र विनित स्वरमा मैले आफ्नो कुरा राखें । र, उक्त किशोरीको प्रत्युत्तरमा अल्झिएँ ।

"तर उहाँ त व्यस्त होइसिन्छ ।" किशोरीले बताइन् ।

"व्यस्त, के मा ??" तुरुन्तै सोधिहालें, मैले ।

"मेकअपमा व्यस्त हुनुहुन्छ उहाँ ।" कुनै विलम्ब नगरी बताइन्, उक्त किशोरीले। र, मेरा उत्सुक चेहराहरुमा एक फाँको मुस्कान छरिन् । ममित्र एक हुल मुग्धपन भित्रिए ।

"मेकअपमा ?" मैले सोधें, आश्चर्यमिश्रित प्रश्न ।

"अँ" उनले बताइन् ।

"कें संकटकालको अनुहारमा समस्याहरु आइपऱ्यो ? वा, सौन्दर्यताको कमी हुन पुग्यो ?" मैले किशोरीसामु आफ्नो जिज्ञासा बिसाएँ, जुन संकटकालको सौन्दर्य शास्त्रीय मूल्यमा आधारित थिए ।

"त्यसो भएर होइन" उनले बताइन् ।

"त्यसो नभए किन त ?" संकटकालको मेकअपप्रतिको रुचि र चासोबारे म बढीभन्दा बढी बुझ्न चाहन्थें । त्यहीकारण, उक्त किशोरीसामु मैले प्रश्नका वर्षाहरु लगातार बर्साइरहें ।

ढोकामै उभिएर गफ गरिरहनु सम्भव थिएन । हामी दुवै उभिनु पर्दाको व्यथा संगालेर टहाइसकेका थियौं । किशोरीको आग्रहमा म बैठक कोठाभित्र प्रवेश गरें । बैठक कोठा भव्य थियो। जहाँ, संकटकालको पोज-पोजका तस्वीरहरु भित्ताभरि सजाइएका थिए । मैले संकटकालको आकर्षक/अनाकर्षक तस्वीरहरु पालै-पालो हेरें, अत्यन्तै उत्साहप्रद ढंगले ।

"संकटकाल स्वयम्मा सुन्दर होइबक्सिन्छ ....." एकाग्र रुपले तस्वीरतिर पोखिइरहेको मेरो ध्यानलाई भंग तुल्याउदै उक्त किशोरीले कुराकानीको त्यान्द्रो फुस्काइन् ।

"सुन्दर हुनुहुन्छ भने किन मेकअपतिर ध्यान दिंदै हुनुहुन्छ त ?" मैले सोधें ।

"केही व्यक्तिहरुले उहाँको सौन्दर्यतामाथि प्रश्न चिन्ह उठाउन खोजेको हुँदा उहाँले मेकअपप्रति चासो पोखिबक्सनु भएको हो । नत्र भने, मेकअपपति उहाँ त्यति चासो राखिबक्सन् हुन्नथ्यो ।" किशोरीले बताइन् ।

"मेकअपका सामग्रीहरु ....." मेरो बोली पुरै खस्न पाएन ।

"अं, मेकअपका सामग्रीहरु प्रायः विदेशबाटै मगाइएका छन् । अस्ति मात्रै केही थान सामग्रीहरु अमेरिकाबाट आइपुग्यो । अमेरिकाबाट मगाइएका सामग्रीहरु धेरै मन पराइबक्सिनु भयो, उहाँले । अब केही दिनभित्रै केही थान नया सामग्रीहरु बेलायतबाट आउँदैछन् । त्यसपछि अरु देशहरुबाट पनि आउने सम्भावना छ ....." अनुहार चम्किलो पार्दै बताइन् उनले ।

"मेकअपका ती सामग्रीहरु प्रयोग गर्दा कस्तो देखिनु हुन्छ त, उहाँ ?" मैले सोधें ।

"आकर्षक, अति आकर्षक । उहाँको सौन्दर्यतामाथि औंलो ठड्याउन कसैले पनि सक्ने छैनन् । उहाँको सौन्दर्यलाई हराभरा तुल्याइ राख्न विदेशी मित्र राष्ट्रहरुले पनि यथेष्ट योगदान दिएका छन् ....." किशोरीले आफ्ना कुराहरु राखिरहेकै बेला धपक्कै बल्ला जस्तो चेहरासहित संकटकाल बैठक कोठामा छिर्नु भयो ।

केही बेरसम्म टोलाउँदै हेरिरहें मैले उहाँको ज्वाजल्यमय चेहरालाई । र, मनमनै प्रशंसा गरें - "वाह ! कति राम्रो संकटकाल । कति आकर्षक अनुहार !" त्यसपछि, म उहाँसित गफ गर्न थालें ।

का. जि. का. द. नं. २१/४९/५०

नेपाल मानवअधिकार वर्ष पुस्तक २००

यस वर्षको उल्लेख्य

संकटकाल : कारण, औचित्य र मानवअधिकारमा परेको असर